# अध्याय १

# परिचय

## १.१. अध्ययनको पृष्टभूमि

मानवले प्राप्त गर्ने नैसर्गिक अधिकार मध्ये सम्पति सम्बन्धी अधिकार पनि एक हो । मानिसहरु इज्जत पूर्वक बाँच्न र आफ्नो प्रतिभाको विकास गर्न सम्पतिको महत्वपूर्ण भुमिका हुन्छ । मानवीय जीवन जिउन वा जीवन सुरक्षाको लागि सम्पति अत्यावश्यक हो । व्यक्तिको शिक्षा , स्वास्थ्य , रहनसहन र लालनपालन जस्ता पक्षलाई सम्पतिले प्रत्यक्ष प्रभाव पार्दछ । वर्तमान पूँजिवादी समाजमा सम्पति विना मानवीय जीवन असम्भव भएकोले सम्पतिको सर्वाधिक महत्व रहेको छ । सम्पति माथिको स्वामित्वको अवस्थाले नै समाज वा परिवारमा व्यक्तिको हैसियत निर्धारण हुने गर्दछ । विश्व परिवेशमा हेर्ने हो भने सम्पति माथिको पहुँचको असमान स्थिति राष्ट्र , समाज र व्यक्ति वीच मात्र नभई एउटै परिवार भित्र पनि महिला र पुरुष बीच रहेको छ । विशेष गरी पितृसतात्मक समाजमा महिलाहरुको सम्पतिमा स्वामित्वको स्थिति पुरुषको तुलनामा अत्यन्तै न्यून रहेको छ ।

Shtrii Shakti & CEDA 1995 को अध्ययनले देखाए अनुसार नेपालमा पुरुषको तुलनामा महिलाको स्थिति र भुमिका अत्यन्तै न्युन रहेको पाइन्छ । सामाजिक , शैक्षिक , आर्थिक र नीति निर्माण जस्ता क्षेत्रमा पुरुषकै अधिपत्य रहेको छ । पुरुषको तुलनामा महिलाहरु समान हुन नसक्नुको प्रमुख कारणहरु मध्ये सम्पति माथिको स्वामित्वको अभाव पनि एक हो ।

नेपाली समाजमा सम्पतिको नियन्त्रण र चलखेल पुरुषहरुको नियन्त्रणमा नै रहेको छ । परिवार तथा समुदायका उत्पादनशिल कार्यमा पुरुषहरुको बढी पहुँच छ । घरभित्रका वा कम उत्पादन हुने कार्यमा महिला संलग्नता बढी रहेको छ । नेपाली महिलाहरु पुरुषको तुलनामा बढी समय काममा खट्छन् तर तिनीहरुको घरायसी कार्यको उचित मुल्याङ्कन नहुने हुँदा निर्णय प्रक्रियामा समेत उनीहरु पछाडि देखिन्छन् ।

घरायसी निर्णय प्रक्रियामा विशेष गरी आर्थिक श्रोतको नियन्त्रण र परिचालनमा महिलाहरुको न्यून हैसियत रहेको छ । जबकी , त्यस्ता कार्यमा महिलाको संम्लग्नता पुरुषको भन्दा निकै उच्च देखिन्छ (स्त्रि शक्ति, २००४) । पितृसतात्मक समाज नेपालका धेरै जसो घरपरिवारमा घरमुली पुरुष रहने हुदा महिलाले गर्ने घरायसी कार्यको निर्णय पनि घरमुलीको हैसियतले पुरुषहरुले नै गर्ने गर्दछन् । पुरुषको तुलनामा महिला बढि समय कार्यमा खटिने भएता पनि आर्थिक मामिलामा उनीहरुको पहुँच अत्यन्तै न्यून रहेको छ ।

कतिपय समाजमा महिलाहरु उत्पादन कार्यमा प्रत्यक्ष सम्लग्न भई उनिहरु स्वयम्ले आय आर्जन गर्न सक्ने भएका कारण कम्तिमा पनि कमाईको परिचालन गर्न सक्ने अवस्थामा ती देशका महिलाहरु छन् । तर नेपाली समाजमा जहाँ प्रशस्त लैङ्गिक विभेद , समाजमा महिला र पुरुष लाई फरक फरक भूमिका प्रदान गरिएका कारण प्रतिष्ठित एवं आय आर्जन हुने कार्यमा पुरुषको बाहुल्यता, कम प्रतिष्ठित बोझिला र कम आय आर्जन हुने र बढि समय लाग्ने कार्यमा महिलालाई खटिनु पर्ने बाध्यता छ । उत्पादन व्यवस्थामा महिलाहरुलाई दोश्रो दर्जाको रुपमा वा पुरुषको सहयोगीको रुपमा हेर्ने कारणले महिलाहरुको पहुँच उत्पादन संयन्त्रमा पुग्न सकेको छैन् । त्यसैले उनीहरुले आफ्नो कमाई गर्न सक्ने छैनन् , परिणाम स्वरुप सम्पतिको परिचालन पनि उनीहरुले गर्न सकेका छैनन् ।

नेपाली महिलालाई पुरुषको पूर्ण अधिनमा बाधेको छ । एउटा महिलाको स्वतन्त्र हैसियत र अस्तित्वलाई पुरुषसँग अलग गरेर हेर्न समेत कठिन छ । महिलाहरुको आत्म निर्णयको पक्ष निर्वल रहेको छ । नेपाली समाजमा कानुनी वा कागजी रुपमा समानताको वा अधिकारको व्यवस्था गरेता पनि वास्तवमा अझै त्यस्तो भएको छैन किनकि समाजमा अधिकार , कर्तव्य र उत्तरदायी भूमिकाको असमान वितरणले गर्दा पुरुषको र महिलाको अन्तरसम्बन्धलाई प्रभाव पारिरहेको र समाजमा स्त्रीको पुरुषप्रतिको पराधिनता कायमै रहेको छ । वर्तमान समयमा यस्ता प्रभुत्व र पराधिनतामा अवधारणाहरुमा केहि कमी आएको देखिन्छ ।

हाल नेपालको राजनैतिक , आर्थिक , प्रशासनिक तथा सामाजिक क्षेत्रमा महिलाको सहभागिता देखिन थालेको छ ( आचार्य, १९७९ ) । अन्तरिम संविधान २०६३ ले जमिनमा महिलाको स्वामित्व बढाउने उदेश्यले महिलाको नाममा घर जग्गा दर्ता गर्दा २५ प्रतिशत छूट दिने नीति ल्याए पछि महिलाहरुको जग्गा जमिनमाथि स्वामित्व बढेको देखिन्छ । २०५८

सालको जनगणनामा कुल परिवारको ९.११ प्रतिशत परिवारहरुमा महिलाको नाममा घर जग्गा रहेको थियो भने २०६८ सालको जनगणनामा स्वामित्व बढेर १९.७१ प्रतिशत रहेको छ । त्यस्तै महिला घर परिवार मुली २०५८ सालको जनगणनामा १४.८७ प्रतिशत रहेकोमा २०६८ सालको जनगणनामा ११ प्रतिशतले बृद्धि भई २५.७३ प्रतिशत पुगेको देखिन्छ (CBS, 2068) ।

नेपालको जनसंख्या (२,६४,९४,५०४) को आधा भन्दा बढि (५१.५० %) हिस्सा ओगटेका महिला अझै पनि धेरै जसो सम्पत्तिबाट बञ्चित छन । घरायसी निर्णय निर्माण तहमा महिला उपस्थिति अत्यन्त न्युन छ । धार्मिक एवं जातिगत विविधता रहेको नेपाली समाजमा हिन्दु परिवार र गैर हिन्दु परिवारमा महिलाको हैसियत र अधिकार एवं निर्णय गर्ने प्रक्रियामा उनिहरुको सहभागिता फरक रहेको पाईन्छ । हिन्दु समुदाय भित्र नीति निर्णय लिने प्रक्रिया करिब ६० % निर्णयहरु पूरुषले मात्रै गर्दछन भने ३५ % सल्लाहले गर्दछन तर बौद्ध धर्म अर्थात मंगोलियन समुदायमा ७० % निर्णयहरु महिला एक्लैले लिने गर्दछन । यसबाट के स्पष्ट हुन्छ भने जातिगत आधारमा सामाजिक हैसियत फरक रहेको पाईन्छ ( आचार्य, २०६०) ।

नेपाल विभिन्न जातजाति भाषा धर्म संस्कृतीको साझा फुलवारी हो । क्षेत्रफलको हिसावले सानो भएतापनि भाषा , धर्म , संस्कृति परम्पराले धनी मानिने देश नेपालमा विभिन्न जातजाती र तिनीहरुको आफ्नै मौलिक संस्कृति रहेका छन् । जनजाति महासंघले नेपालका ५९ जनजाति मध्ये दराई जातिलाई सिमान्तकृत समुहमा वर्गीकरण गरेको पाईन्छ । दराई जातिको मुख्य वासस्थान नारायणी अञ्चलको चितवन जिल्ला र गण्डकी अञ्चलको तनहुँ जिल्ला हो । दराई जातिको भाषा भएता पनि सम्पर्क भाषाको रुपमा नेपाली भाषालाई नै प्रयोग गर्ने गर्दछन् । हिन्दु धर्म संस्कृति परम्परा अगाल्ने मंगोलियन समुदाय सँग मिल्दो यस दराई जातिले धेरै जसो चाडपर्व र संस्कारहरु हिन्दु धर्म संस्कार अनुसार हुबहु मान्दछन् भने केहि आफ्नै तरिकाले मनाउदछन् कैनी, (२०६५) ।

यस दराई समुदायमा महिलाहरु घरधन्दा चुलो चौको बच्चाको हेरचाह पशुपंक्षि पालन जस्ता घरायसी कार्यमा बढी खट्ने रहन्छन् भने पुरुषहरु व्यवहारिक आय आर्जन हुने कार्यमा संलग्न रहन्छन् । यहाका महिलाहरु पुरुषको तुलनामा बढी समय कार्यमा खटिएको देखिन्छ तर घरायसी खर्चको लागि बाहिर गई आम्दानी गर्ने पुरुषमा नै निर्भर रहनु पर्ने

यस समुदाय भित्र परिवारमा महिलाको सम्पति माथि भोगचलनको स्थिति र घरायसी निर्णय प्रक्रियामा महिलाको भुमिका पत्ता लगाउने उद्धेश्यले यस शोधपत्र अगाडि बढाईएको छ ।

## १.२. समस्याको कथन

परम्परागत पितृसत्तात्मक हिन्दू दर्शनबाट प्रभावित नेपाली समाजमा अझै पनि लैङ्गिक भेदभाव र असमानताहरू पाइन्छन्  यो विशेष गरी सम्पतिको स्वामित्व र निर्णय प्रक्रियामा देख्न सकिन्छ । नेपाली जनसंख्याको करिव आधा हिस्सा रहेको महिलाहरुमा पुरुषको तुलनामा सम्पति माथिको स्वामित्व अत्यन्तै न्यून रहेको छ । अधिकांश महिला सहभागिता रहने कृषि प्रधान देश नेपालमा जमिन माथि महिलाको स्वामित्व निकै कम देखिन्छ । महिलाहरु घर भित्रै सीमित हुनुपर्ने , बालबच्चा हुर्काउने , चुलो चौका , बुढाबुढी स्याहार सुसार , गाई वस्तुको हेरचाह र मेलापात जस्ता कार्यमा अधिकांश नेपाली महिलाहरुको समय बिताउनु पर्ने अवस्थाले गर्दा  आर्थिक वृद्धि , योग्यता र शिप बढाउने कार्यमा उनिहरुको पहुँच अझै पुग्न सकेको छैन । “पोथि बासेको राम्रो हुदैन” भन्ने नेपाली समाजमा निर्णय प्रक्रियामा महिलाहरुको  आवश्यकतालाई महशुस नै गरिदैन । एकातिर निजी परिधीबाट माथि उठ्न नसक्नु र अर्कोतर्फ उनीहरुले गर्ने घरायसी कार्यको उचित मुल्याङ्कन नगरिनुले नेपाली महिलाहरुको स्थिति पुरुषको तुलनामा निकै तल देखिन्छ । नेपालको समाज तथा मानवशास्त्रीय अध्ययनको इतिहासलाई हेर्‍यो भने त्यति लामो देखिदैन । २००७ साल पछि स्वदेशी तथा विदेशी विद्धान्हरुले जनजातिहरुको बारेमा अध्ययन गरेको पाईन्छ । केहि समय यता नेपालमा जनजातिहरुको जनजिवन सम्बन्धि अध्ययन गर्ने क्रम शुरु भएको पाईन्छ तर दराई जातिको बारेमा भने कम अध्ययन भएको देखिन्छ ।

खास गरेर चितवन , नवलपरासी , तनहुँ लगायतका नेपालको भित्री मधेशमा बसोबास गर्दै आएका दराई समुदायका मानिसको पारिवारिक ढाँचा , वशं व्यवस्था, उत्तराधिकार, उतपादन शैली र उत्पादन कार्यमा महिला पुरुष संलग्नता, सामाजिक, आर्थिक तथा घरायसी निर्णय प्रक्रियामा महिलाले खेलेको भुमिकाको बारेमा उल्लेख्य अध्ययन भएको पाईदैन । त्यस मध्येमा पनि चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. १२ का दराई

जातिको महिलाको बारेमा कुनै अध्ययन भएको पाईदैन , त्यसैले सो स्थानको परिवारमा महिलाको सम्पति माथिको स्वामित्व र घरायसी निर्णय प्रक्रियामा दराई महिलाको भूमिकाको वास्तविक स्थिति खोज्ने हेतुले यस अनुसन्धानमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) दराई परिवारमा महिलाहरूको सम्पतिमा स्वामित्वको अवस्था कस्तो छ ?

ख) दराई परिवारमा महिलाहरुको घरायसी निर्णय प्रक्रियामा के - कस्तो भूमिका रहेको छ ?

## १.३ अनुसन्धानको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य दराई परिवारका महिलाहरूको अवस्था पत्ता लगाउने हो भने यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

क) दराई परिवारमा सम्पति माथि महिलाहरुको स्वामित्वको स्थीति पत्ता लगाउने ।

ख) घरायशी निर्णय प्रक्रियामा दराई महिलाहरूको भूमिकाको विश्लेषण गर्ने ।

## १.४ अनुसन्धानको महत्व

प्रस्तुत अध्ययनले नेपाली समाजभित्र बसोवास गर्ने दराई महिलाहरूको वास्तविक स्थिति बारे प्रकाश गर्नु नै यस अध्ययनको महत्व रहेको छ । साथै दराई महिलाको वर्तमान स्थितिमा बाधक पक्षहरुको उजागर गर्नेछ ।

दराई महिलाहरूको बारेमा गरिएको यो अध्ययनले नेपाली समाजमा महिलाहरूको स्थिति र भुमिकाको बारेमा पनि पर्याप्त सूचनाहरू प्रदान गर्दछ । साथै दराई महिलाहरूको घरायसी निर्णय प्रक्रियामा सहभागिता र सम्पतिमा स्वामित्वको बारेमा अध्ययन अनुसन्धान तथा जानकारी प्राप्त गर्न खोज्ने व्यक्ति वा संघ संस्थाका लागि यो अध्ययन सूचनाको महत्वपूर्ण स्रोत बन्नेछ । महिलाले पनि परिवारमा पुरुष सरह अधिकार रहेको हरेक कार्य गर्दा पुरुषको जति निर्णय गर्ने अधिकार हुन्छ त्यति नै महिलाले पनि अधिकार पाउनु पर्ने तथा परिवारमा उचित स्थान हुनुपर्ने कुराको ज्ञान दिन यो अध्ययन सफल हुनेछ । यसले

लैङ्गिक अध्ययन र महिला अध्ययनको बारेमा अध्ययन अनुसन्धान गर्नेहरूलाई प्रशस्त सहयोग गर्नेछ । यसका साथै यस किसिमको अध्ययनले स्वयम महिलाहरूलाई आफ्नो अवस्था बुझ्न र आफ्नो भूमिकालाई उचित बनाउन महत्व पुऱ्याउँछ । साथै समावेशीको निति , योजना निर्माण गर्नमा पनि मद्धत गर्दछ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन स्नाकोत्तर तहको द्धितीय बर्षको आठौं पत्र पुरा गर्नको लागि गरिएको हुनाले भरतपुर नगरपालिका वडा नं १२ दराईटोलमा बसोवास गर्ने दराई महिलाहरूको सम्पति माथिको स्वामित्व र घरायसी निर्णय प्रक्रियामा उनीहरूको भूमिकाको स्थिति पत्ता लगाउने उद्धेश्यमा मात्र सिमीत रहेको छ । यो अध्ययन एउटा सानो क्षेत्रमा मात्र सीमित भएको हुनाले यसले सम्पूर्ण दराई महिलाको वास्तविक यथार्थ नदिन सक्छ । अनुसन्धान विषयसँग सम्बन्धित विभिन्न स्रोतहरूको अभावले गर्दा अध्ययनमा पूर्णता नहुन सक्छ । लामो समयसम्म अध्ययन क्षेत्रमा बसेर अध्ययन अवलोकन गर्न समय अभावको कारण छोटो समयमा अध्ययन पूरा गर्नुपर्ने हुँदा प्राप्त सम्पूर्ण सूचना सही र यथार्थ हुन्छ भन्न सकिँदैन । सानो क्षेत्रमा गरिने अध्ययन भएकाले यहाँबाट प्राप्त परिणाम तथा निष्कर्षहरु सबै ठाउँमा सामान्यीकरण नहुन पनि सक्छन् यद्यपि यसबाट प्राप्त सुचनाहरुले यससँग सम्बन्धित सबै पक्षलाई सहयोग गर्नेछ ।

## १.६ अध्ययनको संगठन


सम्पूर्ण शोध पत्रलाई आठ अध्यायमा विभाजन गरिएको छ । यस क्रममा पहिलो खण्डमा सामान्य परिचयलाई समेटिएको छ । यस भित्र पृष्ठभूमि, शोधपत्रमा समेटिएका समस्याहरु, अध्ययनको उद्देश्यहरु, अध्ययनको महत्व , अध्ययनको सीमा र अध्ययनको संगठन सामेल गरिएको छ ।

त्यस्तै गरी दोस्रो अध्ययमा परिचयका साथै सैद्धान्तिक पुनरावलोकनलाई समेटिएको छ । त्यसभित्र, लैंङ्गिक दृष्टिकोण, महिलावादी सिद्धान्तहरु, र लैङ्गीक समानताका उत्पादन


प्रणाली आधार संरचनाका लागी राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्दर्भ , त्यस्तै पूर्व साहित्यको पुनरावलोकन र अध्ययनको अवधारणात्मक खाका शीर्षक समेटिएको छ ।

तेस्रो अध्ययमा अनुसन्धान पद्धतिलाई समेटिएको छ । यसभित्र अध्ययन क्षेत्रको परिचय, अनुसन्धान ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति, समग्र नमूना छनौट, तथ्याङ्क संकलन विधि र तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण उल्लेख गरिएको छ । चौथो अध्यायमा व्यक्तिगत अध्ययनलाई समेटिएको छ । जसमा उत्तरदाताले दिएका विवरणहरुलाई राखिएको छ । पाँचौ अध्यायमा व्यक्तिगत अध्ययनको आधारमा विश्लेषण गर्ने जमर्को गरिएको छ । यसमा महिलाले सम्पति माथिको स्वामित्व बारेमा उल्लेख गरिएको छ । छैटौ अध्यायमा महिलाको निर्णय भूमिकाको बारेमा प्रस्तुति राखिएको छ । सातौ अध्यायमा अनुसन्धानको सारांश निष्कर्ष र सुझावलाई राखिएको छ । आठौ अध्यायमा परिशिष्ट अध्यायको व्यवस्था गरिएको छ । यस अध्यायमा ग्रन्थहरुको सुचि, अध्ययनको नमूना प्रश्नावली, अध्ययनको अन्त्यमा तथ्याङ्क संकलन गर्दा आवश्यक पर्ने परिशिष्टहरुलाई पनि समावेश गरिएको छ ।

## १.७ सैद्धान्तिक अवधारणा



## १.८ विश्लेषणात्मक अवधारणा




# अध्याय दुई

# सान्दर्भिक साहित्यको सिंहावलोकन


## २.१ सैद्वान्तिक पक्षको सिंहावलोकन

### २.१.१ उत्पादन प्रणाली, अधाार संरचना र उपरी संरचना

माक्सवादी मान्यता अनुसार मानिसद्वारा नै समाजको निर्माण उत्पादन गरेर मानिसले समाजलाई निरन्तरता प्रदान गर्दछ । यसै गरी समाजको विकास र परिवर्तन उत्पादन प्रणालीको स्वरुपको आधारमा हुने गर्दछ । मार्क्सवादी दृष्टिकोणको मुख्य आधारशिलाको रुपमा रहेको विषयवस्तु नै आधार संरचना, उत्पादनका शक्तिहरु अथवा उत्पादनका साधनहरु र उत्पादनका सम्बन्धहरु मिलेर बनेको हुन्छ । जसलाई समग्रमा उत्पादन प्रणाली भन्ने गरिन्छ । उत्पादनका शक्ति भन्नाले उत्पादन गर्न प्रयोग गरिने वस्तुहरु हुन् जसमा उत्पादनका साधानहरु र श्रमशक्ति (मानसिक र शारिरिक क्षमताहरु) पर्दछन् । उत्पादनका साधन भन्नाले प्राकृतिक स्रोत, कच्चा पदार्थहरु र उत्पादनका औजारहरु (हलो, ट्रयाक्टर कुटो, कोदालो र विभिन्न मेसिनहरु ) आदि पर्दछन् । उत्पादनका सम्बन्ध भन्नले मानिस र उत्पादनशिल शक्तिहरु विचमा नियन्त्रण गर्ने शक्ति सम्बन्ध हो । यि विभिन्न समाजहरुमा फरक फरक रुपमा रहेको हुन्छ । प्रकृतिमा रहेका वस्तुहरुलाई प्रत्यक्ष वा सिधै उपभोग गर्न सकिदैन । त्यसैले मानिसहरुले आफ्ना आधारभूत आवश्यकता परिपूर्तिका लागि विभिन्न प्रविधिहरुको प्रयोगवाट तिनीहरुलाई उपभोग गर्दछन् । मानवीय श्रमको कारणले प्रकृतिक वस्तुहरुको स्वरुपमा नै परिर्वतन आउने गदर्छ । त्यसकारण मानिसहरु वाँच्नका लागि वस्तुहरुको उत्पादन गर्ने प्रक्रियालाई उत्पादन प्रणाली भनिन्छ । अधार संरचना उत्पादन प्रणालीको आधर हो वा उत्पादनका शक्तिहरु र उत्पादनका सम्वन्धहरुको आर्थिक संरचना हो । यो उत्पादनमा संलग्न सम्पूर्ण तत्वहरुवाट निर्मीत हुन्छ । साथै यो सामजको आधार शिला हो । यसलाई यसरी प्रस्तुत गर्न सकिन्छ ( Bilton, 1996) |




उपरी संरचना भन्नाले समाजका सम्पूर्ण अङ्गहरु र परिवार समुदाय, राज्य, शिक्षा, विचार, चहाना, आदर्श, धारणा, दर्शन, कानुन, नितीशास्त्र, धर्म, आदि पर्दछन् जुन उत्पादन प्रक्रियामा प्रत्यक्ष संलग्न भएका हुदैनन् । जसले समाजमा उत्पादनका साधान माथि जुन वर्गको स्वमित्व छ सोही वर्गको रक्षा गर्नका लागि उपरी संरचनाको निर्माण हुन्छ । यसलाई यसरी देखाउन सकिन्छ ।




मार्क्सवादी दृष्टिकोणको मान्यता अनुसार उपरी संरचनालाई आधार संरचनाले निर्धारण गरेको हुन्छ । समाजमा जस्तो उत्पादन प्रणालीको स्वरुप छ त्यस्तै उपरी संरचनाको सृष्टि हुन्छ । यस सम्बन्धमा मार्क्सले खास उत्पादन प्रणालीका अधारमा सिङ्गो मानव इतिहास र परिवर्तनलाई निम्न अनुसार विभाजन गरेका छन्: ( Bilton, 1996) ।

क) आदिम उत्पादन प्रणाली

ख) दास उत्पादन प्रणाली

ग) सामन्तवादी उत्पादन प्रणाली


घ) पुँजिवादी उत्पादन प्रणाली

ङ) समाजवादी उत्पादन प्रणाली

विभिन्न युगमा उत्पादन प्रणालीको आधारमा उत्पादन र समाजको निर्धारण भएको छ । तीन महत्त्वपूर्ण युग कालहरु जस्तै प्राचीन रोम र युनानका परम्परागत समाजहरु

मध्ययुगमा सामन्ती समाजहरु र पूँजीवादी युग यी सबै युगका समाजहरु उत्पादन प्रणालीबाट निर्देशित र निर्धारित थिए । विभिन्न युगमा शोषक र शोषित विच द्वन्द्व भएकोले समाज परिवर्तन हुँदै आएको छ ।

शिकारी युगमा कुनैपनि समूहको आधिपत्य नहुनु, पुशुपालक सामजमा पुरुष वर्गको अधिपत्य हुनु, कृषि समाजमा भूमिपतिहरुको प्रभुत्व रहनु र पुँजिवादी समाजमा  पुँजि पतिहरुको आधिपत्य रहनुले उत्पादनको साधन जसको हातमा रहन्छ उसैले समाजमा आधिपत्य जमाउँछ, राज्यको सच्चा शासक उहीवर्ग हुन जान्छ र उही वर्गको शोषण, अधिपत्य र शासन रहने वर्गीय समाजको विकास हुन्छ । सामाजिक जिवनका सम्पूर्ण वस्तुहरुको आधार उत्पादन प्रणालीको स्वरुपमा अडिएको हुन्छ । समाजमा रहेको उत्पादन प्रणाली नै अधार संरचनाको रुपमा विचार चाहाना, आदर्श धारणा, दर्शन आदिको प्रकृतिको निर्धारण गर्दछ । साथै उत्पादन प्रणालीमा आएको परिवर्तनले नै उपरी संरचनाको स्वरुपमा निश्चित प्रकारको फेरवदल ल्याउँछ । जसलाई यसरी प्रस्तुत गर्न सकिन्छ :




प्रस्तुत यस चित्रमा आधार संरचनाले समाजको आर्थिक आधारको चित्रण गर्दछ । आधार संरचना भनेको आर्थिक शक्ति वा उत्पादन प्रणाली हो जसबाट उत्पादनको सम्बन्धको सृजना हुन्छ । खास खालको उत्पादन व्यवस्थाले नै निश्चित उपरी संरचनाको निर्माण हुन्छ  ( Bilton, 1996)।

### २.१.२ पितृसत्ता

पितृसत्ता एक सामाजिक आस्था हो । जसले पुरुष प्रधानतालाई मान्यता दिन्छ । पितृसत्ताले संरचनात्मक रुपमा नै परिवारका महिलाहरु,अन्य पुरुषहरु, केटाकेटी, वृद्धवृद्धा, असक्त र घरेलु कामदारलाई घरको मुख्य पुरुषको नियन्त्रणमा राख्दछ । पितृसत्तामा घरपरिवार,समाज र राष्ट्रको मुख्य रुपमा पुरुषहरु रहेका हुन्छन् । भारतीय महिला अधिकारवादी कमला भासिनका अनुसार "पितृसत्तात्मक व्यावस्थामा महिलाहरुको श्रमशक्तीको उत्पादन, महिलाहरुको प्रजनन शक्ति, महिलाहरुको यौनिकता, गतिशिलता र सम्पत्ती व्यावसाय तथा अन्य आर्थिक स्रोत साधनमा पुरुषको नियन्त्रण हुन्छ ।"

पितृसत्तात्मक व्यावस्थामा पुरुषहरुको स्थान उच्च हुन्छ । पुरुषका हातमा सामाजिक,आर्थिक धार्मिक शक्ति हुन्छ तर महिलाहरु शक्ति र अधिकारवाट वञ्चित हुन्छन् । फलस्वरुप नारीहरु पुरुषको इच्छा र चाहना अनुसार दविएका हुन्छन् अनि शोषिएका हुन्छन् । महिला दमन र शोषण विश्वव्यापी रुपमा रहेको देखिन्छ । नेपालको सन्दर्भमा महिलाहरु पुरुष सरह सामाजिक,साँस्कृतिक अधिकारवाट वञ्चित रहेका छन् (भासिन, १९९३) ।

निर्ष्कषमा के भन्न सकिन्छ भने पितृसत्ताका कारण समाजमा पुरुषहरुबाट महिलाहरु संस्थागत रुपमा शोषित र दमित छन् । तर पछिल्ला समयमा विकास भएका नारीवादी आन्दोलन , मानव अधिकारवादी आन्दोलन र समाजिक जागरण आदि जस्ता कारणबाट पितृसत्ता भित्रै अत्यन्त न्युन मात्रामा भएपनि महिलाको अधिकार स्वतन्त्र र न्यायमा अभिवृद्धि भएको पाईन्छ ( आर्चाय , २००६ ) ।

## २.२ महिलावादी सिद्धान्तहरु

महिलावादी सिद्धान्त भन्नाले महिलाको सामाजिक परिवेश, हक, अधिकार, वास्तविक स्थिति आदिका वारेमा विभिन्न विद्धानहरु तथा विचारकहरुको मत हो ।यस सम्वन्धमा विभिन्न मत तथा विचारहरु मध्ये प्रमुख निम्नानुसार रहेका छन् ।

### क उदारवादी महिलावाद

यस वादको शुरुवात १६ औं र १७ औं शताव्दीदेखि भएको हो भने १९ औं शताव्दीको अन्त्यतिर निकै व्यापक रुपमा देखा परेको थियो । यो महिला र पुरुष विचमा समानता हुनुपर्छ भन्ने सिद्धान्त हो । यसले महिला र पुरुषका हरेक पक्षमा समानता हुनुपर्छ र समान अवसर,समान अधिकार,समान ज्यालामा जोड दिन्छ । पारिवारीक दायित्व, घरायसी क्रियाकलाप,श्रम वजारका हरेक पक्षमा समानताको खोजी गर्दछ । महिलाको आत्माविश्वास वढाउने,क्षमताको विकास गर्न र निर्णय गर्ने स्थितिमा पुरयाउन सहयोग पुरयाउने कार्यक्रमलाई प्राथमिकता दिन्छ ।साथै यसले विद्यमान पितृसत्तात्मक र सामाजिक संरचना भित्र समानता सम्भव रहेको छ । उदारवादले महिलाहरुको आफ्नै कार्य,रुची,रोजाई,आकाँक्षाको रोजाईलाई पुरुष सरह आफ्नो क्षमता देखाउन सक्छन् ।यस्तो समानतालाई आफै निरन्तरता दिन सक्छन् भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमवाट महिला पुरुषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला पुरुष वीच हुने व्याक्तिगत स्वतन्त्र सम्वन्ध र अन्तरक्रियालाई समाजमा नारी पुरुष वीच लैंङ्गिक समानता ल्याउने शुरु र आधार विन्दु हो भन्ने मान्यताको आधारमा विश्लेषण गर्दछ । सवै महिलाहरुमा समाजमा लैङ्गिक समानता प्राप्त गर्ने सामार्थ्य हुन्छ ।त्यसैले समाजको आधारभुत संरचना परिवर्तन नगरी समानता प्राप्त गर्न सम्भव छ भन्ने दावी गर्दछ (Abort, 1997) ।

### ख) मार्क्सवादी महिलावाद

यो सिद्धान्त मार्क्सवादी सिद्धान्तसंग सम्वन्धित छ । सन १९८४ मा एङ्गेल्सको परिवार सम्पत्ती र राज्यको उत्पत्ती नामक पुस्तकले यस वादको विकासमा महत्वपूर्ण भूमिका खेलेको थियो । यस वादले समाजमा परस्पर दुई विरोधी वर्गका वीचको सम्वन्धलाई जोड दिन्छ ।जसमा महिला सम्वन्धी प्रश्नहरु पनि समावेश भएका हुन्छन् । यसवादका अनुसार महिला दमन भनेको वर्गीय दमन हो । महिलाहरु समाजमा दमित भएर रहेका छन् । महिला मुक्ति एवं स्वतन्त्रताको संघर्ष पुरुषको विरुद्धमा नभई पूँजीवादी सामाजिक व्यावस्था विरुद्धको संघर्ष हो ।समाजमा जवसम्म नीजि सम्पत्ति रहन्छ तवसम्म महिला र पुरुष वीच असमानता रहने हुँदा नीजि सम्पत्तीको अन्त्य गरी उत्पादन प्रणलीमा सामूहिक स्वामित्व कायम गर्न सकेमा मात्र महिला पुरुष वीचको असमानता अन्त्य हुन्छ । पुरुषद्धारा

महिला माथि गरिने दमन पूँजीवादी प्रणाली र पितृसत्तात्मक व्यावस्थाको पारस्पारिक सम्वन्धको परिणाम हो । त्यसैले पितृसत्ता एवं पूँजीवादी व्यावस्थाका विरुद्धमा सामुहिक संघर्षको खाँचो छ ।घरायसी कार्यलाई महत्व नदिनु,महिलालाई परिवारमा मात्र सिमित राख्नु,सार्वजनिक कार्यलाई जोडदिनु,पुरुष केन्द्रीत मूल्य मान्यता प्रविधिलाई स्थान दिनु,महिलाहरुले राम्रो ज्याला,रोजगार नपाउनु,पेशा नहुनु पितृसत्ता र पूँजीवाद विच सम्वन्ध रहेको धारणा मार्क्सवादी महिलावादको रहेको छ (Abort, 1997) ।

## ग) आमुल महिलावाद

सन १९६० को दशक पछि देखापरेको नारीवादी दोस्रो धार र पश्चिम जगतमा देखा परेको नव महिलामुक्ती आन्दोलनसंगै आमुल महिलावादको उदय भएको हो ।यस वादले महिला र पुरुष एक अर्काका जैविक र मनोवैज्ञानिक विशेषताहरुले गर्दा फरक रहेका छन् । समाजमा महिला र पुरुषको विचमा द्धन्द रहेको छ । यस्तो द्धन्दको मुख्य कारण पुरुष र उसमा निहित शक्ति हो । पुरुषको महिला दमनलाई आफ्नो जिम्मेवारी ठान्ने गर्दछ । परिवारलाई दमनको केन्द्र विन्दु मान्दछ । महिलाले पुरुषलाई वहिष्कार गरी महिलासंग मात्र सम्वन्ध सृजना गर्नुपर्दछ र महिला केन्द्रित सामाजिक, साँस्कृतिक विश्वको निर्माण गर्नुपर्दछ । यसले महिलाका लागि मत सम्वन्धी अधिकार,कानुनी सुधार आदि विषयसंग भन्दा वढी पितृसत्तात्मक समाजलाई भत्काउनु पर्ने कुरालाई जोडदिन्छ । व्याक्तिको जीवन माथि अन्य कोही व्याक्तिको प्रभाव र दमन हुनुहुँदैन । आफ्नो शरीरको नियन्त्रण गर्ने अधिकार स्वयंममा हुनुपर्दछ । यसले पितृसत्तालाई शक्तिको स्रोत मानेको छ । परिवार पितृसत्ताको महत्वपूर्ण इकाई हो जसले पुरुषलाई महिला माथि यौनिक,आर्थिक र मनोवैज्ञानिक दमन गर्न सहयोग गर्दछ साथै महिला माथि हुने हिँसा,वलात्कारमा पितृसत्ताको हात रहेको छ (Ritzer, 1992) ।

## घ) समाजवादी महिलावाद

समाजवादी महिलावाद उदारवादी महिलावाद र मार्क्सवादी महिलावादको समिश्रण हो । एलिसन जागरका अनुसार कार्लमार्क्स र एङ्गेल्सको ऐतिहासिक महिलावाद,आमुल महिलावादको लैङ्गिक दमन,पर्सनल इज पोलटिकल, आदि अवधारणावाट समाजवादी महिलावादको उदय भएको हो ।यो समाजशास्त्र,अर्थशास्त्र,राजनीतिशास्त्र,मनोविज्ञान लगायत

विभिन्न विषयवाट प्रभावित महिलावाद हो ।यसले महिला अधिनताका महत्वपूर्ण तत्वहरुसंगै लैङ्गिक वर्गको पहिचान गर्नुपर्ने कुरालाई जोड दिन्छ ।लैङ्गिक सम्वन्धलाई शक्ति सम्वन्धका आधारमा वुझ्नु पर्दछ साथै वर्ग जाती संस्कृति लगायत अन्य शक्तिका आधारमा विश्लेषण गरिनुपर्दछ । रोजगारीका क्षेत्रमा महिलाहरुलाई विभिन्न रोजगारीका अवसरवाट वञ्चित गर्नुका साथै न्यूनतम ज्याला दिइएको हुन्छ ।यो समाजमा मुक्ति र दमनको अन्त्यका लागी संघर्ष गर्नुपर्दछ ।महिला र पुरुषको समन्वयमा मात्र नयाँ समाजको सृजना सम्भव छ । सवै वर्गका महिला वीच सहकार्य गर्न सकेमा मात्र त्यस्ता असमानताको निराकरण गर्न सकिन्छ । पितृसत्ताको अस्तित्व निजी सम्पत्तीको उदय हुनुभन्दा पहिलेदेखि नै रहँदै आएको हो । निजी सम्पत्तीको अन्त्यसंगै पितृसत्ताको अन्त्य हुन्छ भन्ने धारणालाई समाजवादी महिलावादले विश्वास गर्दैन ।यो आर्थिक प्रणालीको पनि एउटा एकाई हो । पितृसत्ता हरेक संस्थामा यौनमा आधारित श्रम विभाजन हुन र महिलाको अवस्था निम्न तहमा रहनु स्वभाविकै हो (Abort, 1997) ।

## २.३ विश्व व्यवस्था सिद्धान्त

समाज र संस्कृतिको अध्यायन तथा आर्थिक सम्वन्धहरुको अध्यायन गर्नका लागी अन्तराष्ट्रिय वा अन्तरदेशीय सम्वन्धहरुको अध्यायन गरी त्यही वृहत ढाँचामा केन्द्रित भइ विभिन्न देश र समाजको आर्थिक सम्वन्धको विवेचना गर्ने मोडेल वा सैद्धान्तिक ढाँचालाई विश्व व्यावस्था सिद्धान्त भनिन्छ । विश्वमा रहेका धनि विकसित देश र गरीव अविकसित देशका विच आर्थिक सम्वन्ध र त्यसको परिणाम समाजमा देखिन्छ सोही तथ्यलाई वुझ्नका लागी विश्वव्यावस्थालाई प्रणाली र स्वरुप मानी यस भित्र रहेका देशहरुको सम्वन्ध अध्यायन मोडेल नै विश्वव्यावस्था दृष्टिकोण हो ।

सन १९७० को दशकसंगै समाजशास्त्रमा यो सिद्धान्तको विकास भएको हो । जसमा वालेरस्टाइन,अमिर समिन,वारान,ए.जी.फ्रैंकले विश्व व्यावस्थाका वारेमा चर्चा गरेका छन् ।विकासमा आधुनिकीकरण र विकास वृद्धिको सिद्धान्त अनुरुप अगाडि वढेको विश्व व्यावस्थामा आर्थिक विभेद व्यापक वनीसकेको छ । असमानता,गरीवि,अभाव,पछौटेपन जस्ता अवस्थाका कारण असमान आर्थिक सम्वन्ध वाहेक केही होइनन् ।कुनै देशका जातजाती स्वयं

आफ्नै कारणले गरीव र अविकसित भएका होईनन् । वर्तमान अवस्थालाई विगतको सन्दर्भसंग समेत तुलना गरी अध्यायन गर्नु पर्दछ ।

समाजको प्रत्येक तहमा असमान आर्थिक सम्वन्ध रहेका कारण नै ती स्थान,देश तथा समाज वीच असमानता र परनिर्भरता वढ्दै गएको छ । वालेरस्टाइनका अनुसार "प्रत्येक सामाजिक घटनालाई विश्व व्यावस्थाको सन्दर्भमा वुझ्नुपर्दछ ।प्रत्येक सामाजिक घटनाहरु ती आफैमा केही होईनन्" (Abort, 1997) ।

## २.४ व्यवहारिक अनुसन्धानको सिंहावलोकन

### २.४.१ मानव सभ्यता र नारी

मानव सभ्यतालाई यस रुपमा विकसित गर्न नारीको भूमिका पुरुष सरहकै महत्वपूर्ण भएको कुरा निर्विवाद छ । जुन समाजमा नारी र पुरुषको समान अधिकारको प्रत्याभूति गरिएको हुन्छ, त्यस समाजलाई अवश्य पनि प्रगतिशील समाज भन्न सकिन्छ, यसैको परिणाम स्वरुप आज हाम्रो पम्परागत समाजभन्दा पश्चिमी सभ्यताका समाजलाई बढी प्रगतिशील र आधुनिक समाज भन्ने गरिन्छ ।

परिवार सामाजिकीकरणको प्रमुख साधन हो , जसमा नारीको महत्वपूर्ण भूमिका रहन्छ जसले गर्दा मानवको सामाजीकीकरण र मानविकीकरणमा नारीको महत्वपूर्ण भूमिका रहन्छ भन्नु स्वभाविक हुन्छ । महात्मा गान्धीले भन्नु भएको एउटा पुरुष शिक्षित हुँदा एकजना मात्र शिक्षित हुन्छ तर एकजना महिला शिक्षित हुदा एउटा परिवार नै शिक्षित हुन्छ भन्ने वास्तविक कर्णधार भनी परिचय गराएमा आपत्ति मान्नु पर्ने देखिँदैन ।

सर्वप्रथम सभ्यताको बिउ रोप्ने आइमाईहरु नै हुन् । तिनीहरुले पुरुषहरुलाई घुमन्ते जीवनबाट स्थिर जीवनमा ल्याई प्रतिष्ठित गरे यिनी कुरासँग सहमत हुने हो भने मानव सभ्यताको विकासमा नारी पुरुषको समान भूमिका मात्र होइन नारीको अहम् भूमिकालाई रहेको पाईन्छ । हुन पनि नारीहरु सृष्टिकर्ता हुन् यस क्रममा जब उनीहरु गर्भधारणा गर्छन र त्यो भ्रुण गर्भावस्थामा वृद्धि नहुँदै जाने क्रममा जब स्त्री जातिमा शारीरिक दुर्वलता हुँदै जान्छ । तब उनीहरुमा स्वभाविक रुपमा बाह्य गतिविधिमा सीमितता आउने कारणबाट

घुमन्ते जीवनबाट स्थिर जीवनमा परिणत हुन जैविकीय कारणको भूमिकालाई पनि नर्कान सक्दिैन ।

भारतको नायर, खासी, गारो जनजातिमा अद्यावति मातृसत्तात्मक परिवार रहेको छ (अधिकारी, २०५०) । साथै प्राचीन परिवारमा रहेको नारीको केन्द्रीय सर्वोच्चतालाई मध्यनजर गर्दा मानव सभ्यतामा नारी जातिको सक्रियतालाई धुमिल गर्न सकिन्न ।

मानिसको जङ्गली अवस्थामा सम्पत्तिको उत्पत्ति नभएकोले पुरुष र नारी (स्त्री) सम्बन्ध बराबरीको आधारमा थियो । त्यसबेला मातृसत्तात्मक व्यवस्था थिएन सम्बन्धको चलन भएकोले पिताको पत्तै हुँदैनथ्यो र वंश माताकै नामबाट चल्ने गर्दथ्यो । यसपछि पशुपालन युगमा आएर सर्वप्रथम व्यक्तिगत सम्पत्तिको व्यवस्था देखिन थाल्यो, अब व्यक्तिगत सम्पत्तिको रेखदेख गर्न पिताको आवश्यकता पऱ्यो किनभने उत्पादन जटिल हुँदै गएपछि घरको र बाहिरको काम गर्न स्त्रीको निम्ति असम्भव हुन थाल्यो । त्यसैले बाहिरी परिश्रमका कामहरु पुरुषहरुले मात्र गर्न थाले ।

यसरी उत्पादनका साधनहरु माथि पुरुषहरुको अधिकार सृजना हुने अवस्था बन्न थाल्यो । यसरी सम्पत्तिको मालिक पुरुष हुन थालेपछि सामूहिक यौन सम्बन्ध हराउँदै गयो किन भने पैतृक सम्पतिको उत्तराधिकारीका लागि पनि निश्चित हुन जरुरी भयो । यसरी हामी देख्छौ कि पितृसत्तात्मक व्यवस्था र एउटै पतिसँग मात्र यौन सम्बन्ध राख्नुपर्ने चलनले नारीको हातबाट उत्पादन साधनहरु खोसिएको हो (एङ्गेल्स, २०५६) ।

### २.४.२ महिला आन्दोलन

महिलाहरूको अधिकार तथा लैङ्गिक समानताका लागि महिलावादी आन्दोलनको इतिहासलाई हेर्दा सर्वप्रथम सन् १८३० मा अमेरिकी दासताका विरुद्ध सङ्गठित आवाज उठाएको पाइन्छ । महिला आन्दोलनकै कारण सन् १८९३ मा न्यूजिल्याण्डमा महिलाहरूमा मताधिकार दिइएको थियो । सन् १९५० मा औद्योगिक क्रान्ति भए पश्चात् महिलाहरू घरबाहिर गएर काम गर्न थाले जसको कारण सन् १९६० मा महिला आन्दोलन सङ्गठित र अझ सशक्त भएको थियो । सन् १९७० को दशकसम्म आइपुग्दा मानवविकास तथा महिलाको विकास र संलग्नता विना देशको विकास हुन नसक्ने कुरालाई आवश्यक ठानियो

र महिलाहरूलाई पुरुषहरूको नियन्त्रणबाट छुट्कारा पाउनुपर्ने कुरामा केन्द्रित रहयो र महिलाहरू विकासका अवसरहरू खोज्न बढी प्रयत्नशील भएका थिए । महिलावादी आन्दोलनको विभिन्न प्रयास स्वरूप मेक्सिको सिटीमा १९७५ मा प्रथम महिला अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो । संयुक्त राष्ट्रसंघले सन् १९७६ देखि १९८५ को दशकलाई महिला दशक भनेर घोषणा गऱ्यो यसैगरी दोस्रो, तेस्रो र चौथो क्रमशः सन् १९८० मा डेनमार्कको कोपनहेगन, सन् १९८५ केन्याको नैरोबी र सन् १९९५ मा चीनको वेइजिङ्गमा सम्पन्न भयो । यस किसिमका सम्मेलनहरूले महिलाहरूलाई विकासमा महिलाहरूको सहभागिताको निमित्त अधिकार, उत्तरदायित्व र अवसरको समानता प्रदान गर्ने र त्यस्तो अवसरबाट लाभ पाउने तथा त्यस्तो कार्य गर्ने महिलाहरू नै सक्रिय कार्यकर्ता हुनुपर्ने व्याख्या गरेको थियो । यसैगरी सन् १९७९ मा महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी संयुक्त राष्ट्रसंघको साधारण सभाले एउटा प्रस्ताव पारित गऱ्यो उक्त महासन्धि सेप्टेम्बर १९८१ देखि लागू भएको थियो र नेपालले समेत १९९१ अप्रिल २२ मा अनुमोदन गरेको थियो (पौडेल, २०६४) ।

### २.४.३ महिलाको सामाजिक स्थिति

विश्वव्यापी रुपमा नै महिला र पुरुषबीच असमानता देख्न सकिन्छ । विकसित देशको दर कम भए पनि विकासोन्मुख देशहरुमा समाजको अर्थ, राजनीति, प्रशासन तथा सामाजिक व्यवस्थापनमा उल्लेख्य स्थान रहन सकेको छैन । घरायसी कार्यबाट अधिकांश महिलाहरु अ लग हुन नसकेको एउटा व्यवस्था छ भने प्राकृतिक रुपमा नै महिलाहरुले वच्चा जन्माउनुपर्ने त्यसको स्याहार सुसारमा बढी ध्यान दिनुपर्ने अवस्थाले पुरुष सरह घरबाहिरका काममा संलग्न हुन महिलाहरुलाई असजिलो देखिन्छ । अझ धार्मिक कट्टरता रहेका समाजमा महिला स्वतन्त्रताको पक्ष निकै कमजोर अवस्थामा छ । सामाजिक बन्देजहरुबाट उनीहरु घेरिएका छन् । निर्माण प्रक्रियामा उच्च स्थान, प्रशासन तथा राजनीतिदेखि राष्ट्रिय विकासका महत्वपूर्ण क्षेत्रेमा महिलाको पहुँच न्यून छ (आचार्य, १९७९) ।

नेपालको संस्कृतिमा महिलाको विशेष गरी उसको परिवार तथा परिवारका नातेदारीमा नै सम्बन्ध हुन्छ । एउटी महिलाको स्थिति केमा निर्धारण हुन्छ भन्ने जब उसले आफ्नो भूमिका तथा कर्तव्यमा सफलता पाउँछे उसको सफलता हुनु नै आज्ञाकारी छोरी, कुशल गृहिणी, छोरालाई जन्म दिनु र एउटी सफल आमा बन्नुमा सीमित रहेको छ । यी भूमिकाले समाजमा मात्र उसको स्थान निधारण गर्दैन बरु उसले सम्पूर्ण जीवन पनि समर्पित गरेकी हुन्छे । यसरी समाजले स्थापना गरेको लैङ्गिक कार्य विभाजन र त्यसमाथिको असमान महत्वले गर्दा समाजमा लैङ्गिक विभेद संस्थागत भएर गएको छ जसले गर्दा महिलाहरु सामाजिक अवसरहरु राजनैतिक अधिकार निर्णय गर्ने पक्रिया समान पहुँच र नियन्त्रण हुन सकेको छैन (हिमाल, २०५३) ।

वैवाहिक स्थितिले पनि महिलाको जीवनमा महत्वपूर्ण भूमिका खेल्दछ । महिलाहरुलाई वैवाहिक स्थितिले छोरीबाट बुहारीमा परिर्वतन गराउँछ । विवाह पश्चात महिलाहरुको हैसियत र भूमिकामा परिवर्तन आइ कर्तव्य र कामको भार बढाउँदछ । वैवाहिक स्थितिले नै महिलाहरुलाई पूरुष निर्भर बनाउँछ किन भने उनीहरुको सम्पत्ति माथिको अधिकार पुरुषबाट वा उसको परिवारबाट प्राप्त हुन्छ । पुरुषहरुलाई भने जन्मदै अधिकार प्राप्त हुन्छ । त्यस्तै गरी कम उमेर वा उमेर पुगेपछि विवाह हुने अवस्थाले महिलाको सामाजिक स्थितिलाई दर्शाउँछ । नेपालमा महिलाहरुको कलिलै उमेरमा विवाह गर्ने प्रचलनले प्रजनन दर सामान्यतया बढी देखिएको छ । यसका साथै कलिलै उमेरमा गर्भवती हुनुपर्ने कारणले शिशु मृत्युदर र मातृ मृत्युदर पनि बढिरहेको छ । खास गरी सामाजिक र धार्मिक परम्परा अनुसार महिलाहरुलाई चाँडो विवाह गरिदिने अर्थात् महिनाबारी हुनुभन्दा अगाडि बिहे गरी जल खान पाए पुण्य प्राप्त गरिन्छ वा ऋण तिरिन्छ भन्ने भनाई पाइन्छ जसले गर्दा नारीलाई कमजोर बनाइदिएको छ । नारीको पहिलो प्राथमिकता विवाहलाई र दोस्रोमा शिक्षा र रोजगारीलाई दिइएको छ (आचार्य, १९७९) ।

त्यस्तैगरी निर्णय प्रक्रियामा रहेको महिलाको सहभागिता त्यस परिवारमा महिलाको स्थानलाई बुझाउँछ जति बढी पारिवारिक निर्णय प्रक्रियामा महिलाको सहभागिता हुन्छ । त्यति नै राम्रो स्थान उक्त परिवारमा महिलाको रहेको हुन्छ । निर्णय गर्ने क्षमतामा पनि महिलाहरुको भूमिका एकदमै न्यून नै रहेको देखिन्छ किनकि महिलाहरु अशिक्षित र

आयस्रोतको मामिलामा कम संलग्न देखिन्छन् । नेपाल एउटा पुरुष प्रधान देश हो जहाँ महिलाहरुलाई निर्णय गर्ने क्षमतामा कम अधिकार दिइएको छ (आचार्य,१९९७) । आचार्यका अनुसार महिलाहरुले श्रीमान्, सासु, ससुरा नभएका बखत वा गाउँ छोडेर टाढा गएका बखतमा मात्रै निर्णय गर्दछन् । नेपालमा जातिगत विविधताको कारणले परम्परातग हिन्दु परिवार र गैरहिन्दु परिवारमा मलिाको हैसियत शक्ति एवं निर्णय गर्ने प्रक्रियामा उनिहरुको सहभागिता फरक रहेको पाईन्छ । हिन्दु समुदाय भित्र निति निर्णय लिने प्रक्रियामा महिलाको सहभागिता अति न्युन रहेको छ , परिवारको लगभग ६० प्रतिशत निर्णयहरु पुरुष मात्रै ले गर्दछन् भने ३५ प्रतिशत सल्लाहले गर्दछन् । तर मंगोलियन समुदायमा ७० प्रतिशत निर्णयहरु महिला एक्लैले गर्दछन् (आचार्य,२०६०) । यस बाट के प्रष्ट हुन्छ भने जातिगत वा धार्मिक आधारमा सामाजिक हैसियत फरक भएको पाईन्छ ।

मानव सभ्यताको विकासमा रहेको नारीको केन्द्रीय भूमिकाको परिणाम स्वरुप प्राचीन समाजमा नारीको भूमिका र स्थान उच्च देखिन्छ । वैदिक कालमा नर-नारीबीच कुनै भेदभाव गरिएको थिएन, तिनीहरुको सामाजिक स्थिति समान थियो । प्रत्येक समाजमा स्त्री र पुरुषको सामाजिक स्थिति उनीहरुको आदर्श र कार्यबाट निर्धारित हुन्थे । यसकारणबाट यो भन्न सकिन्छ कि तत्कालीन हिन्दू समाजमा असम्भव जैविकीय कार्यभन्दा बाहेक स्त्री र पुरुषको आदर्श र कार्यलाई लिङ्गको आधारमा उचनीच गरी विभाजित दृष्टिकोणबाट हेरिदैनथ्यो । विस्तारै समाजमा आएको परिवर्तन स्वरुप हिन्दू महिलाको दिनचर्यामा पनि व्यापक परिवर्तन आएको छ । समाज र संस्कृति परिवर्तनशील छ । कहिका पनि संस्कृतिहरु स्थिर हुँदैनन् । संस्कृति गतिशील हुन्छ । जब जब मानवका आवश्यकतामा परिवर्तन हुन्छ यसको कारण स्वरुप विगत र वर्तमान नेपाली समाजमा सासु र बुहारी बीचको सम्बन्धमा परिवर्तन आएको देखिएको छ । अझ व्यापक अर्थमा हेर्ने हो भने समाजका हरेक सदस्यहरुको स्थान र भूमिकामा आउने परिवर्तनलाई संस्कृतिले प्रतिबिम्बित गरेको हुन्छ ।

(अधिकारी, २०६५) ले देउराली गा.वि.स.का विधवा महिलाहरुको सामाजिक-आर्थिक स्थिति र पारिवारिक सम्बन्धको अध्ययन गरेकी छिन् । उनका अनुसार विधवा महिलाहरुको अवस्थाको वारेमा विधवा स्वयंले आफ्नो बैधब्य अवस्थालाई पनि सकारात्मक किसिमले लिएको पाइयो । विगतमा विधवा हुनुलाई विधवा स्वयंले आफूलाई असमर्थ, अभागी,

बहिस्कृत, तिरस्कृत सम्भन्थे । जसले गर्दा विधवाको मनोवल घट्दो देखिन्थ्यो तर यस अध्ययनबाट अहिलेका विधवाहरु आफूलाई माथिका कुराहरुमा सुधार भैरहेको र मनस्थितिमा पनि मनोवल बढ्दै गएको साहसिक, कर्तब्यपरायण, दायित्ववोध, परिवार र सन्ततीको लालनपालनमा आफ्नो ठूलो भूमिका रहेको महशुस र विधवा हुनुलाई स्वभाविक अवस्था र परिस्थितिको उपज मानिएको उनको अध्ययनमा जनाएकी छन् ।

(श्रेष्ठ, २०६४) ले मियापाटन पोखराका विवाहित मुश्लिम महिलाहरूको गर्भपतन र परिवार नियोजन बारेको दृष्टिकोण भन्ने एक अध्ययन गरेकी छिन् । उनका अनुसार मियापाटन पोखराका मुश्लिमहरूमा संस्कृतिकरण भएको र उनीहरूमा गैर मुश्लिम समुदायको छाप पर्दै गएकोले उनीहरूले उक्त संस्कृति ग्रहण गरेको र आफ्नो मूल्य मान्यतामा पनि केही हदसम्म भए पनि मनस्थिति वदलेको, आफ्नो पोशाकका अलवा अरु जात जातिका पोशाक एवं नेपाली पोशाक पनि लगाउने गरेका , आफ्नो शिक्षाको अलवा नेपाल सरकारले लागु गरेको शिक्षा पनि पढेका र अङ्ग्रेजी शिक्षामा पनि उनीहरू अध्ययन गरेको पाईयो । यसका साथै गर्भपतन र परिवार नियोजन सम्बन्धमा पनि मुश्लिम महिलाहरू केही लचिलो देखिएको जनाएका छन् । जसमा परिवार नियोजनका साधन प्रयोग गर्ने संख्या न्यून भएको र त्यसमा श्रीमान्को पूर्ण सहयोग चाहिने बताएको कुरा व्यक्त गरेकी छन् । साथै उनीहरूमा वालविवाह हुने गरेकोमा सो प्रणाली विस्तारै हट्दै गएको कुरा आफ्नो अध्ययनमा जनाएकी छन् ।

(कैनी, २०६५) ले क्रिश्चियन धर्म प्रचारक दम्पति कार्ल कोटापिस तथा स्यारोप कोटापिसले धर्म प्रचारको कममा तनहूँ र पाल्पामा दुई बर्ष बिताएका थिए । सन् १९७४ ताका वाइवल ग्रन्थलाई दराई भाषामा उल्था गरेका र अहिले पनि पाल्पा , चितवनमा कहीं कतै उक्त पुस्तक जतन साथ राखेको पाईन्छ । यी बाहेक दराई भाषामा लेखिएको पुस्तके पाउन सकिएको छैन् ।

(घिमिरे,२०६४) ले नेपालमा जातिगत रुपले शैक्षिक तथ्याङ्क लिने गरेको कमै देखिन्छ भनेका छन् । गैर सरकारी एवं व्यक्तिगत कसै कसैबाट आंशिक रुपमा  पाउन सकिन्छ । चितवन जिल्लामा नेपाल दराई उत्थान समाजद्वारा २०६२ मा लिएको शैक्षिक तथ्याङ्कले ४३

वटा गाउँको छुट्टाछुट्टै तहगत रुपमा हेर्दा प्रा.वि. तहमा २२६६ जना , नि.मा.वि. तहमा ११२३ जना , मा.वि. तहमा ४१९ जना र उच्च मा.वि. तहमा २०१ जना गरी ३९७९ जना अध्ययनरत रहेको देखिन्छ् ।

(विष्ट,२०३०) का अनुसार दराई / माझीमा घर छोडेर टाढा जाने हुँदैन । भयङ्कर वन्यजन्तु र गोही जस्ता जन्तु सँग सामाना गर्ने यी अन्तरमुखी जातिका मानिस कोहि नौला मानिस देखेर तर्सने , भाग्ने , लुक्ने गर्दछन् । घाट कुरेर डुङ्गा चलाउने , वटुवालाई वारिपारी तारेर ज्याला लिई जीविका गर्ने गर्दछन् । धेरै जसोले आफुले काम गर्ने घाटकै छेउमा घर बनाएर बसेका हुन्छन् । यिनीहरुको जिविका यहीँ सुरु भएर त्यहीँ नै अन्त्य हुन्छ ।

पोखरापत्र राष्ट्रिय दैनिक (२०७० मंसिर २८) पत्रिकाबाट जग्गामा नाम मात्रको महिला स्वामित्व शिर्षकमा लेखिएको समचारले पनि सम्पतिमा महिलाको स्वामित्वको स्थितिलाई उजागर गरेको छ । सुर्खेत / महिलाको नाममा जग्गा पास गरे राजश्व छुट पाइने भएपछि मैनतडाकी ललिता सुनारका श्रीमानले उनका नाममा जग्गा पास गरिदिए । तर जग्गा किन्न श्रीमान सँगै गएकी ललिताले आफ्नो नाममा जग्गा पास भएको पत्तो पाईनन् । आफ्नो नाममा जग्गा हुनु नहुनुमा कुनै फरक नभएकोले उनलाई त्यसप्रति कुनै चासो पनि जागेन । तीन बर्ष अघि किनेको जमिन बेच्च वा उपभोग गर्ने अधिकार उनमा थिएन । तीन बर्ष सम्म आफ्नो नाममा भएको जग्गा श्रीमानले बिक्री गर्न भन्दै उनलाई मालपोत कार्यालय पुर्‍याएपछि मात्र उनले आफ्नो नाममा जग्गा रहेछ भन्ने जानकारी पाइन् । छुट पाउन थालेपछि मेरो नाममा जग्गा दर्ता भएछ , उनले भनिन तर उक्त जग्गा बिक्री गर्ने निर्णय गरेपछि मात्र उनले जानकारी पाइन् । यसै गरी घुमखहरेकी ३२ बर्षिया मनसरी बुढाले ५ रोपनि खेत आफ्नो नाममा बनाउनुको कारण पनि उस्तै कारण छ महिलाको नाममा सम्पति बनाउदा राजश्वमा पाइने छुट । छुट पाउनु भन्दा अगाडि उनको नाममा एक कौडिपनि सम्पति नरहेको उनले सुनाइन । यी त केही प्रतिनिधि महिला मात्र हुन । यसरी सरकारी नितिले भुमिमा महिलाको स्वामित्व बढे पनि त्यसको भोगचलनको सम्पुर्ण जिम्मा पुरुषको हातमा हुँदा महिलालाई छुटको लागि मात्र प्रयोग गरिएको पाईएको छ । भुमिमा दिन रात पसिना बगाउने महिला भएता पनि यसरी आर्जन गरिएको सम्पतिको मालिक पुरुषहरु नै हुन्छन् ।

यसरी माथि समीक्षा गरिएका अनुसन्धानहरुमा महिलाको बारेमा थुप्रै अध्ययनहरु गरिएको भएतापनि विशेष गरि दराई जातिका महिलाको बारेमा कुनै अनुसन्धान नभएको हुनाले दराई परिवारमा सम्पति माथि महिलाको स्वामित्व तथा घरायसी निर्णय भुमिकाको बारेमा वास्तविक यर्थाथ पत्ता लगाउने उद्धेश्यले यो अध्ययन गरिएको हो ।

# अध्याय तीन

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्रको छनोट

नेपाल एक धर्म निरपेक्ष राष्ट्र हो । आ-आफ्नै भाषा, धर्म, मुल्य मान्यता र रहनसहन रहेको छन् । नेपालका सबै जात जाति समाज र संस्कृतिमा लैङ्गिक विभेद र असमानता देखिएता पनि जातिगत आधारमा असमानताको स्थिति फरक रहेको छ । आर्यनहरु र मंगोल समुदाय भित्र महिलाहरुको अधिकार एवं निर्णय गर्ने प्रक्रियामा उनिहरुको सहभागिता फरक रहेको पाईन्छ । नेपालका ५९ जनजातिहरु मध्ये दराई जाति तराईका आदिवासि जातिको रुपमा परिचीत जाति हो । नेपालका अल्पसंख्यक जातिको रुपमा परिचित यस जातिको कुल जनसंख्या १६,७८९ रहेकोमा १०,४९२ संख्या तराईमा रहेको छ । पहाडियाहरुको चितवनमा तिव्र बसाईसराईको चपेटामा परेका कारण यहां मौलिकरुपमा बसोवास गर्दै आएको दराईहरुको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, राजनैतिक, शैक्षिक लगायत विविध क्षेत्रमा परिवर्तन देखा परेको छ । भरतपुर नगरपालिकामा बसोवास गर्ने दराई जातिमा पनि यसको प्रभाव भेटन सकिन्छ । यिनै दराई जातिका परिवारमा महिलाको अवस्था बुझ्नको लागि यसै नगरपालिका वडा नं. १२ दराई टोलका करिब ५० घर परिवार मध्ये उदेश्य मुलक तरिकाले २३ जना महिलाको ब्यक्तिगत अध्ययन गरि सम्पुर्ण नगरपालिका बासि दराई महिलाको अवस्थाको बारेमा जानकारी लिन यो क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छानिएको हो ।

## ३.२ अध्ययन क्षेत्रको परिचय

नेपालको मध्यमाञ्चल विकास क्षेत्रको नारायणी अञ्चलमा पर्ने चितवन जिल्लो भरतपुर नगरपालिका भित्री मधेशमा पर्ने एक तराई जिल्ला हो । भरतपुर चितवन जिल्लाको सदरमुकाम हो जुन राजधानी बाट १४६ कि. मी. टाढा पर्दछ । भरतपुर जिल्लाको पुर्व भाग तर्फ ८४°२६'०९.०४" देखि उत्तर भाग तर्फ २७°४०'३७.८१" सम्म रहेको छ । यस भरतपुर सदरमुकाम पुर्व भाग मकावनपुर र पर्सा जिल्लाले छुट्टाएको छ भने दक्षिणमा

नवलपरासी र तनहुँ उत्तरमा धादिङ्ग , गोर्खा त्यसै गरि दक्षिणमा भारतलाई छुट्टयाउने चुरे माहाभारत पहाड पर्दछ । सबै जातजाति रहेका यस ठाउमा विभिन्न जिल्लाबाट बसाईसराई गरेर बसोवास गरेकोले ७६औं जिल्लाका रुपमा पनि परिचित छ । जसले गर्दा यो ठाउ बहुजाती , बहुभाषिक , बहुधार्मिक रुपमा पनि एकतावद्ध भई बगैचाको रुपमा प्रतित हुन्छ ।

यहाँको तापक्रम गर्मी मौसममा अधिकतम ३९-४० डिग्री र जाडो मौसममा न्यूनतम ६-१० डिग्री  सेन्टीग्रेट रहने गरेको छ । चितवन जिल्ला समथर र पहाडी भुभाग भएकोले समुद्र सतह बाट २४४ मी. देखी १९४५ मी. सम्म रहेको छ (जिल्ला तथांङ्कबाट) । चितवन जिल्ला २ नगरपालिका र ३६ गा.वि.स. रहेका छन् । यस जिल्ला २२१८ वर्ग कि.मी. मा फैलिएको छ । यस ठाउँ समथर रुपमा रहेकोले धान, गहु, मकै आदि प्रमुख उत्पादन खाद्यन्न बाली रहेका छन् ।

## ३.३ अनुसन्धान ढाँचा

यस अध्ययनमा वर्णनात्मक ढाँचा अबलम्बन गरिएको छ । यस अध्ययन क्षेत्रका दराई जातिका परिवारबाट नमुना छनोटमा परेका दराई महिलाहरूबाट सूचना सङ्कलन गरी उनीहरूको परिवारमा  सम्पति माथि महिलाको स्वामित्वको स्थिती र घरायसी निर्णय प्रक्रियामा महिलाको भुमिको बारेमा महिलाहरुले व्यक्त गरेका भनाईलाई गहिराईमा पुगेर वर्णन गर्ने कार्य गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

यस अनुसन्धानमा प्राथमिक र द्वित्तिय स्रोतबाट तथ्याङ्क र सूचनाहरु संकलन गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्नका लागि मुख्य सुचनादाता , अवलोकन र व्यक्तिगत अध्ययन विधिहरु अपनाइएको छ । त्यस्तै द्वितीय प्रकृतिका तथ्याङ्क संकलन गर्न विभिन्न लेख, रचना, समिक्षा, प्रकाशन जस्ता स्रोतबाट सहायता लिईएको छ । तथ्याङ्कको प्रकृति गुणात्मक खालको रहेको छ ।

## ३.५ समग्र र नमुना छनौट

दराई जातिका महिलाहरुको सम्पति माथि स्वामित्व र घरायसी निर्णय प्रक्रिया बारेमा अध्ययन गर्नका लागि चितवन जिल्लाको भरतपुर नगरपालिका वडा नं. १२ दराईटोलका दराई महिलाहरू लाई लिईएको छ । भरतपुर न.पा. वडा नं. १२ दराईटोल छनोट गरी यस क्षेत्रमा रहेका जम्मा ५० घरधुरी भएकोमा त्यस मध्येबाट महिलाको उमेर , परिवारको किसिम साथै आर्थिक अवस्थाका आधारमा सवै पक्षलाई समेटिने गरी उद्धेश्य मुलक तरिकाले (महिलाको उमेर, शिक्षा, र परिवारको किसिम र आर्थिक अवस्था) सबै पक्षलाई समेटिने गरि जम्मा २३ जना महिलाहरुलाई वैयक्तिक अध्ययनको लागि छनौट गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

### ३.६.१ मुख्य सूचना दाता

अनुसन्धानको क्रममा उत्तरदाताले अभिव्यक्त नगरेका र अवलोकन विधिबाट प्राप्त गर्न नसकिने पारिवारिक स्थीति र निर्णय प्रक्रियाको लागि त्यससँग सम्बन्धित विषवस्तुको जानकारका लागि मुख्य सूचनादाताको (परिशिष्ट ३ अनुसारका) रुपमा महिला प्रतिनिधि र पाका उमेरका व्यक्ति तथा समुदायका प्रमुख सामाजिक कार्यकर्ताबाट पनि महत्वपूर्ण सूचनाहरू प्राप्त गरिएको छ

### ३.६.२ अवलोकन

वैयक्तिक अध्ययन गर्ने क्रममा दराई समुदायका महिलाहरुको घरमा पुग्दा उनीहरुको घर र परिवेश लगायतका पक्षहरुको समेत अवलोकन गरी सम्पति माथिको स्वामित्व र घरायसी निर्णय भुमिका सँग सम्बन्धित सुचनागत तथ्यहरु संकलन गरिएको छ ।

### ३.६.३ वैयक्तिक अध्ययन

यस विधि अनुसार भरतपुर नगरपालिका वडा नं. १२ का दराई महिलाहरु मध्ये उद्धेश्य मुलकरुपमा परेका २३ जना महिलाहरु छनोट गरी उनीहरुको व्यक्तिगत अध्ययन गरिएको छ । उनीहरुको पारिवारिक जीवन , घरायसी निर्णय तथा परिवार रहेको सम्पति तथा निजी सम्पतिमा स्वामित्वको स्थिति लगायत अन्य विविध पक्षको बारेमा सुचना संकलन गरिएको छ । यस वैयक्तिक अध्ययनको मुख्य उद्धेश्य महिलाहरुको आर्थिक तथा पारिवारिक निर्णायक भुमिको वास्तविक अवस्थालाई उजागर गरी शोध कार्यलाई सत्यताको नजिक पुर्‍याउनु रहेको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण

व्यक्तिगत अध्ययनका आधारमा प्राप्त भएका सम्पति माथिको स्वामित्व र घरायसी निर्णय भुमिकासँग सम्बन्धित गुणात्मक तथ्यहरुलाई व्याख्यात्मक शैलीमा विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

# अध्याय - चार

# वैयक्तिक अध्ययन

**व्यक्तिगत अध्ययन : एक**

२०२६ साल भरतपुर नगरपालिका वडा नं. १२ दराई टोलमा आमा शनिश्चरी दराई र बुवा शनिश्चर दराईको तेस्रो सन्तानको रुपमा बुधनी दराईको जन्म भएको थियो । सम्पन्न परिवारमा जन्मिएकी उनका बुवा आमाको प्रसस्तै जमिन भएको हुँदा अन्नपात वेचविखान गरेर नै उनिहरुको राम्रो आम्दानी हुने गर्दथ्यो । २० बर्षको उमेरमा रत्ननगर नगरपालिका वडा नं. १० जिरौना बस्ने नोमे दराई सँग विवाह बन्धनमा बाधिएकी थिईन् । उनी हाल आफ्नो माईतीले दिएको २ कट्ठा जग्गामा पक्की घर बनाएर दराई टोल मै बस्दै आएकी थिईन् । श्रीमानको जागिरको साथै आफ्नो पुरानो घरबाट ल्याएको अन्नपातले दैनिकी राम्रै सँग चलिरहेको छ । बुधनीको परिवारमा १ छोरा र १ छोरी पनि छन् । आफ्नो उमेर पनि आफै लाई थाहा नभई पतिलाई सोध्न जानुपर्ने उनी हाल प्रौढ शिक्षा कार्यक्रमबाट साक्षर भएकी छिन भने उनका श्रीमान उच्च शिक्षा हासिल गर्नुको साथै नेपाल टेलिकम भरतपुर कार्यालयमा जागिरे समेत छन् ।

माईतीमा छोरीलाई पढाउन हुन्न भन्ने पुरानो मान्यताले गर्दा इच्छा हुँदाहँदै पनि आफुले पढ्न नपाएको तर आफ्नो छोराछोरीलाई राम्रो विद्यालयमा अंग्रेजी भाषामा पढाउने रहर निर्णय आफ्नो भएको उनी बताउछिन् । माईतीले आफ्नो नाममा दिएको जग्गा भएतापनि घर श्रीमानको कमाई बाट नै भएको साथै परिवारमा कमाउने र घर चलाउने उनी नै भएकोले घर जग्गा जस्ता ठुला आर्थिक कारोवारमा श्रीमानको नै निर्णय महत्वपूर्ण हुने उनको बुझाई छ । तर माइतीले दिएका सुन पैसा जस्ता नगद सामाग्री आफ्नो ईच्छाले नै चलाउन सक्ने उनको भनाई छ ।

दैनिक गर्नुपर्ने घरायसी काम काज खाना के पकाउने , कस्को मेलापर्म जाने , लुगाकपडा र औषधी उपचार जस्ता सामान्य कार्यमा आफुले नै निर्णय गर्न सक्ने बताउनु छिन् । घरमा पालेका पशुपंक्षी बचेविखान गर्दा श्रीमानको सल्लाहमा गर्ने उनी पुरानो घरमा रहदा समेत उनलाई सासु ससुराले पनि घरायसी कामकाजको सम्पूर्ण जिम्मा दिने गरेको बताउछिन् । घरका ठुला कारोवारमा आफ्नो निर्णय महत्वपूर्ण नभएतापनि आफुलाई प्रत्येक निर्णयमा सामेल गराईने गरिन्छ । बाहिरबाट कमाएर जसले ल्याउछ , घर भित्र पनि उसको निर्णय महत्वपूर्ण हुन स्वभाविक हो भन्ने उनको बुझाई छ । यसपालीको संविधान सभाको चुनावमा श्रीमान कै निर्णय बमोजिम भोट हालेको बताउछिन । सामान्य काम भएता पनि घरमै सिलाई कटाई बाट केहि आय आर्जन गर्न सकेकी उनी दराई मिलन समुहमा खाता खोली केही रकम जम्मा गर्ने गर्दछिन् । त्यस खातामा जम्मा गरेको रकम आफुखुसी चलाउन सक्ने आफ्नो कमाईमा श्रीमानले कुनै रोकतोक नगर्ने बताउछिन् । आजको समयमा धेरै सन्तान जन्माएर पालन पोषण गर्न गाह्रो हुने हुँदा छोरा छोरी जे भएता पनि २ भन्दा बढी जन्माउन नहुने दुवैको बुझाईका कारण र निर्णय अनुसार २ सन्तान मै सीमित रहेको बताउछिन् । आफनो नाममा चल अचल सम्पति केहि भयो भने महिलाको जीवनमा सुरक्षित अनुभुति मिल्नुका साथै समाज र परिवारमा उनीहरुको स्थान दह्रो र निर्णय अधिकार हुने उनको विचार छ ।

**व्यक्तिगत अध्ययन : दुई**

२०३० साल रत्ननगरपालिका वडा न. १२ माधवपुर मा आईती दराईको जन्म भएको थियो । उनका बुवा मंगलराम दराई किसानी थिए । आमाको नाम समेत थाहा छैन भन्ने उनी निरक्षर छिन् । माईतीमा २ दाजुभाई र २ दिदीबहीनीमा जेठी दिदीले बुवा आमा लाई खेतीपातिमा सघाउनुका साथै भाई बहिनीको हेरचाह मै २० बर्ष पार गरिन । २१ बर्षको उमेरमा भरतपुर नगरपालिका वडा नं. १२ निवासी दिल बहादुर दराई सँग विवाह बन्धनमा बाधिएकी उनी कृषि, पशु पालन तथा घरायसी काम गर्दछिन ।

आफ्नो १ छोरा २ छोरी , सासु र २ श्रीमान श्रीमती गरी जम्मा ६ जनाको परिवार छ । श्रीमानको नाममा अचल सम्पतिको रुपमा १ विघा जग्गा रहेको र आफ्नो नाममा कुनै पनि अचल सम्पति नरहेको बताउछिन् । १ तलाको पक्की घर पनि पुर्ख्यौली

जमिन बेचेर बनाएका छन् । २ छोरीहरु सरकारी स्कुलमा पढ्छन् भने अरु तिन सदस्य कृषि र पशुपालनमा काममै व्यस्त छन् । उनलाई छिमेकीका बच्चा बच्ची लाई जस्तै बोडिङ्ग स्कुलमा बढाउने रहर हुँदा हुँदै श्रीमानको निर्णय बमोजिम सरकारी स्कुलमा पढाएको बताउछिन् । उनको आफ्नो नाममा दराई मिलन बचत समुहमा खाता खोलेकी छिन् । जहाँ महिनाको रु १०० जम्मा गर्ने गरेकी छन् ।

घरखर्च कृषि बारी बाटै चलाउने उनको परिवारमा सबै कारोवारमा श्रीमानको नै निर्णय हुन्छ । अन्नवालीबाट आएको रकम उनले नै राख्ने र कहाँ कति खर्च गर्नु पर्ने पनि उनले नै गर्दछन् । घरमा हुने साना देखि ठुला कारोवारमा समेत श्रीमानले नै निर्णय गर्दछन् । त्यसमा उनको सहभागिता समेत आवश्यक नमान्ने उनका श्रीमानले नै दराई मिलन बचत समुहमा खाता खोल्न भनेकोले खोलेकी हुन । सो बचत समुहको पैसा राख्न झिक्न श्रीमानको आदेश अनुसार मात्र सकिने उनको भनाई छ । आफुलाई माईतीले विवाहमा दिएको गहना पैसा पनि श्रीमानले नै घरायसी कार्यमा चलाईदिएको हुँदा उनको आफ्नो निजी तथा पेवापात केहि नभएको बताउछिन् । मेलापात अर्मपर्म जस्ता कार्य गर्दा उनी छिमेकी दिदीबहिनी संग मिलेर गर्दछिन् जहाँ श्रीमान सँग सोधिराख्न पर्दैन् । यस्ता कार्यमा उनको नै निर्णय रहन्छ । विहान बेलुका खाना के पकाउने भन्ने कार्य मा उनले नै निर्णय गर्न सक्दछिन् । तर उनि घर बाहिरको जुनसुकै कार्यमा अनविज्ञ छिन् । राजनैतिक पार्टीको बारेमा पनि उनलाई थाहा छैन जहाँ भोट हाल्ने श्रीमानले भन्यो त्यसैमा नै हाल्ने गर्छिन् । बजार किनमेल गर्नु पर्दा श्रीमानले भने अराएको अनुसार गएर ल्याउदछिन् ।

आफु पढेलेखेको पनि नभएको र घरको  काम र कृषि काम बाट फुर्सद नमिल्ने हुँदा बाहिर गएर काम गर्ने  बारेमा सोचाई नै नभएको बताउछिन् । आफुले पहिलो छोरी जन्माई भनेर उनकी सासु रिसाएकी थिईन त्यस्तै उनका श्रीमान पनि छोरा नै पाउनु पर्छ भन्ने पक्षमा भएकोले २ छोरी पछि १ छोरा जन्माएकी थिईन ।

**व्यक्तिगत अध्ययन : तीन**

वि.स. २०४७ साल असार ११ गते भरतपुर नगरपालिका वडा नं १२ दराईटोलमा आमा सपना  दराई र वुवा भजना दराई कोखबाट जन्म भएको थियो । मध्यम वर्गीय

किसान परिवारमा जन्मिएकी उनी वावु आमाकी एक्ली छोरी थिईन् । उनका वुवा आमाले उनका २ भाइ सरह उनलाई पढ्ने मौका दिदादिदै उनको आफ्नो इच्छाले कक्षा ८ मा पढ्दा पढ्दै पढाई छोडेर सोही टोल निवासी बर्ष २२ का टिकाराम दराईसँग भागी विवाह गरेकि थिईन् ।

सामान्य आर्थिक अवस्था भएको उनको घरपविार संयुक्त पविार हो । सानो चित्राले छाएको उनको घरमा सासु , २ जेठाजु जेठानी , नन्द र बच्चा बच्ची गरि १३ जना सदस्य संख्या रहेका छन । सामान्य खेतिपाति , पशु पालनको अलावा जेठाजुहरुले घर बनाउने मिस्त्री काम गर्दछन् भने उनका श्रीमान घरको वायरिङ्ग काम गर्दछन् । श्रीमान र जेठाजुको कमाई बाट घर खर्च चल्ने उनको परिवारमा ससुरा विते पछि घरको सम्पूर्ण कारोवार जेठाजुहरुले नै गर्ने गर्दछन् । श्रीमानको कमाई श्रीमानले राख्ने र आफुलाई खाँचो पर्दा उनी सँग मागेर चलाउने गर्दछिन् ।

२ बच्चाकी आमा भईसक्दा पनि घरको अचल सम्पति कति छ र कसको नाममा छ भन्ने कुरा थाहा नभएको बताउदछिन् । उनका आफ्नो नाममा माईतीले दिएको कुखुरा र हाँस छन् । त्यहि कुखुरा र हाँसबाट आएको आम्दानीले दराई मिलन समुह र महिला वचत समुहमा महिनाको रु१०० , १०० गरी जम्मा रु २०० वचत गर्ने गर्दछिन् । माईतिले दिएको हाँस कुखुरा भएता पनि काट्दा बेच्न मन लाग्दा उनले श्रीमानलाई सोध्ने गर्दछिन् । समुहबाट पैसा निकाल्दा पनि श्रीमान सँग सोध्ने गर्छिन् । उक्त आर्थिक कारोवार नसोधी गर्दा श्रीमानले नराम्रो मान्लान भन्ने डरले मात्र सोध्ने गरेको उनि बताउछिन् । घरको गाई भैसी कुखुरा बाखा किन बेच गर्दा आफुलाई थाहा भए पनि आफ्नो कुनै भुमिका नहुने घरमा आफु भन्दा अरु पाका सदस्य भएकोले उनीहरुले नै निर्णय गर्ने उनको भनाई छ ।

उनको परिवारमा मेलापात जानु पर्दा घरमा खाना पकाउँदा के पकाउने आज घरको कुन कार्य गर्ने भन्ने बारेमा घरका सासु र जेठानीहरुले निर्णय गर्दछन् । आफ्नो २ बच्चा बच्ची स्कुल पढाउने विषय , औषधी उपचार र उनीहरुलाई चाहिने लुगाफाटा बारेमा श्रीमान र उनी आफु मिलेर गर्ने गर्दछन् । यसपालीको संविधान सभाको चुनावमा कुन पार्टीलाई चुन्ने भन्ने विषय उनी आफैले निर्णय गरेकी थिइन् ।

**व्यक्तिगत अध्ययन : चार**

२०३३/३/१३ मा भरतपुर नगरपालिका वडा नं. १२ दराई टोलमा आमा रिसाऔ दराई र बुवा इन्दबहादुर दराइको कोखबाट मैया दराईको जन्म भएको थियो । किसान परिवारमा जन्मिएकी मैया दराइले सानै उमेरमा पढ्न छाडेकी थिईन । उनको माइतीमा छोरीलाई पढ्न भन्दा घरको काम काजमा हात बसाउने र भाई वहिनीको हेरविचार गर्नुपर्ने भन्ने बुवा आमाको चाहना भएको हुँदा त्यही काममै आफ्नो स्कुल जाने उमेर विताईन् । १७ वर्षको उमेरमा त्यही टोल निवासी जेनबहादुर दराईसँग उनको मागी विवाह भएको थियो । विवाह भएको ७ वर्ष पछि उनिहरु आफ्नो पुरानो घरबाट भिन्न भएर बसेका थिए ।

पुख्यौली सम्पतिबाट पाएको साडे तिन कट्ठा जग्गामा पक्कि घर बनाएर उनको ४ जनाको परिवार रहँदै आएको छ । श्रीमानको नाममा रहेको यो जग्गामा सानो गोठ बनाएर भैसी कुखुरा बाखा पालेकी छन् । श्रीमान भरतपुरकै सरकारी कलेजमा जागिर गर्दछन् । ठुलो छोरा भारतमा इन्जिनियर पढ्दैछन भने सानो छोरा एडभेञ्चर बोर्डिङ्ग स्कुलमा कक्षा ७ मा पढ्दैछन् । छोरालाई भारत पठाउन उनका श्रीमानले पुख्यौली अंस पाएको जमिन बेचेर नै पठाएका हुन् । सानो छोरालाई पनि श्रीमान श्रीमतीको निर्णयमा बोर्डिङ्ग स्कुल पठाएका छन् । मैया दराईको आफ्नो नाममा अचल सम्पति भन्ने केही पनि छैन तर उनलाई माइतिले दिएको पेवा पैसा दिएका छन् । त्यो रकम उनले महिला समुहमा राखेकिछिन् ।

उनले आफ्नो नाममा दराई मिलन समूहमा पनि खाता खोलेकी छन् । जहाँ महिनाको रु १०० जम्मा गर्ने गर्छिन । त्यहाँ रकम जम्मा गर्न श्रीमान्सँगै मागेर गर्छिन भन्ने झिक्न पर्दा उनी आफु खुसीले गर्दछिन् । आफुले मेहनत गरेपनि कुखुरा बाखा किन बेच्न पर्दा श्रीमानको सल्लाहमा गर्ने गर्ने गर्दछिन् तर बेचेको पैसा खर्च गर्न पर्‍यो भने आफु पनि गर्न सक्ने बताउछिन् । उनलाई अहिले भएको एकतला घरमा अर्को तला थप्ने रहर छ तर श्रीमानले जग्गा बेच्न नमानेकोले थप्न नसकेको उनको भनाई छ ।

आफुपनि बाहिर गएर केही गर्न उनको इच्छा भएर पनि घरायसी कामबाट उनलाई फुर्सद नमिल्ने र श्रीमान्ले पनि किन जानु पर्‍यो घर छोडेर दुबै हिडेपछि घरको काम कसले गर्ने भन्ने गर्दछन् । त्यसैले पनि उनि घरबाट बाहिर निस्कन सकेकी छैनन् ।

घरमा विहान बेलुका के पकाउने भन्ने निर्णय उनको नै हुन्छ । उनले जस्तो पकाएर दिएपनि श्रीमानले त्यसका कुनै प्रतिक्रिया जनाउँदैनन् । त्यस्तै घरमा चाहिने सामानहरु, लुगा कपडा, भाडा बर्तन, फर्निचर जस्ता सामान्य कुराहरुमा उनी आफ्नो इच्छा अनुसारको ल्याउन सक्छिन । त्यसमा श्रीमानलाई जानकारी दिएपनि सोधिराख्नु पर्दैन ।

छिमेकी दिदी वहिनीसँग मेलापात जाने खेतबारीमा के लगाउने भन्ने कुरा पनि उनी कै निर्णय गर्दछिन । बाहिर टोलका कुनै काम पऱ्यो टोलमा मिटिङ्ग बस्नु पऱ्यो कुनै विषयमा भने पनि उनी आफ्नो घरको चाँजोपाँजो मिलाएर आफै जाने गर्दछिन् । श्रीमानको फुर्सद पनि नहुने आफु पनि कहिलेकाँही घरबाट बाहिर निस्कदाँ केही बुझ्ने मौका पनि पाउने हुदाँ टोलमा हुने कार्यहरुमा आफैँ सरिक हुने उनको भनाई छ ।

राजनिति सम्वन्धि धेरै जानकारी नभएता पनि आफुले माइती मै छदाँ देखी नै जुन पार्टी प्रति समर्थन थियो । अहिले पनि त्यही पार्टिलाई नै भोट गर्ने गर्दछिन् । यस्तै पहिलो १ छोरा जन्मे पछि अर्को छिट्टै जन्माउन रहर नभएको हुदाँ ७ बर्षको अन्तर पछि अर्को छोरा जन्माउने निर्णय उनकै आफ्नो थियो ।

**व्यक्तिगत अध्ययन : पाँच**

बि.स. २०४३/१/१७ सालमा आमा सुकुमाया दराई र बुवा रामजी दराइको पहिलो सन्तान सोभा दराईको जन्म भएको थियो । रत्ननगर नगरपालिका वडा नं. ११ जमनापुरमा जन्मिएकी उनि माइतिमा २ भाईकी १ दिदी थिईन् । उनका बुवाको २ विघा जग्गा थियो साथै नगरपालिकामा जागिरे थिए । बुवाको जागिरबाट आएको पैसा साथै खेतीपाती प्रशस्त हुनाले अन्नवाली बेचेर आएको पैसाले उनीहरुको घर खर्च राम्रोसँग चल्ने गर्दथ्यो । त्यहाँका उच्च वर्गमा पर्ने उनको परिवारमा छोरीलाई पनि पढ्ने मौका भए पनि साथीहरुको लइलहैमा लागेर उनले कक्षा ८ मा पढ्दै स्कुल छोडेकी थिइन् तर उनका भाइहरु उच्च शिक्षा पढ्दै छन् । उनका बुवा आमाको निर्णय अनुसार नै २० वर्षको उमेरमा भरतपुर नगरपालिका वडा नं. १२ दराईटोल निवासी बुद्धिराम दराईसँग उनको विवाह भएको थियो । यस विवाहमा उनलाई सोधी उनको मञ्जुरी पनि लिएको थियो । विवाह पछिको उनको घर

पनि उच्च वर्ग मै पर्दछ । उनका घरमा सासु ससुरा, १ नन्द, देवर देवरानी र ३ जना बच्चा गरी ११ जनाको परिवार छ । ससुरा भरतपुरको महिला विकास समुहमा जागिरे छन् भने श्रीमान जिल्ला कार्यालय भरतपुरमा कार्यरत छन् । उनको परिवार शिक्षित परिवार भित्र पर्दछ । उनको ससुराको नाममा भरतपुरमै डेड विघा जग्गा छ । १० धुर श्रीमानको नाममा छ । जुन उनले आफ्नै कमाइबाट किनेका थिए । जग्गा जमिनको अंशवण्डा नभए पनि उनीहरुको चुलोचौको चाही भिन्दा भिन्दै छ । खेतीपाती गर्दा संगोलमै गर्ने र ससुराले उनीहरुलाई खान पुग्ने धान, मकै, गहुँ, छुट्टाइदिने गर्दछन् । उनी आफ्नै घर अगाडि सानो पसल पनि राखेकी छन् । भैसी पनि संगोल मै पालेका छन् त्यस भैसीलाई घाँस पानी पनि दुइटी बुहारी मिलेर काट्ने र दुध पनि बाँडी खाने गर्दछन् । ससुराले छुट्याई दिए आफु छुट्टै घर बनाएर बस्ने मन भएपनि ससुराले नमानेको हुँदा यसरी बसेको उनि बताउछिन् ।

अहिले छुट्टै कसेको हुँदा घरभित्र के पकाउने खाने भन्ने निर्णय आफ्नो नै हुन्छ । संगोलमा छदाँ सबै कुरामा ससुराको निर्णय भएता पनि अहिले साना-साना घरायसी कार्यमा त आफनै निर्णय हुन्छ । तर बाहिरका कार्य मेलापात पशुपंक्षी बेचविखान गर्दा सल्लाह त सबैको लिने गर्दछन् । उनका एउटा मात्रै छोरा छन् । आज भोलिको समयमा एउटै सन्तान भए पनि पुग्ने उनको विचार भएको हुँदा अर्का नजन्माउने निर्णय उनले नै गरेकी हुन् र उनले नै अस्थायी साधन अपनाउदै आएकी छन् । सासु ससुराले नै उनका छोरालाई बोडिङ्ग स्कुल हालिदिएको छन् भने स्कुलको फिस पनि उनिहरुले नै तिर्ने गर्दछन् ।

घर बाहिर टोल छिमेकीका समस्यामा सहयोग टोल सुधारका क्रियाकलापमा पनि उनी सहभागी हुने गर्दछन् । आफुले गरेको व्यवसायबाट आएको आम्दानी आफुखुसी खर्च गरेपनि श्रीमानले दिएको घर खर्च रकममा चाही श्रीमानलाई सोधेर गर्ने उनको भनाई छ ।

**व्यक्तिगत अध्ययन : छ**

२०३३/३/१६ गते चितवन जिल्ला रत्न नगरपालिका वडा नं. ३ शान्तिचोकमा बुवा विकास दराई र आमा शतिश्चरी दराईबाट किसान परिवारमा लक्ष्मी दराईको जन्म भएको थियो । हिन्दु दर्शनबाट प्रभावित उनको परिवारमा छोरा र छोरीमा फरक छुट्याउने कारण

आफना दाइ भाई स्कुल जाँदा उनीलाई घरको काम सगाउन तिर नै लगाए । १९ वर्षको उमेरमा उनका बुवा आमाले भरतपुर नगरपालिका वडा नं. १२ निवासी दिलवहादुर दराईसँग उनको विवाह गरिदिए । कमजोर आर्थिक अवस्था साथै दुईटी आमा भएका उनका बुवाले विवाहमा पनि उनलाई केहि पनि सम्पति दिएनन् । ६ जना दाजुभाई र २ नन्द सासु ससुरा भएको परिवारमा उनी साइली बुहारी हुन् । ससुराको नाममा रहेको १ विघा जग्गामा खेतिपाती र पशुपालन गरी उनीहरुको दैनिकी चल्थ्यो । सबै छुट्टी भिन्न भएर उनका श्रीमानले पाएको साढे तिन कठ्ठा जग्गामा सानो घर वनाएर बसेका छन् । उनका श्रीमान मिस्त्री काम गर्दछन् भने उनी खेतीपाती साथै बाखा कुखुरा पाल्ने वाल बच्चालाई स्कुल पुर्याउने ल्याउने छिमेकी सँग मेलापात घरायसी धन्दा जस्ता कार्यमा व्यस्त हुन्छिन् ।

घर र जग्गा श्रीमान कै नाममा छ ,आफ्नो माईतीबाट ल्याएको बाखाका पाठापाठी र कुखराको चल्ला चल्ली ल्याएकी थिईन् र त्यहीबाट केही आम्दानी गरी समुहमा जम्मा गर्दछिन् । तर घरमा पालेको पशुपंक्षी बेच्दा सो आम्दानी श्रीमान् ले नै राख्ने गरेको बताउछिन् । उनले दराई मिलन समूह र महिला विकास समुहमा महिनाको २०० जम्मा गर्ने गर्छिन् । बाखा कुखुरा बेचेको पैसाबाट नै उनले त्यहाँ रकम जम्मा गर्ने गर्दछिन् । खाताबाट पैसा झिक्न पर्यो भने श्रीमानलाई सोध्ने गर्छिन श्रीमानले कमाएर ल्याएको तलवले नै उनको घरायसी खर्च चल्ने गर्दछ । उनका दुई छोरा र छोरीलाई श्रीमान्को निर्णय अनुसार नै बोडिङ्ग स्कुल पढाएकी छन् । उनको प्राय सवै निर्णय श्रीमान्ले नै गर्ने गर्दछन् । खाना पकाउदा पनि श्रीमानले बाहिरबाट जे ल्याउदछन् त्यही नै पकाउने गर्दछिन् । बच्चालाई चाहिने स्कुलका सामाग्री, लुगाकपडा सबै श्रीमानले नै ल्याइदिने गर्दछन् । घरबाहिर मेलापात जाँदा पनि उनि श्रीमानलाई नै सोधेर जाने गर्दछन् । आफ्नो माइतीमा पनि सबै निर्णय बुवाको नै हुने घरमा पनि श्रीमानको नै हुने हुदाँ त्यसमा कुनै फरक छैन । त्यसकारण जो सम्पतिको मालिक हुन्छ निर्णय पनि उसको नै हुने भयो त्यसमा आफुलाई केही अप्ठ्यारो नलाग्ने बताउछिन ।

उनको दुइवटा छोरा छन् उनीहरुलाई बोडिङ्ग स्कुल पठाउने निर्णय श्रीमान्ले नै गरेका हुन् । आफुले परिवार नियोजन गर्दा बाहिरी कामकाज गर्न अप्ठयारो होला तिमीले नै गर भन्ने श्रीमान्को सल्लाह अनुसार उनले नै स्थायी नियोजन गरेकी थिइन् ।

**व्यक्तिगत अध्ययन :सात**

२०३५ भदौ २० गते चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १० जिरौनामा बुवा शंकर दराई र आमा आइतमाया दराईको माईली छोरीका रुपमा सावित्री दराई जन्म भएको थियो । उनका बुवा आमा किसान थिए । दुई भाई १ दिदी २ बहिनी गरी माइतीमा ७ जनाको परिवार खेतीपातीबाटै पालिने गर्दथ्यो । हिन्दु परिवारमा जन्मेकी उनलाई छोरीले पढ्नु भन्दा काम सिक्नु नै राम्रो हुन्छ, भन्ने बुझाईका कारण पढ्न नसकेकी उनको १७ वर्षको उमेरमा भरतपुर नगरपालिका १२ निवासी घनबहादुर दराईसँग विवाह भएको थियो । विवाहमा उनका माइतिले उनलाई बाखा र कुखुरा पेवाका रुपमा दिएका थिए । विवाह गर्दा उनकी सासु वितिसकेकी थिईन भने ससुरा, जेठाजुले नै घरको आर्थिक कारोवार गर्ने गदर्थे । हाल उनीहरु भिन्न भई ससुराले दिएको साडे तीन कठ्ठा जग्गामा टिनले छाएको सानो घर वनाएर बसेकी छन् । उनका श्रीमान वैदेशिक रोजगारीमा गएका छन् भने दुइवटी छोरी नजिकैको बोडिङ्ग स्कुलमा कक्षा ७ र ८ मा पढ्दै छन् । उनी आफु कुखुरा पाल्ने र मासु काट्ने बेच्ने काम गर्छिन् ।

श्रीमानले पैसा पठाउदा उनकै नाममा पठाउछन् । आएको पैसा कहाँ के मा खर्च गर्ने हो भन्ने निर्णय उनी आफु नै गर्दछिन । साढे तीन गठ्ठा मध्ये उनको नाममा १ कठ्ठा जग्गा छ त्यो पनि मालपोत कार्यालयले महिलालाई राजश्व छुटदिने हुँदा श्रीमानले उनको नाममा पास गरिदिएका हुन । त्यस जग्गा वेच्न पर्‍यो भने श्रीमानको निर्णयबाट नै गर्नुपर्ने हुन्छ । जग्गा जमिन वाहेकका अरु घरायसी कारोवार श्रीमान घरमै हुँदा पनि उनी आफुनै गर्ने गर्दछिन् । अहिले झन श्रीमान नभए पछि त सवै कारोवार उनको आफ्नै काँधमा छ । उनले माईतीबाट विवाहमा दाइजोको रुपमा भाडा कुडा सुन पाएकी थिइन् त्यो उनको इच्छाले नै चलाउने गर्दछिन् ।

संगोलमा हुदाँ पनि निर्णय उनको नभए पनि उनलाई हरेक व्यवहारमा सामेल लगाइन्थ्यो भिन्न भएपछि घरको कारोवार श्रीमानलाई थाहा नै नभएको उनी वताउछिन् । श्रीमानको विदेशबाट आउने कमाई आफुले पनि कुखुरा पाल्ने बेच्ने कार्यले गर्दा दैनिकी राम्रो सँग चल्ने गर्छ । उनी  दराई मिलन समुहमा पनि आबद्ध छिन् । समुहमा पैसा जम्मा गर्ने र चाहिँदा निकाल्ने गर्न उनलाई श्रीमान्लाई जानकारी गराइराख्नु पर्दैन । समुहका

क्रियाकलापमा पनि उनि आफु नै सरिक हुने गर्दछिन् । माइतीमा छोरीलाई पढाउनु पर्दैन भन्ने धारणाले गर्दा उनले पढ्न पाईनन् । विवाह पछि श्रीमान कै सहयोगमा प्रौढ शिक्षा पढी अहिले चिठ्ठी पढ्न सक्ने र आफ्नो नाम लेख्न सक्ने भएकी उनलाई पढ्न पाएको भए आफु पनि समाजमा केही काम गर्न सकिन्थ्यो होला भन्ने लाग्दछ ।

छोरी र छोरामा फरक नठान्ने उनी छोरीलाई राम्रोसँग पढाएर छोरीलाई पनि छोराले गर्ने काम गर्न सक्छन् भन्ने विश्वासका साथ बोडिङ्ग स्कुल पढाउने निर्णय उनी आफैले गरेकी थिइन् र जति सम्म पढ्न उनिहरु चाहन्छन उनीहरुलाई पठाउने उनको चाहना छ ।

दुई छोरी जन्मिए पछि उनी आफैले जिल्ला अस्पताल चितवनमा गएर स्थायी परिवार नियोजन गरेकी छिन् । यसमा श्रीमान्को पनि पूर्ण सहमति थियो । राजनैतिक क्रियाकलापमा पनि छिमेकी दिदी बहिनीसँग मिलेर उनि जाने गर्छिन् । राजनितिक पार्टी छान्ने बारेमा पनि उनी आफ्नो इच्छाले नै गर्दछिन् । यसपालीको संविधान सभामा उनि आफ्नो ईच्छाएको पार्टीलाई भोट हालेकी थिईन् ।

**व्यक्तिगत अध्ययन : आठ**

२०३१/२/७ गते पिठुवा गा.वि.स. वडा नं. १ खैरेटीमा आमा कमला दराई र बुवा दधिराम दराईको तेश्रो सन्तानको रुपमा वसन्ती दराइको जन्म भएको थियो । बुवा उनी सानै छँदा वितेको हुँदा आमा दुई दिदी र १ भाई गरी उनीहरुको ५ जनाको परिवार ५ कट्ठा जमिनमा पालिनु पर्दथ्यो । त्यसैले उनी सानो छदाँ आमा सँग अकाको मेलापात र घर धन्दा मै आफ्नो पढ्ने समय विताईन् ।

२० वर्षको उमेरमा सामान्य पढेलेखेका भरतपुर नगरपालिका वडा नं. १२ दराइटोल निवासी सुकराम दराइसँग विवाह भएको थियो उनको पनि मिस्त्री काम गर्दछन् भने उनी पुर्ख्योली अंशबाट पाएको डेड कठ्ठा जमिनमा भैसी, कुखुरा, बाखा, हाँस पालेकी छन् । सानो चित्राको घर वनाएर बसेका उनको परिवारमा ३ छोरी ४, ५ कक्षा पढेर पढ्न

छोडीसकेका छन् । उनीहरु आमा सँगै अर्काको मेला पर्म हिड्ने जँगल गएर घाँस दाउरा गर्ने साथै उनलाई घरको काम सघाउने गर्दछन् ।

छोरीलाई सकि नसकी पढाए पनि अर्काको घरमा जाने जातनै हो । फेरी उनिहरु स्कुल गए भने गाईवाखा कसले हेर्ने जंगल गएर घाँस दाउरा म एक्लैले गरेर भ्याउदिन त्यसैले उसका बावुले नै अक्षर चिनिहाल्यौ, हिसाब किताब गर्न जान्ने भएपछि भईहाल्यो नि ? भनेर पढ्न छुटाएका हुन् छोरा त पढ्नु पर्‍यो बाबु आमालाई पाल्नु पर्‍यो । भोली विवाह पछि श्रीमती, छोरा, छोरी कै पाल्ने जिम्मेवारी अपनाउनु पर्‍यो । त्यसैले उसले केही गर्न पर्‍यो नि भन्ने सोच उनिहरुमा भएकोले छोराको पढाई चाही निरन्तर हुने उनी बताउछिन् । डेड कठ्ठा जग्गा उनको श्रीमानको नाममा छ । उनले आफ्नो नाममा दराइ मिलन समुहमा केही रकम जम्मा गर्ने गर्दछिन । घरको हाँस, कुखुरा बेच्दा आएको पैसा उनका श्रीमानले नै राख्ने गर्दछन् आफ्नो काम बाट आएको रकम साथै श्रीमतीको मेलापात बाट कमाउको कमाई उनी आफैले राख्ने गर्दछन् । घरमा चाहिने भाडा बर्तन लुगा कपडा किन्नु पर्दा उनले श्रीमानसँग मागेर किन्ने गर्दछिन् । त्यस्तै उनले आफ्नो नाममा रहेको समुहको खाताबाट पैसा झिक्दा पनि श्रीमानलाई नै सोध्ने गर्दछिन त्यस्तै घरका बाखा, हाँस, कुखुरा बेच्दा पनि श्रीमानले नै बेच्ने गर्दछन् । त्यसमा सहभागी चाहीँ उनि पनि हुन्छिन् ।

घर भित्रका भान्सा चुलो चौकोको कार्यमा उनका छोरीहरु नै वढी सक्रिय हुन्छन् त्यसमा उनले आज यस्तो पकाउ भनेर छोरीलाई सिकाउ छिन त्यही अनुसार नै उनीहरुले गर्ने गर्दछन् । उनि दराई मिलन समुहमा सदस्य छिन । समुहका कार्यक्रमहरुमा कहिले काही आफै जान्छिन् भने कहिले काँही छोरीहरुलाई पनि पठाउने गर्दछिन् । मेलापात आफु जाँदा या छोरीहरुलाई पठाउने उनले आफै मिलाएर जाने गर्दछिन् । घरमा कोहि विरामी भएमा औषधी उपचार गर्ने विषयमा पनि उनी श्रीमान सँग सोधेर नै गर्ने गर्दछिन् ।

सामाजिक कार्यहरुमा पनि आफुनै सहभागी हुने गर्दछिन् । छोराछोरी जन्माउने विषयमा पनि उनलाई ३ छोरी भए पछि रहर थिएन तर श्रीमानलाई छोराको रहरले गर्दा ३ छोरी पछि फेरी अर्को छोरा जन्माएकी थिइन् । छोरा पछि आफुले नै स्थायी परिवार नियोजन गरेकी छन् ।

**व्यक्तिगत अध्ययन : नौ**

२०४९।११।२५ गते भरतपुर नगरपालिका वडा नः-१२ दराई टोलमा बुवा बुधे दराई र आमा प्रहनी दराईको कोखबाट समिता दराईको जन्म भएको थियो । सम्पन्न परिवारमा जन्मिएकी उनका १ भाइ इन्जिनियर छन्  भने उनमा बुवा ठेकेदार काम गर्दछन् । उनका बुवा आमाका उनी र उनका १ भाइ गरी जम्मा २ सन्तान थिए परिवारमा हुर्किएकी उनलाई माइतिमा कुनै कुराको कमी महसुश भएन । उनका बुबाको भरतपुरमा १ विगा जग्गा साथै टाँडीमा एक विगा गरी जम्मा २ बिगा जमिनका साथै ठेक्केदारी कमाई पनि भएको हुँदा आर्थिक हिसावले उनीलाई कुनै कुराको कमि महसुश भएन । उनका बुवा आमाले उनका भाइ र उनलाई बोडिङ्ग स्कुल पठाएका थिए । उनीहरुलाई छोरीलाई पनि छोरा सरह नै पढाउने रहर थियो तर उनी ९ कक्षा पढ्दै गर्दा त्यही टोल निवासी राजेन्द्र दराईसँग भागी विवाह गरेकी थिइन ।  पछि उनका वुवाले उनलाई २ कट्ठा जमिन दिएका थिए ।

उनले फुपुकी देवरसँग विवाह गरेकी थिईन् । उनका विवाह पछिको घर पनि उच्च वर्गकै पर्दछ । उनका सासु ससुराका दुई ओटा मात्रै छोरा छन् । ससुरा महिला मिलन समूहमा काम गर्दछन् । उनका श्रीमान् मास्टर डिग्री गरेका छन् । साथै जिल्ला शिक्षा कार्यलय संखुवासभामा कार्यरत छन । सासु ससुरासँगै रहेकी उनका छोरा र एक छोरी छन् । उनले घरमा पशुपंक्षी , खेतीपाती साथै घरायसी काम गर्ने गर्दछिन् ।

घरको अचल सम्पतिमा  जग्गा उनको ससुराको नाममा छ । भरतपुरमा रहेको सो जग्गा १ कट्ठा बेचे पनि ३ तला घर वन्छ तर उनका ससुराले जग्गा बेच्न नमान्ने हुँदा नयाँ घर  बनाएर बस्ने उनको इच्छा भए पनि पुरानो घरमै गुजारा गर्नु परेको उनको भनाइ छ । श्रीमान्को जागिर ससुराको जागिरका साथै अन्नवाली बेचेर पनि प्रशस्तै आम्दानी हुने हुँदा उनको दैनिकी सजिलो सँग चल्ने गर्दछ । विवाह पछि पनि सासु ससुराको सहायोग र श्रीमानको पनि पढाउने इच्छा भएको ले उनले अहिले B.B.S. पढ्छिन् । उनले नारायणगढमा भएको लुम्विनी विकास बैंकमा खाता खोलेकी छन् । त्यसमा उनले माइतीले दिएको केहि पैसा जम्मा गरेकी छिन् । श्रीमानले पनि उनको खातामा पैसा पठाईदिने गर्दछन् ।

आफुलाई खाँचो पर्दा त्यहीबाट झिकेर चलाउने गर्दछिन । घरको आर्थिक कारोवार सबै ससुराले नै गर्ने गर्दछन् । त्यस्ता कारोवारमा आफुलाई सामेल गराएता पनि निर्णय ससुरको आफ्नै नै हुन्छ । श्रीमान्ले कमाएको सम्पतिमा ससुराले कुनै चासो देखाउदैनन् । उनको आफ्नो खर्च श्रीमानले दिएको पैसा बाट नै गर्ने गर्दैछिन । परिवामा सवैको इच्छा अनुसार नै आफ्ना दुई छोरा छोरीलाई हीलवर्ड बोडिङ्ग स्कुलमा पढाएकी छन् । बच्चाको स्कुल फिस तिर्नै बच्चा बच्चीलाई चाहिने सम्पूर्ण सरसमान उनी आफै किनेर ल्याउने गर्दछिन । मेलापात जाने वेलामा घरमा सासु ससुरा सँग सल्लाह गरेर जाने गर्दछिन् । दुई वटा बच्चा बच्ची पनि हुर्कि सकेकाले आफुले पनि वाहिर गएर जागिर गर्ने उनको ईच्छा भएपनि आफुले भने जस्तो जागिर पाउन नसकेको हुँदा उनको पेवापातको सम्पति बेचर व्यवसाय गर्न मन लागेको छ तर श्रीमान् र ससुराले सो कार्य गर्न नदिएको हुँदा उनीहरुको ईच्छा विपरित गएर व्यवसाय गर्न नसकेको उनी बताउछिन् । विचार गरेकी छन् । घर भित्रको कार्यमा उनी आफु नै निर्णय गर्ने सक्छिन् । घरमा चाहिने साना तिना सरसामान पनि उनि आफूले नै किनेर ल्याउने गर्दछिन् । दुई सन्तान पछि अर्को नजन्माउने निर्णय उनिहरु दुवै जनाको रहेको हुँदा श्रीमानले नै अस्थायी नियोजनका साधन अपनाउने गरेको भनाइ छ । राजनैतिक निर्णय पनि उनको आफ्नै हुने हुँदा यसपालीको संविधान सभाको चुनावमा ईच्छा लागेको पार्टीमा भोट हालेकी थिईन् ।

**व्यक्तिगत अध्ययन : दश**

२०३८।९।१४ गते रत्ननगरपालिका वडा नं:-९, घेघौलीमा बुबा सविराम दराइ र आमा सावित्री दराइको कोखबाट चौथो सन्तानको रुपमा लक्ष्मी दराईको जन्म भएको थियो ।

उनका बुबा किसान थिए । प्रशस्त जग्गा जमिन भएका उनीहरु खेतिपातीमा धान, गहुँका साथै तरकारी पनि लगाउँथे । उनिहरु तरकारी खेतिबाट प्रशस्त आम्दानी गर्ने भएकाले आर्थिक रुपमा सजिलो स्थितिमा थियो ।

उनका दुई दिदीले पढ्न नपाए पनि उनका अरु दिदी बहिनी र दाजु भाईले पढ्ने मौका पाएका थिए । S.L.C. सम्म पास गरी उनको २० वर्षको उमेरमा भरतपुर

नगारपालिका वडा नं.:-१२, विवासी दुखिराम दराइसँग विवाह भएको थियो । उनका पति पनि S.L.C. पास गरेका र अहिले उनि साउदी अरब रोजगारीको लागि गएका छन् । घरमा उनका ससुरा उनी र दुई छोराछोरी गरि चार जनाको परिवार छ । उनका दुइ छोराछोरी एडमेच्चर एकाडेमी वोडिङ्ग स्कुलमा पढ्दै छन् । उनको घरमा ससुराका ६ छोरा र २ छोरी थिए भने सासु पहिल्लै वितिसकेकी थिइन । उनका श्रीमान् कान्छा छोरा हुन् । ससुराको अंशबाट पाएको साडे पाँच कट्ठा जमिनमा टिनको पाता लगाएर सानो घर बनाई उनि वसेकी छन् । घर र उक्त जग्गा उनको श्रीमानको नाममा छ । उनले छुट्ट भिन्न हुँदा माईतीबाट पाएको भाँडाकुडाँ पनि आफु साथै ल्याएकी थिईन ।

१ कट्ठा पछि श्रीमानले पठाएको पैसाबाट उनले लिएकी थिइन् । महिलालाई जिल्ला मालपोत कार्यालयले जग्गा पास गर्दा छुट दिने हुदाँ श्रीमानले उनको नाममा पास गर्न लगाएका थिए । पहिला संगोलमा बस्दा सबै निर्णय ससुरा वा र जेठाजुले गर्ने गर्थे । ससुरा भए पनि उनलाई अहिले कारोवार गर्न छोडेका छन् । श्रीमानले पनि वाहिर बस्ने हुँदा घर व्यवहारका कुरा उनलाई घरमै भए पनि थाहा नहुने त्यसैले श्रीमान् घर मै भए पनि सबै व्यवहार आफ्नो हातमा नै भएको र जग्गा रहेको घर पशु वेचविखान गर्नपर्दा सानातिना आर्थिक लेनदेन जस्ता कुरामा आफुले निर्णय गर्दछिन । तर आफ्नो नाममा भएको भएता पनि घरजग्गाको कारोवार आफुले गर्न नसक्ने उनको भनाई छ । उनलाई विवाहमा गरगहनाको साथै पैसा दिएका थिए गरगहना आफै लगाउने गरेकी तर उक्त पैसा भने व्याजमा गाँउका व्यापारीलाई दिने गरेकी छिन् ।

आफ्नो विवाह पछि पढ्ने रहर पुरा हुन नसके पनि छोरा छोरीलाई बोडिङ्ग, स्कुल पढाएर केही गर्न सक्ने बताउने उनलाई रहर छ , बच्चालाई बोडिङ्ग स्कुल हाल्ने निर्णय पनि उनी आफैले गरेकी छन् । उनि महिला विकास समुह र दराई मिलन समुह र नबप्रभात बचत संस्था गरी तीन समुहमा सग्लग्न छिन यहाँ उनले महिनाको रु १०० का दरले रकम जम्मा गर्ने गर्छिन । उनले पालेका हाँस कुखुरा बेचेर आएको पैसाले घर खर्चमा साथै बचत समुहमा जग्गा गर्ने हाकिम चोकको बैङ्कमा उनले खाता खोलेकी छन् । श्रीमानले त्यहि खातामा पैसा पठाउने गर्दछन् । त्यहाँबाट उनले आफ्नो घरायसी खर्च चलाउछिन् । घर बाहिरका काममा जानुपर्दा उनी आफुनै जाने गर्दछिन ससुरालाई म आज त्यहाँ जानुछ,

भनेर जानकारी दिन्छिन् तर जान्छु है भनि सोध्नु नपर्ने भएको बताउछिन् समुहका कार्यक्रममा पनि उनि उपस्थित हुन्छिन । पढेलेलेकी कारणले उनलाई दराई मिलन समुहमा उपाध्यक्ष पद मिलको छ । महिनावारी वस्ने बैठकमा पनि उनी सधै उपस्थिती हुन्छिन रकम पठाउने काम पनि उनले नै गर्ने गर्दछिन । ससुराले घरको काम काज सघाइदिने हुँदा उनलाई घरबाहिरका कार्य गर्न सजिलो भएको वताउछिन् । घरभित्रका कार्य उनी आफ्नो विचारले नै गर्ने गर्दछिन छिमेकीसँग मेलापात गर्दा पनि उनि आफ्नो घरको चाँजोपाँजो मिलाएर जाने गर्दछिन् ।

घर बाहिर गएर जागिर खाने रहर भए पनि घरमा सासु विवाह गर्दै नभएकी र श्रीमान बाहिर गईराख्ने हुँदा बच्चा बच्चीको हेरचार र घर व्यवहारबाट बाहिर निस्कन उनी सकिनन् । एक छोरा र छोरी पछि अर्को बच्चा जन्माउने निर्णय दुवैजनाको रहेको र अहिले उनका श्रीमानले नै स्थायी नियोजन अपनाउने गर्दछन । राजनितिक निर्णय पनी उनिको आफ्नो नै हुने गर्दछ ।

**व्यक्तिगत अध्ययन : एघार**

२०२३/१२/२० गते रत्ननगर नगरपालिका वडा नं. १ सौराहामा आमा मंगलीदेवी दराइ र बुवा सोम दराईको कोखबाट सीमली दराइको जन्म भएको थियो । कमजोर आर्थिक अवस्था भएको परिवारमा जन्मिएकी उनको स्कुलले उमेर आमासँगै मेलापात जादैमा बित्यो । बुवाले ज्यामी कामबाट ल्याएको ज्याला र आफु र आफ्नी आमाले मेलापात गरेर नै उनको विहानी बेलुकाको छाक मुस्किलले टर्ने गर्दथ्यो ।

२१ बर्षको उमेरमा रत्ननगर नगरपालिका टाँडी निवासी २३ विर्षीय आइतराम दराइसँग उनको विवाह भएको थियो । ५ दाजुभाई र ३ दिदी वहिनी रहेको उनको घरमा उनका श्रीमान् माइला छोरा थिए । सामान्य किसान काम गरेर खाने उनको परिवारमा ससुराले नै घरको सम्पुर्ण कारोवार गर्दथे । विवाहको ५ वर्षपछि उनका ससुराले उनीहरुलाई छुट्याइदिए पछि उनको दिदीको नजिकै केही गर्ने उद्देश्य लिएर आफुले पाएको साडे दुई कठ्ठा जग्गा बेची भरतपुर वसाइ सरेका थिए । भरतपुर आए पछि उनका श्रीमानले त्यहाँ १ कट्ठा जग्गा किनी सानो घर बनाई बसेका थिए । उनीहरुले त्यहाँ बगुर पालन गर्न

थालेका थिए वंगुर पालनबाट राम्रो आम्दानी भएको पछि उनीहरुको दैनिकी सजिलो हुन थाल्यो । त्यसबाट बचत गरेर उनीहरुले अरु दुई कट्ठा जग्गा पनि जोड्न सफल भए । त्यहाँ बंगुर साथ-साथै कुखुरा, वाखा र हाँस पनि पाल्न थाले । बंगुरको हेरचाह उनका पतिले गर्थे भने हाँस, कुखुरा र बाखालाई जंगलमा गएर घाँस, खाना पकाउने दाउरा उनलेनै ल्याउने गर्थिन् । हाल समाजमा अन्य जातको मानिसको विरोधको कारण बंगुर हटाइसकेका छन् । हाँस कुखुरा र बाखाबाट नै उनिहरुको घरायसी खर्च चलाउनुपर्दछ । दुई कट्ठा जग्गा उनको श्रीमानको नाममा छ । उनका ३ छोरी हरुको आमा वुवाको सल्लाह बमोजिम विवाह भई आफ्नै घरघरमा गएका छन् भने छोरा बुहारी पनि भारततिर नोकरीको शिलशिलामा गएका छन् । उनका आफ्नो पेवा पैसा जे भने पनि दराई मिलन समुहमा जम्मा गर्ने केही रकम नै हो त्यहाँ उनले आफने नाममा महिनाको १०० रुपियाको दरले जम्मा गर्ने गर्दछिन् । त्यसको लागि उनले बाखा, हाँस, कुखुरा बेच्ने श्रीमानले दिएको केही रुपिया र घर खर्चबाट केही रकम बचाएर गर्ने गर्छिन् । छोरीहरुको विवाह पनि एउटीको भागि विवाह भएको थियो । भने एउटी छोरी उनका श्रीमान श्रमितीको निर्णय अनुसार नै भएको थियो । उनका छोरा कामको सिलसिलामा भारत तिर गएका छन् । छोराले पठाएको पैसा श्रीमानले नै राख्ने गर्दछन् । तर त्यस्ता कार्यमा उनी पनि सहभागि हुन्छिन् । घरका हाँस, कुखुरा, बाखा बेच्दा र किन्दा उनका श्रीमानले नै गर्ने गर्दछन् । उनलाई घर खर्चको लागि केही रकम दिने गर्दछन् । त्यसबाट उनको आफ्नो तरिकाले घर चलाउने गर्छिन् । घरमा चाहिने फर्निचर भाँडा, कुडा, दराज, टि.भि. जस्ता सामान किन्नु परेमा उनका श्रीमानले नै किन्ने गर्दछन् उनलाई पनि अन्य छिमेकी दिदी बहिनीले जस्तै मोवाइल लिने रहर छ तर उनका श्रीमानले नपढेको मान्छेलाई के काम भनेर किनी दिएका छैनन् । अन्य सामानहरु घरमा चाहिने खानेकुरा पाहुना आउदा गर्नुपर्ने सत्कारका लागि साथै चाडपर्व मनाउन चाहिने चिजविजहरु भने उनी आफुले नै किनेर ल्याउछिन् त्यसमा श्रीमानले चाहिएको खर्च दिने गर्छिन त्यो आफ्नै तरिकाले आफ्नै विचारले गर्ने गर्छिन ।

घर बाहिर जाने काम मेलापात जंगल दाउरा घाँसको लागि उनी आफ्नो इच्छाले नै जाने गर्दछिन् । समुहमा उपस्थित हुने बेलामा पनि उनका श्रीमानले घरको काममा सघाएर पढाउने गर्दछन् । घरमा हुने आर्थिक कारोबार श्रीमानले गर्ने भए पनि सल्लाह उनको पनि लिने गर्दछन् ।

३ छोरी पछि छोराको रहर उनी आफुलाई पनि भएको कारणले नै चौंथो पटक बच्चा जन्माउने रहर उनले नै गरेकी थिइन् विरामी हुँदा औषधी उपचार गर्न पनि उनि आफ्नो इच्छा अनुसार नै जाने गर्दछिन । त्यसमा श्रीमानलाई जान्छु भने पछि रोक-तोक नगर्ने बरु औषधी किनेर ल्याइदिने गर्दछन् ।

**व्यक्तिगत अध्ययन : बाह्र**

२०३६/०२/११ गते चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १० जिरौनामा बुवा दिनबहादुर दराई र आमा सुरौनी दराईको साइली छोरीको रुपमा कमला दराइको जन्म भएको थियो । मध्यम वर्गीय किसान परिवारमा जन्मिएकी उनी खेतिपाती बाटै आफ्नो घर खर्च चलाउनु पर्ने परिवारमा पढाईलाई भन्दा मेलापात र घाँस, दाउरा, पशुको स्याहार गर्नुलाई नै जोड दिइन्थ्यो । त्यसैले उनका चार दिदी वहिनी ४ र ५ कक्षामा पढ्दैमा पढाई छोडेर घरायसी काम काजमै लागे भने उनका २ भाई एस.एल.सी पास गरी विदेश तिर गएका छन् । २० वर्षको उमेरमा भरतपुर नगरपालिका वडा नं. १२ निवासी ज्ञानबहादुर दराईसँग उनको विवाह भएको थियो । उनको श्रीमान्का ३ दाजुभाई र २ दीदी मध्ये उनी कान्छी बुहारी हुन् । उनका ससुरा डोका नाम्ला गराउने काम गर्दथे भने जेठाजु र श्रीमान बंगुर पाल्ने खेतीपाती र पशुपालन मै ब्यस्त हुन्थे । दुई बच्चा बच्ची जन्मिए पछि छुट्टिएको उनी अहिले ससुराले दिएको साडे ५ कट्ठा जग्गामा सानो घर बनाएर बसेकी छन् । उनका श्रीमान कतारमा छन् भने दुई बच्चालाई एडभेञ्चर स्कुलमा भर्ना गरेकी छन् । बच्चा-बच्ची स्कुल जान थाले पछि सिलाई कटाई तालिम सिकेर अहिले उनी हाकिम चोकको सीमा लेडिज टेर्लसमा लुगा सिलाउने काम गर्दछिन् ।

आफ्नो जग्गा जमिनमा तरकारी, धान खेती गर्छिन । उनले हाँस, कुखुरा, बाखा पनि पालेकी छन् । श्रीमाानले पठाएको पैसा र आफुले सिलाई कटाई साथै हाँस, कुखुरा बेचेर आएको पैसाले गर्दा उनको घरायसी खर्च चलाउन सजिलो भएको छ । विवाहमा अली अली सुनका गहना र भाडाकुडा फर्निचर पाएकी थिईन् । त्यो गहना घर बनाउने बेला पैसा नपुगेर बेच्नु परेको बताउछिन् । उनले दराइ मिलन समुह र नवप्रभात वचत संस्थामा पनि रकम जम्मा गर्ने गर्दछिन । साथै भरतपुर संचालित बालबचत समूहमा पनि छोराछोरीको नाममा महिनावारी रकम जम्मा गर्ने गर्दछिन । घर र जग्गा जमिन उनको श्रीमानको

नाममा छ । त्यसमा उनले कुनै निर्णय गर्न सक्दिनन् । अन्य साना आर्थिक कारोबारमा उनी आफुले नै गर्नुपर्ने उनी बताउछिन् । छिमेकीसँग गनुपर्ने आर्थिक लेनदेन जस्ता कुरामा पनि उनी आफुले नै गर्दछिन् । श्रीमानलाई त्यसबारेमा त्यति थाहा नभएको आफुले त्यस बारेमा जानकारी दिने तर आफ्नो हिसाबले नै त्यस्ता कार्य गर्ने गर्दछिन् ।

संगोल परिवारमा हुँदा आफुले त्यस्ता आर्थिक कारोवार कुनै पनि गर्न नपाउने तर घरको कारोवारमा सामेल बनाइने उनको भनाई छ । तर छुट्टिएपछि कारोबार आफ्नै हातमा भएकोले आफ्नै स्वविवेक प्रयोग गरी निर्णय गनुपर्ने हुन्छ । समूहले दिने तालिमहरुमा पनि उनि सहभागी हुने गर्दछिन् । घरमा कार्यहरु टेलीफोन विल , विजुली पानीको विल तिर्न पनि उनी आफै नै जाने गर्दछिन् । यसपालिको संविधान सभामा राजनितिक पार्टिको र्‍यालीमा पनि छिमेकीहरुसँग मिली उनी पनि गएकी थिइन र भोट हाल्ने पार्टी चुन्ने निर्णय पनि उनको आफ्नो नै हुन्छ र छोरा पछि अर्को सन्तान नजन्माउने दुई बच्चाको विचमा ५ बर्षको अन्तर राख्ने निर्णय पनि उनी आफ्नो भएको उनी बताउँछिन् ।

**व्यक्तिगत अध्ययन : तेह्र**

२०३८/३/१७ गते चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १ सौराहामा उषा दराईको जन्म भएको थियो । उनका बुबा बैदेशिक रोजगारीमा जाने गर्दथे भने आमा र उनका दुई दिदी र १ भाइ घरमै कृर्षि लगायत पशु पालन गर्ने गर्दथे । जग्गा जमिन प्रशस्त भएको उनको परिवारमा अन्नवालीबाट उनीहरुको घरयासी खर्च सजिलैसँग चल्ने गर्दथ्यो । उनका बुवा पनि पढेलेखेका थिए । छोरीलाई पढाउन पर्छ भन्ने सोच भएका बाबु आमाले उनका दुइ दिदी र उनलाई पनि भाइ सरह स्कुल पढ्न जाने मौका दिएका थिए ।

२२ बर्षको उमेरमा वि.ए.मा पढ्दा पढ्दै उनको विवाह भरतपुर नगरपालिका वडा नं. १२ दराईटोल निवासी ईश्वर दराईसँग भएको थियो । परिवारमा उनका ससुरा सामाजिक कार्यकर्ता थिए भने दुई जेठाजु वैदेशिक रोजगारीमा गएका र उनका श्रीमान भरतपुरकै कोको कोला कम्पनिमा काम गर्छन । विवाह पछि पनि परीवारको सहयोगमा पढाई लाई निरन्तरता दिने मौका पाएकी उनी हाल एम.ए पास गरी भरतपुरमा नै रहेको

सामुदायिक विकास संगठन गैरसरकारी संस्थामा कार्यरत छिन् । संयुक्त परीवार बाट भिन्न भएपछि श्रीमानले पाएको ५ कट्ठा जमिनमा पक्कि घर बनाएर उनका दुई छोरी सहित उनको ४ जना परीवार रहँदै आएको छ । श्रीमानको कमाइको साथै आफ्नो कमाई बाट घरयासी खर्च सजिलो गरी चल्ने गर्दछ भने श्रीमान्ले आफ्नो जागीरबाट आएको तलब भरतपुरकै सन राईज बैंकमा खाता खोली जम्मा गर्ने गर्दछन् र चाहिएको बेलामा झिकेर उनलाई दिने गर्दछन् । त्यसबाट उनले आफ्नो विचारले आफ्नो घरायसी कार्यमा खर्च गर्ने गर्दछिन् । उनले घरबाट हाँस, कुखुरा पनि पालेकी छिन जस बाट पनि केही आम्दानि हुने गर्दछ र घरायसी खर्चलाई सहयोग पुग्छ । जग्गा जमिन र घर श्रीमानको नाममा छ । उनको आफ्नो नाममा जग्गा जमिन नभएको जागिरबाट आएको तलब बचत गरी वैंक खातामा केही रकम जम्मा भएको साथै नवप्रभात बचत संस्थापनि सदस्य रहेको र त्यसमा पनि उनले बचत गरेकी छन् । भरतपुरकै बाल बचत समुहमा दुई छोरीको नाममा केही रकम जम्मा गर्ने गर्दछिन् । छरछिमेकीले पनि महिनावारी व्याजमा उनिसँग ऋण लिने गर्दछिन् । त्यसका साथै कुखुरा हाँस बेचेको पैसा पनि कहिले काही घरमा खाँचो नपर्दा बैक खातामा लगेर जम्मा गर्ने गर्दछिन । प्रायजसो घरयासी खर्चको लागि उनका श्रीमानलेनै दिने गर्दछन् भने उनले पनि सानो तिनो खर्च आफ्नो तलब बाट पनि गर्ने गर्दछिन । घर जग्गा जमिनको कारोवार उनका श्रीमानलेनै गर्दछन् । त्यसमा उनको सल्लाह पनि उत्तिकै महत्वपुर्ण हुन उनि बताउँछिन् । अन्य कारोवार घरमा पालेका हाँस, कुखुरा बेच्न पर्दा घरमा काटेर खानलाई उनि आफ्नो विचारले नै गर्ने गर्दछिन् । घरमा चाहिने भाडाकुडा फर्निचर जस्ता कुरा पनि उनी आफ्नो इच्छा अनुसार किन्न सकिन्छ खेतीवालीलाई औजार प्राय उनका श्रीमानले नै किन्ने गर्दछन् ।

बच्चाहरुलाई सनराइज वोडिङ्ग पढाउने भन्ने निर्णय पनि उनि आफैंले गरेकी थिइन र यसमा श्रीमानको पूर्ण सहमती थियो । पढेलेखेकी महिला भएकी हुँदा उनले कहाँ कुन जागीर गर्ने भन्ने विभिन्न निर्णय पनि उनि आफुलेनै गर्न सक्ने त्यसमा श्रीमानको सहयोग रहको बताइनन् । जागिर छोड्ने भन्ने उनको आफ्नो विचार नै नहुने हुँदा त्यसमा श्रीमानको कुनै भुमिका नहुने बताउछिन् ।

उनी कहिलेकाँहि राजनितिक क्रियाकलापमा पनि भाग लिने गर्दछिन् । सामाजिक कार्यहरुमा पनि घरको ब्यवस्था मिलाई विदाको दिन पऱ्यो भने सक्रिय हुन्छिन् । त्यसमा श्रीमान्को अनुभुतिको कुनै ख्याल गर्नु नपर्ने बताउछिन् । राजनितिक पार्टी छान्ने काम पनि उनको आफ्नो स्वविवेकले नै हुने गर्दछ । सन्तानको विषयमा पनि दुई छोरी पछि अर्को बच्चा नजन्माउने निर्णय उनको आफ्नै भएको र उनका श्रीमान्ले नै अस्थायी साधन अपनाउने उनको भनाई छ ।

**व्यक्तिगत अध्ययन : चौध**

२०२३/३/१३ गते चितवन जिल्ला पदमपुर गा.वि.स वडा ९ मा फोहनी दराईको जन्म भएको थियो । निम्न आर्थिक अवस्था रहेको उनको परिवारमा आमा बुवा अर्काको ज्यालादारी काम गर्दथे । सानो छँदा उनी घरमा पशुचौपायको स्याहार सुसार भाइ वहीनी हरुको हेरचाह गर्दथिन् भने सक्ने भएपछि आमासँगै ज्यालादारी काममा हिड्थे । विहान बेलुकाको छाक छार्न अर्काको काम नगरी नहुने उनको परिवारमा पढ्नेमौका दुई भाई बाहेक अरु दिदी वहिनीले पाएनन् । १८ वर्षको उमेरमा उनका आमा बुवाले भरतपुर वडा नं. १२ का भुकदेव दराईसँग उनको विवाह गरिदिएका थिएँ । ५ दिदी वहिनी र दाजुभाई रहेको उनको परिवारमा उनी जेठी बुहारी थिइन । सम्पतिको नाममा एउटा सानो घर र ४ कठ्ठा जग्गा जंगल छेउमा थियो । त्यस जग्गाको अन्नपातले उनको परिवारलाई दुई महिना पनि धान्दैनथ्यो त्यसैले घरमा पनि सवैजना मजदुरी काम नै गर्ने गर्दथे । विवाह गरेको ७ वर्षपछि उनीहरु अलग्गीएका थिए । उनकै श्रीमान्ले पाएको १० धुर जग्गामा सानो झुपडी बनाएर बसेकीथिइन् । जग्गा श्रीमानको नाममा छ । उनका श्रीमान घर बनाउने काममा हिड्छन् भने उनले बाखा बंगुर कुखुरा हाँस पालेकी छन् । ३ छोरी र २ छोरा मध्ये छोरीहरुको विवाह भैसकेको छ । छोरीहरुको विवाह उनको घर सल्लाह बाटै भएको थियो । भने छोरा बाबुसँगै मजदुरी काममा हिड्छन् अहिले उनको पनि विवाह भैसकेको र बुहारी पनि उनिसँग जंगल जाने घाँस दाउरा ल्याउने, वाखा जंगल चराउनलैजाने साथै अर्काको मेलापात जाने गर्दछिन् । बुहारीको बच्चा भएकाले उनिहरु पालो गरी जँगल जाने गर्दछन् । घरको सम्पुर्ण चाजोपाँजो आफुले नै मिलाउने गर्दछिन् । घरको बाखा हाँस कुखुरा किनबेच

गर्नुपर्दा उनले श्रीमानलाई साथै छोरा बुहारी सँग सोध्ने गर्छिन् । घरमा चाहिने खाद्यान्य सामाग्री तथा लत्ता कपडा भाडा बर्तन उनी आफनो निर्णयमा नै लिने गर्दछिन ।

श्रीमानले गरेको ल्याएको मजदुरीको ज्याला , पशुपंक्षी बेच्दा आएको रकम उनी आफुले नै राख्ने गर्दछिन् र त्यसैबाट उनले आफनो घर खर्च चलाउने गर्दछिन् । घर खर्च गर्नु पर्दा श्रीमानलाई सोध्ने गर्दछिन् । मेलापात कसकोमा जाने नजाने भन्ने निर्णय पनि उनी आफुले नै गर्ने गर्दछिन् । घरमा खाना पकाउन के पकाउने भन्ने विषयमा पनि उनी आफुले पनि गर्न सक्ने साथै बुहारीले पनि उसको आफ्नो इच्छाले गर्ने बताउछिन् । घरमा जुन वस्छ खाना खाजाको निर्णय उसले नै गर्ने गर्दछन् । घरमा कोही विरामी भएमा पनि औषधीउपचार गर्न लैजाने विषयमा पनि उनी आफु निर्णय गर्न सक्ने बताउछिन । उनलाई घरबाट निस्कने फुर्सद पनि नहुने र आफु पढेलेखेको नभएको हुँदा घर वाहिरका सामाजिक राजनैतिक कार्यमा आफु सहभागी नभएको बताउने उनी अहिले सम्म कुनै बचत सहकारी संस्थामा आबद्ध भएकी छैन् आफुले कमाएको पैसा घर खर्चमै सकिने हुँदा बचत गर्ने विषयमा सोच्दै नसोचेको उनले बताउछिन् ।

**व्यक्तिगत अध्ययन : पन्ध्र**

२०१९ सालमा चितवन जिल्ला बगौडा गा.वि.स कल्याणपुरमा सञ्चरी दराईको जन्म भएको थियो । उनको बाबु अर्काको घरमा हलो जोत्ने काम गर्थे भने उनकी आमा मेलापात जान्थिन । आफ्नो थोरै जग्गा भएका उनीहरुले गाइबस्तु पालेका थिए । जंगल गई घाँस, दाउरा ल्याउने र आमासँग मेलापाता गई उनी र उनका दिदीहरुको माइत वस्ने उमेर बित्यो । १९ बर्षको उमेरमा माडी वसन्तपुरका २६ वर्षिय फतुर दराइसँग विवाह भएको थियो ।

घरमा उनका २ जना देवर र सासु ससुरा थिए । थोरै जग्गा जमिन नभएका उनीहरु अर्काको मेलपात र श्रीमानले ज्यामी काम गरी ल्यएको ज्यालाबाट घर खर्च टार्ने गर्दथे । विहे गरेको ५ वर्ष पछि उनका सानासाना बच्चा लिएर भरतपुर नगरपालिका वडा नं. १२ वसाइ सरेका थिए जगलको छेउ नजिकै १० धुर जग्गा किनि उसका श्रीमानले व्यवसायिक रुपमा बंगुर कुखुरा पालन गर्न थाले । युस व्यवसायबाट उनिहरुको आर्थिक

स्थिति अलि सुध्रियो । उनका श्रीमानले त्यही काम नै गरिरहन्थे । त्यस बाट उनले २ कट्ठा जमिन पनि जोडे । अहिले उनका श्रीमानको टि.वि. रोगका कारण मृत्यु भइसकेको छ । उनका दुइ छोरीहरुको विहे गरीसकेका छन्  भने छोरा बुहारी र नाति गरी चार जनाको परिवार साथ मै छ । छोरा छोरीको विवाह गर्दा बुढा बुढीको सल्लाह बमोजिम नै भएको थियो ।

श्रीमानको नाममा भएको २ कट्ठा जमिन र सानो घर अहिले उनको नाममा गरेकी छन् । उनको छोराले उनका बुवाले गरेको पेशालाई नै निरन्तरता दिएका छन् । साथै उनले भैंसि बाख्रा पनि पालेकी छन् । उनका छोराले कुखुरा पाल्नुका साथै मासु काटी बेच्ने काम पनि उनका छोरा आफैले नै गर्दछन् । यस वाट उनीहरुको राम्रै आम्दानी हुने घर खर्च सजिलै चलेको छ ।

घरका बाख्रा पाडा बेचेर आएको पैसा उनी आफै राख्छिन् भने छोराले गरेको व्यवसायबाट आएको आम्दानी छोराले नै राख्ने र घर खर्चका लागि केही रकम छुट्याएर उनलाई दिने गर्दछ । त्यसबाट उनले घरमा चाहिने सामान किनेर ल्याउछिन् । घर भित्रका पकाउने, नातीको हेरचाह गर्ने, कुटनी पिसनी जस्ता कार्य उनी गर्दछिन् भने बुहारी घाँस दउरा मेलापाता छोराको काममा सहयोग गर्ने गर्छिन् । समुहमा बचत दुबै सासु बुहारीले गरेका छन् । त्यसमा प्राय बुहारी सहभागी हुने गर्दछिन समूहका कार्यक्रम छलफल तालिम आदिमा आफु पढ्न लेख्न नजान्ने को हुँदा बुहारीलाइ नै उनले पठाउने गछिन् । टोल सुधार सम्वन्धीकार्यक्रममा उनीआफु पनि सहभागी हुने गर्दछिन् ।

यसपालिको संविधान सभाको चुनावको प्रचार प्रसारका लागि छिमेकी दिदी बहिनी सँग बुहारी र उनी दुबैजना सहभागी भएका थिए । भोट हाल्ने जादा पनि पहिला बुहारी र आफु गएर आए पछि छोरालाई पछि पठाएकी थिइन् ।

**व्यक्तिगत अध्ययन : सोह्र**

२०३३।०१।११ गते चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. ९ घेघौलीमा छन्नु दराईको जन्म भएको थियो । मध्ययम वर्गीय किसान परिवारमा जन्मिएकी हुन् । उनको परिवारको आम्दानिको श्रोत भनेको खेतीपाती र पशुपक्षी नै थियो । ३ दिदी  बहिनी

र २ दाजुभाई भएको उनको परिवारमा छोरीलाई घरधन्दा कै काममा बढी खटाइने र छोरालाई पढ्ने मौका प्रदान गरिन्थ्यो । त्यसैले उनका तीन दिदी वहिनी ४ र ५ सम्म पढ्दापढ्दै विचैमा पढाई छोडेर मेलापात घाँस दाउरा, पशु स्याहार जस्ता कार्यमा आमा बाबुलाई सघाउन तिर लागेको र उनका दुई दाजुभाइ एस.एल.सी सम्म पास गरी विदेश तिर रोजगारीको लागि गएका थिए ।

वि.सं.२०५१ बैशाख ५ गतेका दिन भरतपुर नगरपालिका वडा नं. १२ नीवासी दुःखी राम दराईका छोरा मंगलराम दराईसँग उनको विवाह भएको थियो । परिवारमा ३ छोरा र २ छोरी मध्ये उनी माइली बुहारी थिइन् । मध्ययम खालको आर्थिक अवस्था रहेको उनको घर परिवारमा ससुरा बाँसको काम गर्दथे भने एक जेठाजु भारततिर रोजगारीमा गएका थिए । घरका अन्य सदस्यले आफ्नो थोरै जमिन भएका कारण अर्काको जग्गा अधिया कमाउने गर्दथे साथै घरमा वंगुर खसी हाँस पनि पाल्ने गर्दथे घरको सम्पुर्ण आर्थिक कारोबार ससुराले नै गर्ने गर्दथे । ससुराको नाममा ६ कठ्ठा जमिन थियो । कुखुरा, बंगुर, हाँस बेच्नुपर्दा पनि ससुराले नै मुल्य गर्ने र बेचे गर्दथे । घरको समान किन्नुपर्दा उनले पैसा दिन्थे अनि उनले किनेर ल्याउने गर्दथिन् । पछि जेठाजु छुट्टिएपछि उनका दुई छोरा छोरी र देवरसँगै बस्न थाले । बच्चाबच्ची जन्मिएपछि उनका श्रीमान विदेशतिर जान थाले हाल उनका श्रीमान कतारमा छन् । ससुराले ३ दाजुभाइलाई अंश वण्डा गरिदिएका छन् । अहिले उनको परिवारमा ससुरा उनका दुई छोरा छोरी र आफु गरी चार जनाको परिवार संगै वस्दै आएका छन् । घर भएको १ कठ्ठा उनको ससुराको नाममा छ । जिल्ला मालपोत कार्यालयले महिलालाई राजश्व छुट दिने हुँदा १ कठ्ठा जमिन उनका श्रीमानले उनको नाममा गराएका थिए भने १ कठ्ठा चाही उनले आफ्नो नाममा राख्ने इच्छाले आफनै नाममा गरेका थिए । आफनो नाममा जग्गा भएता पनि बेचविखान गर्नुपर्दा श्रीमान र ससुराको निर्णयमा नै हुने उनको भनाई छ । उनको विवाहमा माइतिबाट दाइजोमा केही नदिएता पनि विवाह पछाडि दुई ओटा बाख्राका पाठा पाठी र हाँस, कुखुरा दिएका थिए । उनले त्यही हास कुखुरा पालेर त्यसबाट केही आम्दानि गर्ने गर्दछिन् । त्यो आम्दानिले नै उनले दराई मिलन समुह र नवप्रभात बचत सहकारी महिनावारी १०० को दरले जम्मा गर्ने गर्दछिन उनले १००० शेयर नवप्रभात बचत सहकारी संस्थामा हालेकी छन् । उनले यस

संस्थाबाट सिलाई कटाई तालिम पनि लिएकी छन् । आफ्नो घरमै उनले घरपरिवारका साथै छिमेकीका पनि सानातिना कपडा सिलाई थोरै भएपनि आम्दानि गर्ने गर्दछिन् ।

अहिले श्रीमान पनि विदेशतिर भएको र ससुराले पनि उनलाईनै सबै कारोवार छोडिदिएका कारण घरको सानातिना कारोवार उनी आफुले नै गर्ने गर्दछिन घरमा भएका हाँस, कुखुरा वेच्ने श्रीमानले उनको नामको बैङ्क खातामा पठाएको पैसा झिकेर ल्याइ बच्चाको वोडिङ्गको फि तिर्न लगायत घरमा चाहिने सरसामान किन्ने, औषधी उपचारमा खर्च गर्ने उनकै स्वविवेकले गर्ने गर्दछन् । ससुराले डोका नाम्ला बुनेर आएको आम्दानि ससुरा आफै राख्ने गर्दछन् । बचाएको केही पैसा भए उनका छोरी नातिनातिनी आउदाँ उनिहरुको हातमा हालिदिने गर्दर्छिन श्रीमानले विदेशमा राम्रैआम्दानी गर्ने भएकाले अहिले उनको घरायसी खर्च पनि राम्रै चलेको छ । दुई छोरा छोरीलाई एडभेञ्चर वोडिङ्ग स्कुल पढाउने निर्णय पनी दुवै जना श्रीमान र श्रीमतीको सल्लाह भएको उनी बताउछिन् । घरभित्र पकाउने खाने विषयमा पनि उनी आफ्नो इच्छा अनुसारले गर्ने गर्दछिन् । छिमेकीका मेलापात जाँदा पनि उनी आफ्नो इच्छाले नै जाने त्यसमा ससुरालाई सोध्नुनपर्ने उनको भनाई छ । सामान्य लेनदेन जस्ता कार्यमा पनि अरुलाई त्यती जानकारी नहुने आफुले भनेमा थाहा हुने तर श्रीमानले सो विषयमा धेरै चासो नराख्ने उनको भनाइ छ । समुहका कार्यक्रममा सहभागी हुँदा होस वा कहिँकतै वाहिर जानलाई होस उनी आफ्नो इच्छा अनुसार जान सक्छिन तर त्यस विषयमा ससुरालाई सँधै जानकारी गराउने गर्दछिन् ।

राजनितिक कार्यक्रममा पनि उनी सहभागी हुने गर्दछिन । संविधान सभाको चुनावमा पनि उनले ससुरालाई लिएर गई आफुले नै चुनेको पार्टिलाई भोट हालेकि थिइन् यसमा ससुराले र उनले छुट्टा छुट्टै पार्टिलाई भोट दिएका थिए ।

उनको पहिला छोरी र पछि छोरा जन्मिएका थिए छोरी २ वर्ष भएपछि अव अर्को छिट्टै जन्माए संगै हुर्किन्छन् भन्ने चाहना श्रीमानको पनि भएको र परिवारमा अन्य जेठानी र अमाजुले पनि त्यही सल्लाह दिने हुँदा उनलाई पनि त्यस्तै लागेर अर्को बच्चापनि छिट्टै जन्माउने निर्णय गरेकी थिइन् । २ वच्चा भएपछि स्थायी परीवार नियोजन गर्ने निर्णय उनले गरेता पनि श्रीमानले पछि गरेपनि हुन्छ भनेकाले नगरेको बताउँछिन् ।

**व्यक्तिगत अध्ययन : सत्र**

२०२५/६/२२ गतेका दिन चितवन जिल्ला जुटपानी गा.वि.स. खोलेसिमल मा दुरानी दराईको जन्म भएको थियो । उनका बुवा दुर्गा दराई र आमा दन्तरी दराई दुवै किसानी काम गर्दर्थे । उनका ४ दाजुभाई र ३ दिदी वहिनी थिए । थोरै जग्गा जमिन भएकोले उनको आफ्नो खेतीपातीबाट १० जनाको परिवार पालिन नसक्ने हुँदा उनका आमा बावुले अरुको खेत अधिया गर्ने गर्दर्थे । निम्न आर्थिक अवस्थाले गर्दा उनीहरुलाई पढ्नु भन्दा आमा बावुलाई कामकाज सघाएर विहान बेलुकाको छाक जोड्नुलाई नै जोड दिनुपर्दथ्यो ।

२२ वर्षको उमेरमा उनको भरतपुर नगरपालिका वस्ने जितबहादुर दराईको छोरा मंगले दराइसँग विवाह भएको थियो । ३ छोरा ५ छोरी भएको उनको परिवारको आर्थिक स्थिति निम्नस्तरको थियो । परिवारका पुरुष सदस्य ज्याला मजदुरी गर्ने काम गर्दथे भने महिला सदस्य पशुपालन साथै जंगल गई दाउरा ल्याउने र बेच्ने काम गर्दथे ।

अहिले उनको परिवार छुट्टभिन्न भइसकेको र सासु उनका ३ छोरा छोरी र आफु दुईजना गरी ३ जनाको परिवार २ धुर जमिनमा एउटा सानो चित्राको घर बनाएर वसेको छन् । उनका श्रीमान काठ मिलमा काम गर्दछन् भने उनी नजिकैको एउटा बोडिङ्ग स्कुलमा सरसफाई गर्ने काम गर्दछिन् । उनका तीन छोरीको विवाह भैसकेको छ भने १ छोरा मोहन मा.वि मा कक्षा १० मा अध्ययनरत छन् । घर भएको ५ धुर जग्गा उनको श्रीमानको नाममा छ । उनले घरमा कुखुरा र बाखा पनि पालेकी छन् । घरमा सासुले घरको कार्यमा सघाउने हुँदा उनी बिहान बेलुका बाखा पाठालाई जंगल गएर घाँस, खाना पकाउनका लागि दाउरा पनि ल्याउने गर्दछिन । विदाको बेलामा अर्काको मेलापात पनि जाने गर्दछिन । उनले आफुले ल्याएको तलब आफै राख्दछिन भने श्रीमानले पर्नि आँफूले कमाएको तलब उनलाईनै दिने गर्दछन् दुई जनाको आम्दानिले गर्दा उनको घरायसी जेनतेन चल्छ । उनले दराई मिलन समुहमा महिनावारी रु १०० जम्मा गर्ने गर्दछिन् । आफ्नो कमाइ भएकोले आफुलाई समुहमा आबद्ध हुन सजिलो भएको वताउछिन् । आफ्नो कमाई भएकोले आफुलाई केही गर्न परेमा श्रीमानसँग मागी राख्नु नपरेपनि आफुले खर्च गर्दा श्रीमानलाई सोध्ने उनको भनाई छ । घरमा चाहिने खानेकुरा किन्नु पर्दा उनी आफ्नो स्वविवेकले नै

किन्ने गर्दछिन् । अन्य सामाग्री फर्निचर, रेडियो, मोबाइल, जस्ता सामाग्री किन्नुपर्दा उनका श्रीमानले नै गर्ने गर्दछन् । घरमा भएका बाख्रा कुखुरा बेच्दा पनि उनले श्रीमानलाई सोध्ने गर्छिन । श्रीमानले भनेजति मुल्य पाएमा वा श्रीमान नभएको वेला कोही ग्राहक आएमा उनले श्रीमानलाई फोनमा भएतापनि सोध्ने र हुन्छ भनेपछि मात्रै वेच्ने गर्दछिन् । घरमा पशुपंक्षी किन्नुपर्दा पनि उनका श्रीमानले नै किनेर ल्याउछन् । समुहका कार्यक्रममा उनी आफु नै सरिक हुने गर्दछिन । श्रीमान विहान देखी वेलुकासम्म नै काठ मीलमा खटिनुपर्ने हुदाँ घरायसी कार्य आफु र सासु मिलेर नै गर्ने गर्दछन् घरमा कोही पाहुना आयो अथवा कुनै चाडवाड छ भने खानपानको व्यवस्था उनी आफुले नै मिलाउने गर्दछिन । त्यसमा कसलाई के खुवाउने वा के खाने भन्ने निर्णय उनको आफ्नो नै हुने गर्दछ । छोराछोरी पनि हुर्केका र घरमा सासुको पनि सहयोग हुने हुँदा वाहिर गएर काम गर्ने सोच उनले बनाएको र त्यसमा श्रीमानले पनि सहमति दिएको हुदा आफु बाहिर गएर काम गरेकी थिइन । दुईजनाको कमाइ भएपछि पहिला भन्दा अलि सजिलो गरी चलेको उनको भनाई छ ।

आफुलाई राजनीति सम्बन्धी धेरै जानकारी नभएता पनि माइतिबाटै समर्थन गर्ने गरेको पार्टिलाई नै घरमा आएर पनि त्यही पार्टीलाई समर्थन गर्ने गरेकी थिइन् । यसपालिको संविधान सभाको चुनावमा पहिला उनि र उनकी सासु गएर भोट हालेका थिए भने पछि उनका श्रीमान गई भोट हालेका थिए । श्रीमानले नै विहान घरको धन्दा गरी उनीहरुलाई भोट हाल्न पठाएका थिए । ३ छोरी पछि छोरा जन्माउने रहर आफ्नो भन्दा पनि सासुको भएको त्यसैले घरमा नराम्रो ब्यवहार हुने भएकोले नै अर्को बच्चा जन्माउने निर्णय गरेको उनी बताउछिन् ।

**व्यक्तिगत अध्ययन : अठार**

२०२९।१।१९ गते चितवन जिल्ला खैरेनी गा.वि.स. वडा नं. १० मा आमा सिखुरी दराई र बुवा चंखे दराईको पहिलो सन्तानको रुपमा आइतमायाँ दराईको जन्म भएको थियो । किसान परिवारमा जनमिएकी उनी माईतीमा छोरीलाई पढाउनु हुन्न काम धन्दा नै सिकाउनु राम्रो भन्ने मान्यताले गर्दा इच्छा हुँदा हुदै पनि पढ्न पाईनन् ।

दुई आमा भएको परिवारमा हुर्केकी उनिलाई बुवाको साथ कहिल्यै मिलेन । हजुरआमा र आमालाई घर धन्दा सघाउदैमा २० बर्ष वित्यो । २१ बर्षको उमेरमा चितवन जिल्ला ज्यामिरे निवासी सन्तराम दराईसँग विवाह बन्धनमा बाधिएकी उनीले विवाहमा दाइजो स्वरुप हाँस , कुखुरा केही बाखा पाएकी थिईन् । उनको विवाह भएको २ बर्ष पछि कामको खोजीमा भरतपुर आएका थिए । परिवार बाट अंशमा पाएको २ कट्ठा जग्गा बेचविखान गरी भरतपुर १२ दराईटोलमा १० धुर जग्गा किनी घर बनाएका थिए । उनका पति हाकिमचोकको ग्रिल कारखानामा काम गर्दछन भने उनी माईती बाट प्राप्त हाँस, कुखुरा र बंगुर पालन गर्दछिन् ।

उनका २ छोरी र एक छोरा छन् । उनकी १ छोरीको विवाह भईसकेको छ भने अर्का १ छोरा र १ छोरी भरतपुरको मोहन मा.वि. मा पढ्दछन । उनको घर भएको १० धुर जमिन उनका श्रीमान्को नाममा छ । उनको नाममा चल अचल संम्पति केही पनि छैन । श्रीमानको कमाई र घरको पशुपंछी बेच विखनले घर खर्च टर्ने गर्दछ । उनि पनि स्वइच्छाले समय मिलाएर छिमेकीहरु कहाँ कामका जाने गर्दछिन् ।

श्रीमान्ले कमाएर ल्याएको तलव उनलाई नै दिने गर्दछन् साथै घरका पशुपंक्षि बेचेर आएको पैसा आफुले नै राख्ने गर्दछिन् । बच्चा पाउने विषयमा २ छोरी पश्चात छोरा पाउने रहरमा दुवैको सहमतिमा तेस्रो सन्तानको रुपमा छोरा भए पछि स्थायी बन्ध्याकरण गरेकी थिईन । हाल बच्चा पढाउने विषयमा पनि हामी दुवैको सरसल्लाह बाट भइरहेका उनले बताउछिन् । घरायसी सम्पुर्ण सरसामान आफु स्वयम्ले जुटाउने गरेको उनी बताउदछिन् ।

यसपालीको संविधान सभाको चुनावमा आफुलाई मनपरेको पार्टीमा भोट हालेकी थिइन् । कहिले काँही सामाजिक कार्यमा उनी आफै घर सल्लाह अनुसार उपस्थित हुने गरेको बताउछिन् ।

**व्यक्तिगत अध्ययन : उन्नाईस**

२०३१/०३/१७ गते भरतपुर नगरपालीका वडा न. ११ मा गीता दराईको जन्म भएको थियो । उनका बुवा हर्क बहादुर दराई र आमा सुन्तली दराई किसान थिए । उनका

बुवा प्राय माछा मार्ने काम गर्दथे भने आमा सुंगुर बुंगुर हांस कुखुरा पाल्नुका साथै रक्सी पार्ने बेच्ने काम गर्दथिन् । उनका तीन दिदी बहिनि र दुई दाजुभाई थिए ।

एस. एल. सी. सम्म पास गरेकी उनी १९ बर्षको उमेरमा वडा नं. १२ निबासी एस बहादुर दराई संग गन्धर्व बिबाह गरेकी थिईन् । उनका श्रीमान पनि स्नातक सम्मको अध्ययन गरेका थिए । उनका श्रीमान बिद्युत कार्यालय गैंडाकोटमा कार्यरत छन् । उनका ससुरा बितिसकेका छन् । सासु, देवर तथा दुई छोरा गरी ६ जनाको परिवार संगै बस्दै आएका छन् । ६ कट्ठा जग्गा उनको सासुको नाममा छ । श्रीमान्ले आफ्नो कमाईबाट जोडेको एक कट्ठा जग्गा उनको नाममा गरी दिएका छन् । जग्गा मालपोत कार्यालयमा दर्ता श्रेस्ता गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट हुने भएकोले सो जग्गा उनको नाममा गरीएको हो । घरको अचल सम्पत्तीको कारोबार श्रीमानले नै गर्दछन् । घरका बाख्रा कुखुरा बेच्नु पर्दा सासुसंग सल्लाह गरी उनले पनि बेच्ने गर्दछिन् । संगोल परिवार भएको हुंदा सम्पूर्ण कारोबार सबैको सल्लाहमा हुने उनको भनाई छ । श्रीमानको तलव बाट प्राप्त हुने रकम श्रीमान कै बैंक खातामा जम्मा हुने र उनको घर खर्चको लागि दिएको पैसाबाट घर खर्च आफ्नै निर्णय अनुसार चलाउने गरेकी छिन् । घरामा चाहिने भान्छाका सामान उनले नै किनेर ल्याउने गरेकी र अन्य फर्निचर, मोबाईल, टि भि, दराज जस्ता सामान श्रीमान्ले नै किनेर ल्याउने गरेको बताउछिन् ।

छिमेकी संग हुने सानोतिनो आर्थिक लेनदेन कार्य उनले नै गर्दछिन् । मेलापाता, घांस दाउरा गर्न जांदा सासु संग सोधेर जाने गर्दछिन् । उनका दुई छोरालाई बोर्डिङ्ग स्कुल पढाउने निर्णय उनका श्रीमान्ले नै गरेका हुन् । श्रीमान् श्रीमतीले नै परिवार नियोजनको स्थायी साधन प्रयोग नगरेको हुंदा श्रीमानले अस्थाई साधन प्रयोग गर्ने गरेका छन् । सामाजिक कार्यको लागि गठन भएका बिभिन्न संस्था जस्तै आमा समुह, टोल सुधार समिति, सामुहिक बचत संस्था आदिका कार्यक्रममा निज बेला बखत सम्लग्न हुने गरेकी छिन् । गत संबिधान सभाको निर्बाचनमा आफुलाई मन परेको उम्मेद्वार छानी मत खसालेको उनी बताउछिन् ।

**व्यक्तिगत अध्ययन : बीस**

२०४९/०९/०५ गते चैनपुर गा.बि.स. वडा न. १ सालघारीमा खिमा दराईको जन्म भएको थियो । उनका पिता जित बहादुर दराई र आमा सन्चरी दराई किसान थिए । उनका दुई भाई र एक दिदी थिए । छ जनाको उनको परिवारमा दुई बिगाहा जग्गामा लगाएको अन्नपात र तरकारी बेचेर पालिने गरेका थिए । माइतीमा पढने मौका पाएकी उनले स्नातक पढदा पढदै उनी संगै पढने भरतपुर नगरपालीका वडा न. १२ बस्ने असिया र दिल बहादुर दराईका भंगरा दराई संग गर्न्धभ बिबाह गरेकी थिईन् । बिहे पछि उनको घरमा सासु ससुरा र देवर गरी छ जनाको परिवार थियो । ससुराले आफ्नो नाममा भएको जग्गाको केही  अंश करिब १० कट्ठा जति उनको श्रीमानको नाममा दिई अंशबण्डा गरीदिएका थिए । सोही जग्गामा माईतिले दिएको दाइजोको केही रकम र सोही जग्गाको एक कट्ठा जति बेचबिखन गरी पक्की घर बनाएका थिए । उनका श्रीमान भरतपुर मा.बि. मा पढाउछन्  भने उनि सोही गा.बि.स. को बोर्डिङ्ग स्कुल ग्रिनल्याण्डमा अध्यापन गर्दछिन् । उनका दुई  छोरी स्कुलमा पढाउने गर्दछिन् । उनलाई उनका माईतीले दिएको तीन कट्ठा जग्गाको अन्नपात र आफ्नो जग्गामा उत्पादन हुने खाद्यान्न बाट घर खर्च राम्रो संग चल्ने उनि बताउछिन् । श्रीमान्को कमाईबाट प्राप्त हुने रकम उनकै बैंक खातामा जम्मा गर्दछन् भने आफ्नो कमाईको रकम बचत संस्थामा जम्मा गर्ने गर्दछिन् । घरायसी खर्च प्राय उनको श्रीमानको कमाई बाट हुने गरेको र कहिलेकांही नपुग हुंदा आफ्नो खाताबाट रकम झिक्ने गरेको उनले बताईन् ।  उनले आफूलाई किन्न मन लागेको गहना कपडा, बच्चा बच्चीको लुगाफाटा किन्नु पर्दा प्राय आफ्नै पैसाबाट खर्च गर्ने उनको भनाई छ । खेतीपातीको कार्य गर्दा वा छिमेकी संगको अर्मपर्म गर्दा उनले आफ्नो बिदा मिलाएर गर्ने गरेको बताउछिन् । घर भित्रका कामहरु के आबश्यक छ, के किन्नु पर्दछ भन्ने बिषयमा उनको श्रीमानसंग सोधी राख्नु नपर्ने हुंदा आफ्नो तरिकाले गर्ने गर्दछिन् । घर भित्रका कार्यहरुमा श्रीमानले सघाई दिने हुदां बाहिरि समुह तिरका कार्यक्रममा पनि उनि सरिक हुने गर्दछिन् । उनी दराई मिलन समुह की अध्यक्ष पनि हुन् । छिमेकीका बच्चा बच्ची पढन उनि कहां आउने गर्दछन् त्यसबाट पनि उनले केही आम्दानी गर्ने गरेकी छिन् । समुहमा पैसा झिक्दा राख्दा आफ्नै तौर तरीका बाट गर्ने उनी बताउछिन् । जागीर खाने निर्णय उनको आफ्नै भएता पनि श्रीमान्ले समेत पढेलेखेकी भएर त्यसै बस्नु भन्दा कुनै पेशामा लाग्नु पर्ने भन्दै उनलाई

जागिरको लागि सहयोग गरेका थिए । श्रीमान्ले छोराको रहर गरेता पनि आफुले दुई छोरी पछि अरु सन्तान नजन्माउने अठोट गरी आफुले नै परिवार नियोजनको अस्थाई साधन प्रयोग गर्ने गरेको बताउछिन् ।

**व्यक्तिगत अध्ययन : एक्काईस**

२०१९/०९/०७ गते चितवन जिल्ला खैरेनी गा.बि.स. वडा नं. ५ जनकपुरमा सुन्तली दराईको जन्म भएको थियो । उनका बुवा सिरौना दराई र उनकी आमा नैती दराईको सम्पत्तीको नाममा एउटा सानो झुपडी घर र गाई गोठ थियो । उनिहरु अर्कैको मेलापात, घर बनाउने ठांउमा ईट्टा बोकी आफ्नो जिबिकोपार्जन गर्दथे । आमा बुवा बाहिरी काममा जाने हुदां घरमा साना भाई बैनीको हेरचाह बस्तुभाउको काम कार्य मै १७ बर्ष बित्यो । १८ बर्षको उमेरमा भरतपुर नगरपालीका बडा न. १२ दराई टोल बस्ने २८ बर्षका धोबे दराईसंग उनको बिबाह भएको थियो । निम्न आर्थिक अबस्था भएको उनको घरमा पनि ज्यामी कामका साथै जंगलबाट दाउरा ल्याई बजारमा बेच्नु पर्दथ्यो । सानो घरमा सासु, ससुरा, जेठाजु, जेठानी, बाल बच्चा र आफु दुई गरी नौ जनाको परिवार थियो । श्रीमानले बजार तिर साहु हरुको घरमा काम गर्दथे भने आफु मेलापाता जाने गर्दथिन् । केही समय पश्चात श्रीमान् र आफ्नो कमाईले पाँच धुर जग्गा किनी सानो झुपडी बनाएका थिए ।

हालका उनका छोराहरु बिदेश तिर रोजगारीका लागि गएका छन् । छोराहरुले घर खर्चका लागि केही रकम पठाउने हुदां पहिलेको तुलनामा अहिले उनको दिनचर्या सुखले बित्ने गरेको छ । छोराहरुको आम्दानीबाट घर नजिकै जग्गा जमिन किनेका छन् । त्यहां उनले बाख्रा, भैंसी तथा कुखुरा पनि पाल्ने गरेकी छन् । पशु पक्षीं किनबेच उनका श्रीमानले नै गर्ने गर्दछन् । छोराहरुले पैसा पठाउदां बुहारीहरु गएर ल्याउने गर्दछन् र घरको सामानहरु पनि बजारबाट बुहारी हरुले नै ल्याउंदछन् । नाति नातिनाको हेरचाह घर भित्रको चुलो चौकोको काम प्रय उनले नै गर्ने गर्दछिन् ।

**व्यक्तिगत अध्ययन : बाईस**

२०३४/०९/२७ गते भरतपुर नगरपालीका वडा न. ११ मा उशा दराईको जन्म भएको थियो । उनका बुवा र आमाले आफ्नो घर नजिकै  सानो पसल गर्दथे साथै खेतीपाती पशुपालन पनि गर्दथे । उनका दुई भाई र उनि मोहन मा.बि. मा पढदथे । एस.एल.सी. पास गरेकी उनि १८ बर्षको उमेरमा भरतपुर १२ दराई टोल निवासी सोमलाल दराईसंग बिबाह गरेकी थिईन् ।

उनको परिवारमा सासु, ससुरा, श्रीमान र दुई बच्चा बच्ची गरी छ जना बस्दछन् । उनी चार बर्ष अगाडि ईजरायल गएकी थिईन । उनका श्रीमान घरको वायरिङ काम गर्दछन् । ईजरायलमा गएर राम्रै कमाई गरेकी उनले पैसा पठाएर सानो एक तल्ले पक्की घर बनाएका छन् । तीन कट्ठा जमिन र घर उनको श्रीमान्को नाममा छ भने ससुराको नाममा एक कट्ठा जमिन छ । उनि आफुले नै भनेर पुरानो घर भत्काई नयाँ पक्की घर बनाएका हुन् । दुई छोरा छोरी उनकै निर्णय अनुसार बोर्डिङ्ग स्कुल पढाएकी हुन् ।  केही महिनाको छुट्टीमा आएकी उनि फेरी ईजरायल फर्किदै छिन् । उनले श्रीमान्लाई समेत उतै लैजानको लागि कोशिश गरी रहेकी छिन् । श्रीमान्को कमाईले घर खर्च बालबच्चा पढाउन नसक्ने तथा उनका भाई पनि ईजरायल भएकोले उनि आफ्नै निर्णयमा सो ठाँउमा जाने निधो गरेकी थिईन् । पहिले त उनका श्रीमानले पठाउन नमानेका पछि उनका भाईले पनि सम्झाएको र ईजरायलमा पुरुषको भन्दा महिलाको कमाई राम्रो हुने बताए पछि स्वीकृति दिएका थिए । सासु ससुराले बालबच्चाको रेखदेख गरीदिने हुँदा उनलाई बिदेश जान सजिलो भएको बताउछिन् । घरमा हुँदा बजार गई सामान खरिद गर्ने घरको चाँजो पाँजो मिलाउने उनि आफुले नै गर्दथिन् । परिवारलाई चाहिने लुगाफाटा, भाँडावर्तन लगायतका सामानहरु स्वम निर्णय गरी गर्ने गरेको बताउछिन् । बिदेश गएर पैसा कमाई घर बनाएको देख्दा पहिले कुरा काटने समाजका अन्य महिलाहरु अहिले आफुलाई भेटदा आफु पनि मिल्ने भए जाने इच्छा भएको बताउछन् । आफ्नो कमाई भए पछि घर परिवारका साथै समाजमा पनि ईज्जत मिल्ने उनको अनुभव छ । आफुले कमाउने हुँदा खर्च गर्ने अधिकार पनि आफ्नो हुने बताउछिन् । दुई सन्तान पछि अरु बच्चा बच्ची नजन्माउने निर्णय स्वंयम् उनिले नै गरेकी थिईन् । उनले श्रीमानलाई स्थाई बन्ध्याकरण गर्न सल्लाह दिएको बताउछिन् ।

**व्यक्तिगत अध्ययन : तेइस**

२०३७।५।३ गते चितवन जिल्ला रत्ननगरपालिका वडा नं. १ सौराहाचोक टाँडीमा मनिता दराइको जन्म भएको थियो । उनका वुवा प्रसाद दराई नेपाल सेनामा काम गर्दछन भने आमा सिरौना दराई खेतिपाती र पशुपालन गर्दथिन् । उनका २ दाजु भाइ र १ बहिनी थिइन् । एस.एल.सी. पास गरेकी उनी १७ बर्षको उमेरमा भरतपुर नगरपालिका वडा नं. १२ दराई टोल निवासी २५ बर्षका सन्त बहादुर दराईसँग उनको विवाह भएको थियो । उनको परिवारमा २ नन्द , १ जेठाजु जेठानी , २ देवर र सासु ससुरा थिए । सासु ससुरा किसानी थिए भने जेठाजु वैदेशिक रोजगारीमा गएका थिए । उनका श्रीमान् भारतीय सेनामा कार्यरत छन् । देवर नन्दहरुको विवाह पश्चात छुट्ट भिन्न भएको उनको परिवारमा हाल २ छोरी १ छोरा र आफु २ जना गरी ५ जना छन् । ससुराले दिएको ७ कट्ठा जमिन उनको श्रीमान्को नाममा छ , जहाँ दुईतले पक्की घर बनाएर बसेका छन् । ७ कट्ठा को खेतिपाती र श्रीमानको तलवका साथै उनी आफुले पालेका हाँस कुखुरा बाखा तथा तरकारीखेतीबाट उनीहरुको घरायसी खर्च चल्ने गर्दछ ।

श्रीमान भारत तिर कार्यरत भएको हुँदा घरका हाँस, कुखुरा बेच्ने सबै काम उनी आफुले नै गर्ने गर्दछिन् । श्रीमानले उनको खातामा पैसा पठाईदिने भएकोले उनको चाँजोपाजो अनुसार कहाँ कति खर्च गर्ने भन्ने आफ्नो विचारले नै गर्ने गर्दछिन् । उनका विवाहमा माईतीले गहना , पैसा तथा सरसामान पनि दिएका थिए । त्यो उनको सँगोलमा हुँदा देखी नै आफ्नो ईच्छाले चलाउने गर्दथिन् । उनले विवाहमा ल्याएको पैसा व्याजमा लगाएकी छन् र आफुलाई सुनका गहना बनाउन मन लाग्यो भने निकाल्ने गर्दछिन् । अन्य कार्यमा पैसा र सुन खर्च नगरेका बताउछिन् । घरको जग्गा जमिनको कारोवार श्रीमानले नै गर्ने गर्दछन् । घर बनाउने निर्णय पनि श्रीमानको नै भएको भएपनि त्यसमा उनको पनि सल्लाह लिएको उनको भनाइ छ ।

उनकी दराई मिलन समुह र नवप्रभात वचत सहकारी संस्थामा उनी सदस्य छिन् र हरेक महिनाका रु २०० का दरले पैसा जम्मा गर्ने गर्दछिन् । यहाँ उनको इच्छाले नै सामेल भएको र पैसा राख्नुपर्दा घर खर्च बाटै राख्ने गर्दछिन् । बैंक खाता बाट पैसा निकाल्दा पनि श्रीमानसँग सोधीराख्नु नपर्ने उनले बताउछिन् । उनी समुहको कार्यक्रममा साथै

कामकाजमा जाँदा पनि घरको चाँजोपाजो मिलाएर जाने गर्दछिन् । बच्चाहरुलाई बोडिङ्ग स्कुलमा पठाउने विषयमा श्रीमान् श्रीमती दुवैको सल्लाहमा गरेको उनको भनाई छ ।

दुई छोरी पछि बच्चा नचाँदा नचाँदै पनि रहेको तर श्रीमानले एर्वसन गर्न नमानेकोले अर्को सन्तान छोरा भएकोले पछि आफुलाई पनि खुशी नै लागेको उनको भनाई छ । राजनैतीक निर्णय उनको आफ्नै हुने हुँदा संविधान सभाको चुनावमा आफ्नै ईच्छाएको पार्टीलाई भोट हालेकी थिईन ।

# अध्ययन पाँच

# दराई परिवारमा सम्पति माथि महिलाहरुको स्वामित्व

श्रम विभाजनका आधारमा कार्य गर्ने उक्त दराई परिवारमा अधिकांश महिलाहरु घरायसी कार्य बच्चाको हेरचाह पशुचौपायको स्याहार खेतीपाती जस्ता प्रतक्ष्य कार्यमा संलग्न देखिन्छन् । कृषि पनि परम्परागत खालको भएकाकारण यसबाट आर्थिक लाभ उठाउन सकेका छैनन् । जसका कारण उनीहरु प्रतक्ष्य आय आर्जन गर्न नसको हुँदा पुरुष प्रति निर्भर रहेका छन् । त्यसैले परिवारमा सम्पतिको चलखेल बाहिर आय आर्जन गर्न सफल पुरुषहरुको हातमा नै भएको हुँदा सम्पति माथि महिलाको स्वामित्व स्थापित हुनसकेको छैन । वैयक्तिक अध्ययनबाट प्राप्त तथ्यहरुका आधारमा दराई परिवारमा महिलाहरुको सम्पतिको स्थितिलाई निम्न अनुसार विभिन्न उपशीर्षकमा छुट्टयाएर प्रस्तुत गरिएको छ ।

## ५.१ पैत्रिक सम्पत्तिमा

जिविकोपार्जनको मुख्य श्रोत कृषि रहेको उक्त दराई समाजमा परिवारमा सम्पत्तिमा स्थापित गराउने प्रमुख श्रोत पैत्रिक सम्पत्ति हो । दराई जातिमा नारीको स्थान माथि भनिएता पनि वास्तवमा सो भएको पाइदैन । यस जातिमा पनि घर सम्पत्ति तथा वंश पुरुषहरु तिरबाटै चलेको पाइन्छ । पैत्रिक सम्पत्तिको हकदार छोरालाई नै मानिने यस दारई जातिमा कानुनी वा कागजी रुपमा छोराछोरी पैत्रिक सम्पत्तिका बराबर हकदार हुने व्यवस्था गरिएता पनि छोरीलाई अझैसम्म बाबुआमाले पैत्रिक सम्पत्ति दिएको पनि देखिदैन र छोरीहरु पनि कतिपय चेतनाको कमिको साथै पारिवारिक वैमनश्यता, झगडा र अविश्वासको डरले गर्दा पनि पैत्रिक सम्पत्तिमा हक जगाउन नसकेको स्थिति हुँदा माइतीको पैत्रिक सम्पत्ति पाउने कुनै पनि महिला पाइदैनन् । घरतिरको पैत्रिक सम्पत्तिमा संयुक्त परिवारमा रहने महिलाको पैत्रिक सम्पत्तिमा भोगचलनको स्थिति देखिदैन् । एकल परिवारमा केहि महिलाको

नाममा जग्गा जमिन भएपनि त्यसको भोगचलन गर्न सक्ने स्थिति माथि महिलाहरु छैनन् । व्यक्तिगत अध्ययन पाँचकी शोभा दराईको ससुराको नाममा १.५ विघा जग्गा छ । ससुराले उक्त जमिन अंशवण्डा नगरिदिएको हुँदा एउटै घरमा चुल्हो छुट्टै गरि बस्नुपरेको उनको भनाई छ ।

व्यक्तिगत अध्ययन नौ की समिता दराईको ससुराको नाममा २६ कट्ठा जग्गा छ । भरतपुरमा रहेको उक्त जग्गा १ कट्ठा बेच्यो भने पनि ३ तला घर बनाउन सकिन्छ तर ससुराले जग्गा बेच्न नमान्ने हुँदा उनले पुरानो घरमै गुजारा गर्नुपरेको छ ।

व्यक्तिगत अध्ययन चार एकल परिवारमा बस्ने मैया दराईको श्रीमान्को नाममा ३.५ कट्ठा जग्गामा १ तले घर छ र उनलाई त्यो घरमा अर्को तला थप्ने रहर भएपनि श्रीमानले जग्गा बेच्न नमानेको हुँदा अर्को तला थप्न सकेकी छैनन् ।

व्यक्तिगत अध्ययन सातकी साबित्री दराईको नाममा १ कट्ठा जग्गा छ मालपोत कार्यालयले महिलाको नाममा जग्गा पास गर्दा राजस्व छुट दिने व्यवस्थाले गर्दा श्रीमान्ले आफुले पुर्ख्यौली अंशबाट पाएको मध्ये १ कट्ठा जग्गा उनको नाममा पास गरिदिएका थिए तर त्यो जग्गाको बेचविखन गर्न पर्‍यो भने श्रीमान्को निर्णयमा नै हुने उनको भनाई छ ।

व्यक्तिगत अध्ययन दसकी लक्ष्मी दराईको नाममा पनि १० धुर घरायसी पैत्रिक सम्पत्तिबाट पाएको जमिन छ । मालपोत कार्यालयले छुट दिने लोभमा उनका श्रीमानले उनको नाममा गरिदिए पनि त्यस जग्गाको कारोबार गर्ने अधिकार उनमा नभएको कुरा बताउँछिन् ।

व्यक्तिगत अध्ययन सोह्रकी छन्नु दराईको नाममा पनि एक कट्ठा जमिन छ । मालपोत कार्यालयले छुट दिने हुँदा उनका ससुराले छोराको अंश बुहारीको नाममा गरिदिएका थिए तर त्यसको बेचबिखन गर्नु पर्‍यो भने ससुरा र श्रीमानको नै निर्णय महत्वपूर्ण हुने उनको भनाईबाट पनि दराई परिवारमा जग्गा जमिनमा महिलाको स्वामित्व नाम मात्र रहेको करालाई प्रष्ट पारेको छ ।

व्यक्तिगत अध्ययन दुईकी आइती दराईको श्रीमानले पैत्रिक अंशमा पाएको १ बिघा जग्गा छ तर त्यसको कारोबार श्रीमानको हातमा मात्रै रहेको छ ।

## ५.२ दाइजोमा

अध्ययन क्षेत्रका दराई जातिमा प्रायः जसो भागी विवाह हुने प्रचलन भएकोले मागी विवाह हुनेको संख्या कमै देखिन्छ । सामान्यतः दराई जातिमा परम्परागत रुपमा दाइजो दिने त्यत्ति चलन नभएको भएपनि आजभोलि अन्य जातिको जस्तै सुनका गरगहना, भाँडावर्तन, फर्निचर, लत्ताकपडा जस्ता सामानहरु यथासक्य दाइजोको रुपमा दिने चलन रहेको छ । यसरी ल्याएका दाइजोमा धेरै जसो महिलाहरुको आफ्नो अधिकार रहेको उनीहरुको आफ्नो इच्छाले नै यसको भोगचलन गर्न पाउने स्थिति रहेको देखिन्छ भने केहि महिलाहरुले श्रीमानको सल्लाहमा बेचबिखन गरी घरायसी कार्य मै खर्च गरेको देखिन्छ ।

व्यक्तिगत अध्ययन १ की बुधनी दराई माइतीबाट दाइजोको रुपमा सुनका गरगहना, पैसा, भाँडाकुँडा र फर्निचर पाएकी थिइन् । उनले माइतीमा पाएका ती सामानहरु आफ्नो इच्छाअनुसार नै भोगचलन गर्न सक्छिन् । त्यसमा श्रीमानको कुनै हस्तक्षेप हुँदैन ।

व्यक्तिगत अध्ययन पाँचकी शोभा दराईको विवाहमा पनि माइतीबाट दाइजोको रुपमा गहना, पैसा, भाँडाकुँडा, फर्निचर जस्ता सामान दिएका थिए । उनले आफ्नो त्यो पैसा ब्याजमा लगाएकी छन् । उनी आफूखुसी त्यसको चलन गर्न सक्छिन् ।

व्यक्तिगत अध्ययन दशकी लक्ष्मी दराईले दाइजोमा पाएको सुन पैसा आफूले नै उपभोग गरेकी छन् । पैसा ब्याजमा लगाएकी छन् भने गरगहना आफैले लगाएकी छन् । भाँडाकुँडा फर्निचर पनि छुट्टिए पछि आफुले ल्याएको नै उनको भनाई छ ।

व्यक्तिगत अध्ययन बाह्रकी कमला दराईले दाइजोमा पाएको सुनका गहना घर बनाउने बेलामा बेच्नुपरेको थियो ।

व्यक्तिगत अध्ययन दुई कि आईती दराईले दाईजोमा पाएको गरगहना उनका श्रीमानले घरायसी कारोबार मै खर्च गरिएकाले आफु सँग केहि नभएको बताउछिन् ।

## ५.३ नीजि सम्पत्तिमा वा पेवामा

### क) स्त्रि धनमा

यहाँका दराई महिलामा माइतीबाट अचल सम्पत्ति (जग्गा जमिन) पाउने महिला केहि रहेको भेटियो तर माइतीले दिएको उक्त जग्गा भएपनि त्यसको भोगचलन उनीहरु आफ्नो स्वविवेकले गर्न नसकेको कुरा विभिन्न महिलाहरुको भनाईबाट प्रष्ट हुने गर्दछ ।

बुधनी दराईलाई माइतीले दिएको २ कट्ठा जग्गामा १ तले पक्की घर बनाएर बसेकी छन् । जग्गा माइतीले दिएको भएतापनि घर श्रीमानको कमाईबाट बनाएको साथै घरमा कमाउने र घर चलाउने व्यक्ति उनि नै भएको हुँदा घर जग्गा जस्ता ठूला आर्थिक कारोबारमा श्रीमानको नै निर्णय महत्वपूर्ण हुने उनको भनाईले पनि उनले माइतीबाट पाएको जमिन भए पनि श्रीमानको इच्छाबिना त्यसको चलखेल गर्न नसक्ने कुरा स्पष्ट हुन्छ ।

व्यक्तिगत अध्ययन नौ की समिता दराईको पनि आफ्नो नाममा माइतीले दिएको ३ कट्ठा जग्गा छ । उनले आफूले भनेजस्तो जागिर पनि नपाएको र घरमा त्यसै बस्नुभन्दा केहि गर्ने इच्छा भएकोले त्यही जमिनबाट १० धुर जग्गा बेची कुनै व्यापार व्यवसाय गर्ने विचार भएतापनि श्रीमान् र ससुराले त्यो जग्गा बेच्न नदिएको हुँदा उनीहरुको विपरीत गएर त्यो कार्य गर्न नसकेको उनको भनाई छ ।

**ख) पेवामा**

दराई परिवारमा धेरैजसो महिलाहरुले माइतीबाट पेवाको रुपमा हाँस, कुखुरा, बाखा पाएका छन् । यही हाँस, कुखुरा, बाखा बेची केही आम्दानी गरेका र त्यो आम्दानी बचत समूहमा गर्ने गरेको पाइएको छ ।

व्यक्तिगत अध्ययन तीनकी नीलम दराईको माइतीले दिएको हाँस कुखुरा पालेकी छन् । त्यही हाँस कुखुराबाट आएको पैसाले दराई मिलन समुहमा बचत गर्ने गर्दछिन् । पेवा पशुपंक्षी बेच्दा श्रीमानलाई सोध्ने र समुहबाट पैसा निकाल्दा पनि सोध्ने तर त्यो रकम आफ्नै व्यक्तिगत खर्चमा प्रयोग गर्ने गर्दछिन् ।

व्यक्तिगत अध्ययन सातकी साबित्री दराईको पनि माइतबाट ल्याएर पालेका हाँस कुखुरा छन् । त्यहीँबाट केही आम्दानी गरी दराई मिलन समुहमा रकम जम्मा गर्ने गर्दछिन् ।

व्यक्तिगत अध्ययन छ की लक्ष्मी दराईको पनि आफ्नो पेवाको नाममा बाखा कुखुरा पालेकी छिन् । त्यही बाखा कुखुरा बेचेर नै उनले दराई मिलन समुहमा महिनावारी रकम बचत गर्ने गर्दछिन् ।

## ५.४ घरपालुवा जनावरमा

यहाँका दराईहरुको जिविकोपार्जनको मुख्य आधार कृषि नै हो । कृषि व्यवसायमा घरपालुवा पशुपंक्षीको महत्व ठूलो हुने हुँदा अधिकांश दराई परिवारमा गाई, भैँसी, बाखा, कुखुरा, बंगुर, हाँस, परेवा जस्ता पशुपंक्षी पाल्ने गरेको पाइन्छ ।

दराई परिवारको घर खर्च गर्ने श्रोत मध्येको एक घरपालुवा जनावरहरु पनि हुन् । बेचेर केहि आम्दानी गर्नुका साथै घरमै मासुका लागि पशुपंक्षी पाल्ने गरेका छन् । पशुपंक्षीको स्याहार सुसार गर्ने कार्यमा अधिकांश दराई महिलाहरु संलग्न देखिन्छन् । तर घरपालुवा पशुपंक्षीलाई व्यवसायिक रुपमा पालेर आर्थिक लाभ उठाउन सक्नेको संख्या निकै कम मात्रामा रहेको छ । एकल परिवारमा वा श्रीमान बाहिर भएका परिवारमा महिलाहरुले नै घरपालुवा पशुपंक्षी बेच्ने, किन्ने साथै त्यसबाट आएको आम्दानी आफ्नै स्वविवेकले चलाउने गरेको पाइन्छ भने संयूक्त परिवार वा श्रीमान घरमै भएका परिवारमा पशुपंक्षी पाल्ने विषयमा महिलाको योगदान बढी भएतापनि त्यसको बेचबिखन गर्न सक्ने अधिकार ति महिलामा रहेको छैन ।

कतिपय परिवारमा श्रीमानले पशु चौपायाको बेचबिखन गर्ने र आएको आम्दानी पनि आफूले नै राख्ने गरेको पाइन्छ भने केहि परिवारमा बेच्ने बेलामा श्रीमान्ले बेचेतापनि आएको रकम महिलाले राख्ने गरेको र त्यो आम्दानी घर खर्च मै लगाउने गरेको पाइएको छ । संयूक्त परिवारमा सासु ससुराले नै घरका पशुपंक्षीको कारोबार गरेको पाइयो ।

व्यक्तिगत अध्ययन छकी लक्ष्मी दराईले घरमा हाँस कुखुरा, बाखा, गाई जस्ता पशुपंक्षी पालेकी छिन् । उनले जंगल गएर घाँस, दाउरा गर्ने र पशुपंक्षीको स्याहार उनले नै गर्दछिन्  तर सो पशुपंक्षी बेचविखन गर्दा श्रीमानले नै गर्ने र बेचेर आएको आम्दानी पनि श्रीमानले नै राख्ने गरेका छन् ।

व्यक्तिगत अध्ययन आठकी वसन्ती दराईको अधिकांश समय पशुपंक्षीको हेरचाहमै बित्ने गर्दछ । जंगल गएर घाँस दाउरा ल्याउने गाईवस्तुलाई कुँडो पानी जस्ता कार्य उनी आफूले नै गर्ने गर्दछिन् । तर त्यही पशुपंक्षी बेच्ने बेलामा चाहिँ उनका श्रीमानले नै बेच्ने गर्दछन् । बेचेर आएको पैसा पनि उनका श्रीमानले नै राख्ने गर्दछन् ।

व्यक्तिगत अध्ययन ११ की सिमली दराईको पनि घरमा हाँस, कुखुरा, बाखा पालेकी छन् । यी पशुपंक्षीको हेरचाह यिनी आफूले नै गर्ने गर्दछिन् । जंगल गएर घाँस ल्याउने साथै

खाना पकाउन कुँडो पानीको लागि दाउरा उनले नै जुराउने गर्दछिन् तर ती हाँस कुखुरा बेच्ने बेलामा श्रीमानले नै बेच्ने र त्यसबाट आएको आम्दानी पनि श्रीमानले नै राख्ने गर्दछन् । उनलाई घरका पशुपंक्षी बेच्दा उनका श्रीमानले दिएको केहि रुपियाँ जम्मा गरेर महिनाको १०० रुपियाँ दराई मिलन समुदायमा गर्ने गर्दछिन् ।

व्यक्तिगत अध्ययन सत्रकी दुरानी दराईको परिवारमा पनि हाँस, कुखुरा पालेकी छन् । दिउँसो बाहिर गएर काम गर्ने हुँदा बिहान बेलुका समय निकालेर जंगल गई बाख्रा पाठालाई घाँस, दाउरा ल्याउने गर्दछिन् । तर बेच्ने बेलामा श्रीमानले नै बेच्ने र बेचेको पैसा पनि श्रीमानले नै राख्ने गर्दछन् ।

व्यक्तिगत अध्ययन एक्काइसकी सुन्तली दराईको घरमा बाख्रा, कुखुरा, भैँसी पालेका छन् । श्रीमान् ज्यामी काममा जाने हुँदा त्यसको स्याहार सुसार उनले नै गर्नुपर्ने हुन्छ तर बेच्ने बेलामा चाहिँ श्रीमान्ले नै बेच्ने गर्दछन् ।

## ५.५ दैनिक ज्यालामा

दिनभरी श्रम गरेर प्राप्त हुने पारिश्रमीकलाई दैनिक ज्याला भनिन्छ । दराई परिवारमा दैनिक ज्यालादारीबाट घर खर्च चलाउनुपर्ने परिवारपनि केहि भेटिन्छन् । पुरुषहरु प्रायजसो घर बनाउने, नारायणगढतिर साहुहरुको सामान ओसारपसार गर्ने काम गर्छन् भने महिलाहरु अर्काको मेलापात, सिलाई कटाई जस्ता काममा जाने गर्दछन् । यसरी ल्याएको आम्दानी श्रीमान आफै राख्ने र श्रीमतीले ज्यालादारी गरेर ल्याएको पनि श्रीमान लाई नै राख्न दिने गरेको पनि पाईन्छ । भने केहि परिवारमा श्रीमतीलाई राख्न दिएता पनि खर्च गर्नु पर्दा श्रीमानलाई सोधेर गर्ने गरेको पाईयो ।

- व्यक्तिगत अध्ययन आठकी वसन्ती दराईका श्रीमान् मिस्त्री काम गर्दछन् । उनले पाउने दैनिक पारिश्रमिक उनकै श्रीमानले राख्ने गर्दछन् । साथै उनले मेलापात गरेर ल्याएको रकम पनि श्रीमानले नै राख्ने र आफूलाई चाहिने बेलामा उनीसँगै माग्ने उनको भनाई छ ।

व्यक्तिगत अध्ययन छ की लक्ष्मी दराईका श्रीमान् पनि मिस्त्री काम गर्दछन् । उनले कमाएर ल्याएको पैसा आफूले नै राख्दछन् र खर्च गर्नुपर्दा पनि उनी आफैले गर्ने गर्दछन् ।

व्यक्तिगत अध्ययन चौधकी फोहनी दराईका श्रीमानले मजदुरी गरेर ल्याएको ज्याला उनी आफैले नै राख्ने गर्दछिन् । घर खर्चका सामानहरु किन्ने बेलामा चाहिएको रकम श्रीमानलाई सोधेर खर्च गर्ने गर्दछिन् ।

व्यक्तिगत अध्ययन तीनकी निलम दराईका श्रीमानले वायरिङ्ग काम गर्दछन् त्यस बाट आएको आम्दानी आफै राख्ने गर्दछन् ।

## ५.६ व्यापारमा

नेपालमा व्यापारी जाति भनेर नेवार जाति अग्रस्थानमा भएतापनि अन्य जातिहरु पनि आजभोलि व्यापारलाई रोजगारीको विकल्पका रुपमा अपनाउँदै आएका छन् । तर दराई जातिहरु भने कमै मात्रामा व्यापारतर्फ लागेको पाइन्छ । व्यापारमा व्यवसायिक ज्ञान, सीपको कमी साथै लगानी गर्नको लागि आर्थिक अभावको कारणले पनि यस पेशालाई अपनाउन सकेका छैनन् । यस दरै टोलमा व्यक्तिगत अध्ययन लिइएका २३ परिवारमध्ये १ जना महिलाले मात्र आफ्नो घर अगाडि सानो किराना पसल गरेको पाइयो । यो व्यापार आफ्नै पेवा पैसाले सुरु गरेको र यसबाट आएको आम्दानी पनि आफूले नै खर्च गर्न सक्ने उनको भनाई छ ।

व्यक्तिगत अध्ययन पाँचकी शोभा दराईले आफ्नै घर अगाडि सानो पसल गरेकी छन् । उनको यो पसलबाट आएको आम्दानी आफै राख्ने र आफ्नै इच्छाले खर्च गर्न सक्ने बताउँछिन् । उनलाई यो पसलबाट आएको आम्दानीमा श्रीमानलाई दिनपर्ने कुरा बताउँछिन् ।

## ५.७ घरायसी अन्य आम्दानीमा

दराई परिवारमा कमै परिवार मात्रै घरको अन्नबाली बेचेर केहि आम्दानी गरेको पाइन्छ । धेरैजसो आफ्नो अन्नबालीले वर्षभरि खान नपुग्नेहरु नै छन् । त्यसरी बेचेर आएको आम्दानी घरका ज्येष्ठ पुरुष सदस्यले नै राख्ने गरेको पाइयो । त्यसमा महिलाको कुनै हात नरहेको पाइयो । व्यक्तिगत अध्ययन १ की बुधनी दराईको घरमा पनि अन्नपात बिक्री गर्ने त्यसबाट आएको आम्दानी ससुराले नै राख्ने गर्दछन् ।

व्यक्तिगत अध्ययन दुई की आइती दराईको पनि श्रीमान्को नाममा भएको १ बिघा जग्गाको अन्नबाली बेचेर आम्दानी हुने त्यसबाट भएको पैसा उनका श्रीमानले नै राख्ने गर्दछन् ।

व्यक्तिगत अध्ययन पाँचकी शोभा दराईको पनि डेढ विघा जग्गाको अन्नबाली घरमा खाएर बेच्न पुग्ने र बेचेर आएको आम्दानी ससुराले नै राख्ने गर्दछन् ।

व्यक्तिगत अध्ययन नौ की समिता दराईको २७ कट्ठा जग्गाबाट आएको अन्नपात बेचेर आएको आम्दानी ससुराले नै राख्ने गर्दछन् ।

व्यक्तिगत अध्ययन नौ की सुरौनी दराईको ससुराले घरमा फुर्सदको समयको उपभोग गरी घर मै डोको नाम्लो बनाई आम्दानी गर्ने गर्दछन् ।

## ५.८ नोकरीमा

मर्यादित र सरल जीवनयापनको लागि नोकरी पेशालाई दराई समुदायमा राम्रो पेशा मान्दा रहेछन् । नेपाली समाजमा नोकरी वा जागिर गर्नुलाई सम्मानित पेशाका रुपमा हेरिन्छ । किनभने यस पेशाका लागि शिक्षा वा योग्यताको अनिवार्यता हुने गर्दछ । त्यसैले धेरै पढी राम्रो जागिर पाउने आशामा मानिसहरु शिक्षा आर्जनतर्फ प्रयत्नशील रहेको देखिन्छन् ।

नेपालको उद्योगधन्दा, कलकारखानाको विकास हुन नसकिरहेको कारण रोजगारीको क्षेत्र सीमित भएको हुँदा प्रतिस्पर्धा बढी र त्यसमा पनि राजनैतिक अस्थिरता, दलीय स्वार्थ, नातावाद र भ्रष्टाचार जस्ता प्रवित्तिले गर्दा पनि शैक्षिक बेरोजगारको संख्या दिनप्रतिदिन बढिरहेको छ ।

दराई जातिमा पनि यसको प्रभाव परेको देखिन्छ । अध्ययन क्षेत्रका दराई जातिमा पनि मुख्य पेशा कृषि रहेतापनि आजभोलि बढ्दो जनसंख्यालाई कृषिले मात्रै थेग्न नसक्ने स्थितिले गर्दा जिविकोपार्जनका लागि अन्य विकल्पहरु अपनाउँदै आएका छन् । जसमध्ये नोकरी पनि एक हो । यहाँका केही महिला र पुरुषहरु शिक्षक, सेना, सरकारी वा गैरसरकारी संस्थामा नोकरी गरेका छन् भने केही पढेलेखेका महिलाहरु पनि बेरोजगार बस्न बाध्य छन् । यसरी नोकरी गर्ने महिलाले आफ्नो कमाई आफ्नो इच्छाले नै उपभोग गरेका छन् भने

श्रीमान्ले गरेको नोकरीबाट श्रीमान्ले खर्च छुट्याएर दिएको रकमले खर्च चलाउने गरेको पाइएको छ ।

व्यक्तिगत अध्ययन नौ की समिता दराईका श्रीमान् जिल्ला शिक्षा कार्यालय संखुवासभामा कार्यरत छन् । उनी सासुससुरासँगै सगोल परिवारमा बस्दै आएकी छन् । उनका श्रीमानले उनको बैंक खातामा पैसा पठाइदिने र त्यसबाट उनले आफ्नो खर्च चलाउने गर्दछिन् ।

व्यक्तिगत अध्ययन तेह्रकी उषा दराई टोल मै एम.ए. पास गर्ने एउटी मात्र महिला हुन् । उनले भरतपुरमा नै रहेको सामुदायिक विकास संगठन भन्ने गैरसरकारी संस्थामा जागिर खाएकी छन् । उनले आफूले पाउने तलब आफ्नै बैंक खातामा जम्मा गर्ने र त्यसबाट आफ्नो इच्छाअनुसार खर्च गर्ने गर्दछिन् ।

व्यक्तिगत अध्ययन बिसकी खिमा दराई पनि भरतपुरकै बोर्डिङ स्कूलमा अध्यापन गर्दछिन् । उनले आफूले पाएको तलब आफ्नै बचत खातामा जम्मा गर्ने र उक्त रकम आफ्नो ईच्छाले चलाउने गर्दछिन् ।

व्यक्तिगत अध्ययन तेईसकी मनिता दराईका श्रीमान् भारतीय सेनामा कार्यरत छन् । श्रीमानले उनको खातामा रकम पठाइदिने र त्यसबाट निकालेर उनले घर खर्च आफ्नो स्वविवेकले चलाउने गर्दछन् ।

व्यक्तिगत अध्ययन चारकी भैया दराइका श्रीमान् पनि भरतपुरको सरकारी कलेजमा जागिरे छन् श्रीमान्ले उनलाई घरखर्च चलाउने पैसा उनलाई दिने र सो पैसाबाट उनले घरमा चाहिने सरसामान आफ्नो इच्छा अनुसार नै ल्याउन सक्ने उनको भनाइ छ ।

## ५.९ वैदेशिक रोजगारीमा

देशको राजनैतिक अस्थिरता र दलित स्वास्थ्यका कारण नेपालमा वैदेशिक रोजगारीमा उधोग कलकारखानाको विकास हुन नसकिरहेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ विभिन्न सरकारी कार्यालय, सेना, प्रहरी, शिक्षक लगायतको क्षेत्रले देशको बढ्दो बेरोजगारीलाई थेग्न नसकी धेरै युवा शक्ति विदेश पलायन हुन बाध्य देखिन्छन् । नेपालको रोजगारीको ठुलो क्षेत्र कृषि भएपनि राज्यको ध्यान कृषिको विकास र व्यवसायीकरणतर्फ जान नसकेका कारण पनि परम्परागत कृषि प्रणालीले वर्तमान युवा पिढीलाई आकर्षण गर्न

सकिरहेको छैन जसका कारण वर्षेनी लाखौँ युवायुवतीहरु विदेशिएका छन् । यसको प्रभाव दराई समाजमा पनि देख्न सकिन्छ । दराई समाजमा पनि महिला पुरुष वैदेशिक रोजगारीमा गएका देखिन्छन् । यहाँका केही दराइहरुको पारिवारिक आम्दानीको स्रोत भनेको वैदेशिक रोजगार रहेको छ । श्रीमान विदेशमा गएका र श्रीमतीले घरमा भएको जग्गा जमिनमा खेतीबारी रेखदेख गरी बसेका छन् । श्रीमानले विदेशबाट पठाएको रकमले महिलाहरु स्वविवेकमा घर चलाउन सक्ने केही दराइ महिलाहरु रहेको पाइयो । त्यस्तै महिलाले वैदेशिक रोजगारीबाट कमाएको रकममा उनिहरुकै स्वामित्व रहेको पाईयो ।

## ५.१० छोराछोरीको कमाईमा :

दरै जातिको आदर्श मान्यता संयुक्त परिवार भएता पनि आजकल एकल परिवार प्रथाको प्रचलन बढ्दो छ । यस जातिका अघिल्ला पुस्ताहरु पुर्णरुपमा कृषिमा निर्भर रहने भएकोले कृषि कार्यकोलागि धेरै जनशक्तिको आवश्यकता पर्ने हुँदा यिनीहरु संयुक्त परिवारमै रहने गर्दथे भने अहिले कृषिले मात्रै गुजारा नहुने हुदा विकल्पको अन्य खोजी गर्ने भएकोले एकल परिवार प्रथा बढेको पाइन्छ । त्यसैले छोराको कमाइ बुहारीले नैँ चलाउने छोरी अर्काको घरमा जाने हुँदा छोराछोरीको कमाइ खाने महिलाको संख्या नगन्य नै रहेको छ ।

## ५.११ स्वआर्जनमा

महिला वा पुरुषले आफ्नो मेहनतले कमाएको वा आर्जन गरेको सम्पतिलाई स्वआर्जनको सम्पति मानिन्छ । अध्ययन क्षेत्रको केहि महिलाहरु सहकारी संस्थाबाट तालिम लिई सिलाई कटाई तथा खेती गरेको पाईन्छ । यसरी उनीहरुले घरमै बसी सानो तिनो आर्जन गरेको यसमा उनीहरुको पुर्ण अधिकार रहेको भनाई व्यक्तिगत अध्ययनका बुधनी , कमला , छन्नु र मनिता दराईको छ ।

# अध्ययन छ

# घरायसी निर्णय प्रक्रियामा दराइ महिलाको भुमिका

अध्ययन क्षेत्रका अधिकांश दराइ महिलाहरु घरायसी कार्य खाना, भान्सा, बच्चाबच्चीको स्याहार सुसार, पशुपक्षिंको हेरचाह साथै मेलापातमा संलग्न देखिन्छन् । परिवारमा पुरुषको तुलनामा उनिहरुले बढी समय घरायसी काममा बिताउने गर्दछन् । उनीहरुले गर्ने घरायसी कार्यको निर्णयमा उनीहरुको भुमिकाको बारेमा वैयक्तिक अध्ययन बाट प्राप्त तथ्यहरुको आधारमा विभिन्न उपशीर्षक द्धारा प्रस्तुत गरिएको छ ।

## ६.१ शिक्षामा

मानवीय जीवनका हरेक क्षेत्रमा शिक्षाको ठुलो महत्व रहेको छ । शिक्षाले मानवीय मुल्य मान्यता विश्वास दृष्टिकोण लगायत परम्परागत प्रणालीमा आधुनिक सु-संस्कृत र सभ्य समाज तर्फ उन्मुख गराउन महत्वपूर्ण भुमिका खेलेको हुन्छ । समुन्नत समाजको निमार्ण शिक्षाबाटै सम्भव हुने हुँदा विकाशको मेरुदण्डको रुपमा शिक्षालाई लिइने गरिन्छ । शिक्षाको पहुँच रहेको चितवन जिल्लाको सदरमुकाम भरतपुरमा बस्ने दराई जाति अन्य जातिको तुलनामा शिक्षामा पछाडि देखिन्छन् ।

### क) वाल बच्चाको

अझै पनि कतिपय परिवारमा छोरीलाई २/४ कक्षासम्म मात्र पढाई स्कुल छुटाउने र घरायसी कार्यमा लगाउने तथा सानैमा विवाह गरिदिने गरेको पाइन्छ भने केहि पढ्न पाएकाहरु पनि साथीको लहलहैमा लागि स्कुल छाड्ने तथा स्कुल पढ्दा पढ्दै भागि विवाह गर्ने केटाहरु पनि कमाउन सक्ने भए पछि कामको खोजिमा हिड्ने गरेको पाईन्छ । केहि परिवारमा आार्थिक अभावले पढाइलाई भन्दा कामलाई नै प्राथमिकता दिनुपर्ने वाध्यता साथै छोरीलाई पढाए पनि अर्काको घर गई चुलो चौको मेलापात गर्ने जात हे भन्ने परम्परावादी

सोचले गर्दा छोरीलाई पढाउन छोड्ने घर धन्दा मेलापात लगाउने छोरालाई पढ्न पठाउने गरेको पनि पाईन्छ । तर आजभोलि धेरै जसो परिवारमा छोराछोरमि विभेद नगरी एउटै स्कुलमा पढाउने गरेको पाईन्छ । यसरी पढाउने हरुले धेरै जसो वाल बच्चालाई लाई बोडिङ्ग स्कुलमा पढाउने पाईयो । यसरी परिवारमा बच्चाहरुको शिक्षालाई लिएर कुन स्कुल पढाउने कति पढाउने स्कुल छुटाउने जस्ता विषयमा श्रीमान श्रीमती मिलेर नै निर्णय गर्ने कुरा व्यक्तिगत अध्ययनका समिता दराई , निलम दराई र शोभा दराई जस्ता महिलाहरु बाट थाहा पाउन सकिन्छ । साथै श्रीमान विदेश भएका परिवारमा उक्त कार्यको निर्णय श्रीमती एक्लैले गरेको पाईन्छ भने केहि परिवारमा श्रीमान एकलैले गरेको पनि पाईन्छ ।

### ख) महिलाको

"एउटा पुरुष शिक्षित हुँदा एक जना मात्र शिक्षित हुन्छ तर एक महिला शिक्षित हुँदा परिवारनै हुन्छ" भन्ने महात्मा गान्धिको भनाई बाट महिलाको शिक्षामा ठुलो महत्व रहेको तथ्यलाई सर्वमान्य गरेको छ । अध्ययन क्षेत्रका दराई परिवारमा पाँका उमेरका महिलाहरु माईतीमा छोरीलाई पढाउन भन्दा घरधन्दा मै लगाउने प्रवृतिले गर्दा पढ्ने रहर हुँदा हुँदै पनि पढ्न नपाएका कारण निरक्षर भएकोमा विवाह पछि प्रौढ शिक्षा कार्यक्रमबाट साक्षर हुने मौका पाएका छन् भने कतिपय S.L.C पास गरेकाहरु पनि विवाह पछि घरधन्दा मै अल्भ्रेर पढाईलाई निरन्तरता दिन नसकेको भनाई व्यक्तिगत अध्ययन की लक्ष्मी र मनिता दराईको छ । समिता र उषा दराई जस्ता विवाह पछि पनि शिक्षालाई निरन्तरता दिएका महिलाहरु पनि छन् ।

## ६.२ पेशा / व्यवसायमा

अध्ययन क्षेत्रका दराई परिवारमा महिलाहरु घर बाहिरका पेशा अन्य पेशा व्यवसाय अपनाउने महिलाहरुको संख्या अत्यन्तै न्यून रहेको छ । प्राय सवै परिवारमा पुरुषहरु नै घर बाहिरको कार्यमा खटिने हुँदा महिलाहरु घरपरिवार तथा पशुपालनमा हेरचाह गर्नु पर्ने वाध्यताले गर्दा पनि अन्य पेशा व्यवसायमा लाग्नेको संख्या निकै कम भेटिन्छ । महिलाहरुमा योग्यता शिप क्षमता कमिका साथै व्यापार व्यवसायमा लगानीको आवश्यकता पर्ने हुँदा

आर्थिक रुपमा पुरुष पराधिनता भएका कारण आफ्नो ईच्छा वा निर्णयमा पेशा व्यवसाय रोज्न धेरै जसो महिलाहरुले नसकेको पाईयो । तर व्यक्तिगत अध्ययनका उषा , खिमा , सावित्री र शोभा दराई जस्ता केहि महिलाहरु आफ्नै ईच्छाले शिक्षण , संघसंस्था ,वैदेशिक रोजगारी र घरमै कुखुरा व्यवसाय तथा व्यापार गरेको पाईयो ।

## ६.३ सामाजिक संघ संस्थामा

आजभोलि गाँउ होस् वा शहर जहाँ तँही महिलाहरुलाई संगठित गराउने साथै उनीहरुको आर्थिक स्थितिमा सुधार ल्याउने र महिला सशक्तीकरण गर्ने उदेश्यले विभिन्न समाजिक संघ संस्था वचत समुह , आमा समुह र सहकारी खुलेको पाईन्छ । जहाँ महिलालाई घरबाट बाहिर निस्की वचत गर्ने वानीको विकाश हुन्छ । यस भरतपुर नगरपालिका भित्र पनि विभिन्न सहकारी , वचत समुह , महिला विकास समुहहरु छन् जसमा धेरै महिलाहरु आवद्ध रहेका छन् । यहाँ महिलाहरुले गरेको आय आर्जनका केही रकम जम्मा गर्ने गर्दछन् । केहिले यस संस्थाबाट ऋण लिएर व्यापार व्यवसाय गरेका छन् । यस्ता समुहहरुले महिलाहरुलाई व्यसायिक तालिम तथा जन चेतनामुलक कार्यक्रमहरु उपलब्ध गराउदछन् ।

यस अध्ययन क्षेत्रमा दराई महिलाहरुको सक्रियतामा दराई मिलन समुह भन्ने वचत समुह स्थापना गरी सम्पुण दराई महिलाहरुलाई आवद्ध गराएका छन् । त्यस्तै नवप्रभात सहकारी तथा वचत संस्थामा पनि केही महिलाको सहभागिता रहेको छ । नारी एकता समाज भरतपुर द्धारा संचालित वाल वचत समुहको एउटा शाखा पनि यस दराई टोलमा रहेको र यहाँ केही महिलाहरुले आफ्नो वाल बच्चाको नाममा वचत गरेको पाईन्छ । यसरी समग्रमा हेर्दा दराई महिलाहरु पनि वचत समुहमा आवद्ध रहेका र यस्ता समुहमा सहभागी हुनको लागि आफै निर्णय गर्न सक्ने र रकम राखन वा झिक्न पनि उनिहरु आफनै स्वविवेकले गर्ने गरेको  व्यक्तिगत अध्ययनका समिता , बुधनी , सावित्री , लक्ष्मी , उषा र खिमा दराई जस्ता महिलाहरुको भनाईबाट थाहा पाउन सकिन्छ । आईती, मैयाँ, लक्ष्मी, जस्ता केही महिलाहरु यस्ता कार्यहरु पनि श्रीमानलाई सोधेर नै गर्ने गरेको पाईयो ।

## ६.४ विवाहमा

विवाह सम्पुर्ण मानवजातिको प्रचलित संस्कार हो । अध्ययन क्षेत्रका दराई जातिमा पनि यसको महत्वपूर्ण स्थान रहेको छ । यस जातिमा पनि गोत्र विभाजन हुने र सगोत्रीसँग विवाहवारी नचल्ने फरक गोत्र मै वैवाहिक सम्वन्ध जोडिने गर्दछ । विशेष गरी यहाँका दराई जाजिमा प्रेम विवाह ( भागी विवाह ) प्रचलित भएता पनि मागि विवाह गर्ने हरु पनि पाईन्छन् । भागि विवाह केटाकेटीहरु आफ्नो राजीखुशी साथ हुने हुँदा यसमा आमा बुवा वा अन्य अभिभावकको कुनै भूमिका हुदैन । मागि विवाहमा अन्य जातिको जस्तै लमीको महत्वपुर्ण भुमिका हुने गर्दछ । यस्ता कार्यमा परिवारमा छोरा छोरीको विवाहवारी गर्दा श्रीमान् श्रीमती दुवैको सल्लाह हुने हुँदा श्रीमतिको पनि कुरा सुनिने हुन्छ । व्यक्तिगत अध्ययनकी मंगली , फोहनी र सञ्चरी दराईको अध्ययनबाट प्रष्ट हुन्छ ।

## ६.५ राजनितिमा

राजनैतिक भन्ने वित्तिकै पुरुषहरुले मात्रै गर्ने काम भन्ने सोचिने नेपाली समाजमा हाल आएर महिलाहरु केहि मात्रामा भएपनि  महिलाहरु राजनीतिमा सहभागी हुन थालेका छन् । २००७ सालपछिको राजनैतिक परिर्वतन पछि पुरुष महिलालाई समान हकको व्यवस्था गरे पनि राजनैतिक क्षेत्रमा सम्लग्न प्रतिशत हेर्दा महिलाको सहभागिता न्युन रहेको देखिन्छ । ईतिहासमा हेर्दा केहि महिलाहरुले राजनैतिकमा नजिक भएता पनि धेरै महिलाहरु राजनीतिबाट टाढै रहेका थिए । हाल सरकारले महिलालाई ३३% आरक्षणको व्यवस्था गरेको छ  । अध्ययन क्षेत्रका केही नगन्य रुपमा  महिलाहरु सक्रिय रुपमा राजनितिमा लागेता पनि धेरै जसो महिलाहरु राजनितिक लागेको पाईदैन् । यहाँको अधिकांश महिलाहरु राजनीतिमा आउन नसक्नुको कारण परिवारको सहयोग नहुनु चेतना तथा शिक्षाको कमी , आर्थिक निर्भता रहनु साथै नेपाली राजनितिकमा बढ्दो निराशा जस्ता कारणहरु रहेका छन् । तर संविधान सभाको चुनावमा भोट हाल्ने बेलामा यहाँका सम्पूर्ण महिलाहरु सहभागि भएका थिए । चुनावमा भोट हाल्ने र राजनैतिक पार्टी कुनलाई चुन्ने भन्ने बारेमा उनिहरुको स्वविवेकले नै गर्ने भनाई  व्यक्तिगत अध्ययनका उषा , मैयाँ , निलम , सावित्री र कमला दराईको छ ।

## ६.६ किनबेचमा :

अध्ययन क्षेत्रका दराई परिवारमा परिवारको सम्पति माथि पुरुषहरुको नै स्वामित्व रहेको हुँदा आर्थिक कारोवारमा पनि पुरुषहरुले नै निर्णय गर्ने गरेको पाईयो । घर जग्गा जस्ता अचल सम्पतिको किनबेचमा पुरुष सदस्यले नै निर्णय गर्दछन् । पशुपंक्षीको खरिदविक्री पनि मुख्यरुपमा पुरुषहरुले नै गर्ने गरेको पाईयो । श्रीमान वैदेशिक रोजगारीमा गएका परिवारमा महिलाहरुले घरका पशुपंक्षिको खरिदविक्री गरेको पाईयो । आयआर्जनमा सफल महिलाहरुले घरका पशुपंक्षी आफ्नै निर्णयमा बेचविखने गरेको पाईयो । तर अन्य परिवारमा घरका अन्नपात , पशुपंक्षी , जग्गाजमिन जस्ता किनबेच पुरुष सदस्य गरेको र त्यस्ता कार्यमा महिलालाई पनि सरिक बनाईने भनाई बुधनी , फोहनी , गिता , खिमा , उषा र सावित्री दराई जस्ता महिलाहरुको छ ।

## ६.७ समान खरिदमा

कृषि उत्पादनले मात्र गुजरा नहुने उक्त दराई समुदायमा धेरै जसो परिवारमा घरायसी खर्चको लागि बाहिर गई आय आर्जन गर्ने पुरुषहरुमा नै भर पर्नुपर्ने हुन्छ । त्यसैले धेरैजसो पुरुषहरु ज्यालादारी, वैदेशिक रोजगारी, शिक्षण जस्ता पेशामा लागेका छन् । पुरुषहरुले आफ्नो आम्दानीको केहि रकम घर खर्चको लागि महिलाहरुलाई दिने र त्यही रकमबाट महिलाहरुले घरायसी सरसामान लुगा, भाडावर्तन, खाद्यान सामानहरु स्वविवेकमा खरिद गर्ने गरेको पाईयो । भने अन्य टिभी, मोवाईल , रेडियो फर्निचरका सामानहरु पुरुषहरुले नै किन्ने गरेको पाईयो । अध्ययन क्षेत्रका महिलाहरु मैया, दुरानी , सिमली , गिता र फोहनी दराई जस्ता महिलाहरुले प्राय आफ्नो ईच्छा बमोजिम घरायसी समानहरु किन्ने गरेको पाईयो । भने आईती , निलम , लक्ष्मीका परिवारमा यस्ता समानहरु खरिद गर्ने कार्य पुरुषले नै गर्ने गरेको पाईयो ।

## ६.८ मेलापातमा

कृषि पेशा प्रमुख पेशा रहेको उक्त दराई समाजमा परिवारमा प्राय महिलाहरु मेलापातका कार्य मै सरिक भएको पाईयो । आफ्नो जग्गा जमिन हुनेहरु आफ्नो

खेतवारीमा काम गर्ने गर्दछन् भने कम हुने वा नहुनेहरु अर्काको मेलापात जाने गर्दछन् । त्यस्तै कृषि कार्य एक्लैबाट सम्भव नहुने हुँदा एक आपसमा अर्मपर्म गरेर काम गरेको पाईयो । यस्ता मेलापात कहिले र कस्कोमा गर्ने भन्ने निर्णय संयुक्त परिवारमा परिवारको सल्लाहमा गर्ने गरेका छन् भने एकल परिवारमा महिला आफ्नै निर्णयमा गरेको पाईयो । एकलका मैया, छन्नु, आईती, लक्ष्मी र आइतमायाँ दराई आफै निर्णयमा गर्ने गर्दछन् ।

## ६.९ खाना भान्सामा

यस समुदायमा पनि घरभित्रका सवै कार्य महिलाले नै गर्ने गरेको पाईयो । घर भित्रको कार्य भन्नाले खाना पकाउने , सरसफाई , बच्चाबच्चीको स्याहार जस्ता कार्यहरु पर्दछन् यस्ता कार्यमा खाना के पकाउने , पाहुना आउदा के खुवाउने , चाडपर्व पुजाआजामा के के परिकार बनाउने कति खर्च केमा गर्ने ? जस्ता कार्यमा प्राय : महिलाहरुले नै निर्णय गरेको पाईन्छ । अध्ययन क्षेत्रका महिला सञ्चरी , गिता , मैया , बुधनी , उषा दराई हरु खाना भान्साका बारेमा आफैले गर्दछन् ।

## ६.१० सन्तान उत्पादन

प्रजनन् अधिकार महिलाको नैर्सगिक अधिकार भएपनि कतिपय परिवारमा पुरुषले त्यसमाथि नियन्त्रण गरेको पाइन्छ । सन्तान कति पाउने परिवार नियोजन गर्ने वा नगर्ने सन्तानको वीचको अन्तर कति राख्ने भन्ने जस्ता महिलाका मौलिक अधिकार माथि पनि पुरुषले हस्तक्षेप गरी निर्णय गर्दछन् । अध्ययन क्षेत्रका दराई परिवारमा पनि केही परिवारका श्रीमानले सन्तान उत्पादनमा महिलाको अधिकारलाई हस्तक्षेप गरेको पाईएता पनि अधिकांश परिवारमा महिलाहरु आफ्नो ईच्छाले नै कति सन्तान जन्माउने र कुन समयमा जन्माउने भन्ने बारे आफै निर्णय गरेको पाईयो । परिवार नियोजनको साधन कुन अपनाउने वा स्थायी नियोजन गर्ने भन्नेबारे धेरै जसो परिवारमा दुवैको सल्लाह बाट हुने गरेको पाईयो । पुरुषहरु घर बाहिरको काममा सरिक हूनपर्ने भएकोले काममा अप्ठ्यारो पर्ला भन्ने सोचाईका कारण महिलाहरुले नै आफ्नो ईच्छाले स्थायी नियोजन गर्ने धेरै संख्या छन् भने पुरुषले गर्न लगाएर गर्ने केहि महिला पनिरहेका छन् । त्यस्तै धेरै जसो शिक्षित परिवारमा श्रीमानले नै अस्थायी साधान अपनाउने पाईन्छ । व्यक्तिगत अध्ययनका गिता , उषा र

समिता दराई जस्ता महिला शिक्षीत महिलाहरु हुन् उनिहरुको परिवारमा श्रीमानले नै अस्थायी नियोजन गरेका छन् ।

## ६.११ सामाजिक कार्यमा

मानिस चेतनशील प्राणी भएको नाताले उ सधै समाजमा वस्छ । त्यसैले मानवलाई सामाजिक प्राणी पनि भनिन्छ । समाजमा वसेको नाताले व्यक्तिगत कामका अलवा व्यक्तिले सामाजिक कार्य पनि गरेको हुन्छ । सामाजिक काम नगर्ने हो भने समाज विकासतिर लम्कन सक्दैन । समाजमा रहेका वाटाघाटा निर्माण गर्नुका साथै मर्मत गर्नु, धारा पानी पधँरा पाटी पौवा बनाउनु साथै संरक्षण गर्नु भएको विग्रेमा मर्मत गर्नु, विद्यालय, वन जंगलको हेरचाह गर्नु एवं व्यवस्थित गराउनु, सामाजिक जनचेतना जगाउनु, विभिन्न रोगहरूबारे वताउँदै उक्त रोगहरूबाट वच्ने उपाय वताउनु, चौतारी एवं प्रतिक्षालय एवं मठ मन्दिर बनाउनु, समाजमा समस्यामा परेका व्यक्तिलाई उद्धार गर्नु एवं जो कोही दैवी प्रकोपमा परेका व्यक्तिहरूलाई राहत तथा उद्धार गर्नु आदि सवै सामाजिक कार्य अन्तर्गत पर्दछन् । त्यसैले समाजमा बस्ने व्यक्तिको सामाजिक भूमिका अति नै महत्त्वपूर्ण हुन्छ । यस्ता कार्यमा पनि दराई महिलाको सम्लग्नता भएको पाईन्छ । मैया दराई , बसन्ती दराई र लक्ष्मी दराई जस्ता महिला आफ्नै ईच्छा अनुसार सहभागी भएको पाईयो ।

# अध्ययन सात

# सारांश, निष्कर्ष र सुझाव

## ७.१ सारांश

प्रस्तुत शोधपत्र दराई परिवारमा सम्पति माथि महिलाको स्वामित्व एवं निर्णय भूमिका सम्बन्धि चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. १२ को एक समाजशास्त्रीय अध्ययन विषय तयार पारिएको हो । नेपाली समाजमा पुरुषको तुलनामा महिलाहरुको सम्पतिमा पहुँचको स्थिति अत्यन्तै न्यून छ । पुरुषको तुलनामा महिलाहरु बढी समय कार्यमा संलग्न रहेतापनि आर्थिक परिचालन लगायत निर्णय प्रक्रियामा निकै पछाडि देखिन्छन् । नेपालमा जातिगत एवं धार्मिक विविधताका कारण परम्परागत हिन्दु परिवारमा र ग्रैह हिन्दु वा मंगोलहरुमा महिलाको हैसियत , अधिकार र निर्णय प्रक्रियामा उनीहरुको सहभागिता फरक रहेको सन्दर्भलाई लिएर समाजशास्त्रिय अध्ययनहरुमा पछाडि परेका दराई जातिका परिवारमा सम्पति माथि महिलाहरुको स्वामित्वको स्थिति र घरायसी निर्णय प्रक्रियामा दराई महिलाहरुको भुमिकामा प्रकाश पार्नु नै यस अध्ययनको उद्धेश्य रहेको छ । समय र श्रोतको अभावको कारण यस अध्ययन भरतपुर न.पा. वडा नं. १२ का ५० घरपरिवार मध्ये उद्धेश्यमुलक तरिकाले जम्मा २३ घरपरिवारका महिलालाई व्यक्तिगत अध्ययनमा समेटिएको छ ।

## ७.२ मुख्य प्राप्ती

दराई परिवारमा सम्पति माथि महिलाको स्वामित्व एवं निर्णय भूमिका सम्बन्धी तयार गरिएको यस शोधपत्रमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी पत्ता लगाईएका कुराहरु निम्नलिखित छन् ।

- उक्त क्षेत्रमा अधिकांश महिलाहरु घरायसी धन्दा पशुचौपायको स्याहार तथा मेलापातमा सम्लग्न रहेको पाईयो । भने पुरुषहरु वैदेशिक रोजगारी, सरकारी कार्यालय, तथा ज्याला मजदुरी जस्ता पेशामा संम्लग्न रहेको पाईयो ।
- कृषि उत्पादनले घर खर्च चल्ने परिवार निकै कम भएको हुँदा अधिकांश परिवारमा पुरुषहरुको  कमाईबाटै घरखर्च चल्ने गरेको पाईयो ।
- संयुक्त परिवारमा घरका चलअचल सम्पतिको स्वामित्व जेष्ठ पुरुष सदस्यमा रहेको पाईयो भने एकल परिवारमा चलअचल सम्पतिको स्वामित्व श्रीमानमा रहेको पाईयो ।
- पुरुष वैदेशिक रोजगारीमा गएका परिवारमा परिवारको चलअचल सम्पतिको चलखेल महिला आफ्नो स्वविवेकले गरेको पाईयो ।
- केहि परिवारमा श्रीमान वा ससुराले राजश्व छुट पाउने आशामा महिलाको नाममा जग्गा जमिन पास गरिदिएको पाईयो तर त्यसरी महिलाको नाममा जग्गा जमिन भए पनि उक्त सम्पतिको भोगचलन महिलाले गर्न नसकेको पाईयो ।
- केहि परिवारमा महिलाहरुले माईतीबाट पेवाको रुपमा जग्गा जमिन प्राप्त गरेको भएतापनि सो अचल सम्पतिको चलखेल महिला स्वयंले गर्न नसकेको देखिन्छ ।
- पैत्रिक सम्पतिमा महिला पुरुषको बराबर अधिकार हुने व्यवस्था गरिएता पनि अहिले सम्म उक्त समुलायका कुनै पनि महिलाको पहुँच पैत्रिक सम्पतिमा पुगेको पाईदैन ।
- धेरै जसो परिवारमा श्रीमानले ज्यालादारी वा नोकरीबाट कमाएको आम्दानी श्रीमानले नै राख्ने र घर खर्चको लागि छुट्टयाएर दिएको रकम बाट महिलाले घरखर्च चलाउने गरेको पाईयो ।
- यहाँका महिलाहरुले माईतीबाट दाईजोको रुपमा गरगहना, पैसा, भाडाकुडा तथा पशुपंक्षी प्राप्त गरेको पाईयो यसरी प्राप्त भएको सम्पतिमा धेरै जसो परिवारमा उनीहरुको नै स्वामित्व रहेको पाईयो ।

- नगन्य मात्रामा भए पनि नयाँ पुस्ताका महिलाहरु पढेलेखेका साथै वाहिरी आयआर्जनमा सरिक भएको पाईयो । केही महिलाहरु सामान्य सिलाई कटाई व्यापार व्यवसाय गरेको पाईयो । महिलाहरुले गरेको स्वआर्जनमा उनीहरुको नै स्वामित्व रहेको पाईयो ।

- आर्थिक स्थिति राम्रो भएका परिवारमा महिलाका आफ्ना नीजि सम्पतिहरु आफुले नै राख्न सकेको पाईयो भने कमजोर आर्थिक स्थिति भएका परिवारमा यस्ता सम्पति घरायसी कार्य मै खर्च गर्नु परेको हुँदा महिलाहरुको स्वामित्व केही पनि नरहेको पाईयो ।

- परिवारका सबै खाले आर्थिक कारोवारमा पुरुषहरुको भुमिका महत्वपुर्ण रहेको भएता पनि यस्ता कारोवारमा धेरै जसो परिवारमा महिलाहरुलाई सरिक गराईएको पाईयो ।

- आर्थिक कारोवार बाहेकका अन्य कार्यहरु बालबच्चाको शिक्षा , घरभित्रका खाना भान्सा , औषधी उपचार , घर खर्चका लागि सामान खरिद , मेलापात , विवाहवारी, सन्तान उत्पादन गर्ने विषय जस्ता कार्यहरुमा महिला स्वयंले निर्णय गर्ने गरेको पाईयो ।

- शिक्षित महिलाहरु साथै आयआर्जन गर्न सफल महिलाहरु निर्णय प्रक्रियामा पनि अन्य महिलाको तुलनामा अगाडी रहेको पाईयो ।

- यहाँका अधिकांश महिलाहरु वचत तथा सहकारी संस्थामा पनि सक्रियरुपमा लागेको पाईयो त्यस्तै सामाजिक तथा राजनितिक निर्णय पनि महिलाहरुको आफ्नो ईच्छाले नै लिने गरेको पाईयो ।

## ७.३ निष्कर्ष

अध्ययन क्षेत्रका दराई जातिका परिवारमा महिलाहरु घरधन्दा पशुचौपायको स्याहार सुसार र मेलापातका काम गर्ने गर्दछन् । भने पुरुषहरु वैदेशिक रोजगारी , सरकारी संघसंस्था , शिक्षण , सेना तथा ज्यालामजदुरी पेशामा लागेका छन् । उक्त क्षेत्रका दराई जातिको जिविकोपार्जनको मुख्य पेशा कृषि मानिने भएतापनि आजभोली बढ्दो जनसंख्या र जमिनको खण्डिकरण र परम्परागत कृषि प्रणली भएको हुँदा गर्दा कृषि उत्पादनले मात्र परिवार धान्नेको संख्या निकै कम छ । अधिकांश परिवारको घरायसी खर्च विभिन्न पेशा अपनाएका पुरुषहरुको कमाईले नै चल्ने गर्दछ ।

हिन्दु धार्मिक मान्यता रहेको उक्त दराई परिवारमा छोरा छोरीको शिक्षामा भेदभाव गरी छोरीलाई घरायसी कार्यमै लगाउने गर्दा धेरै जसो महिलाहरु अशिक्षित रहेका छन् । त्यस्तै केही पढ्न पाएकाहरु पनि विचैमा पढाई छाडी आफै विवाह गर्ने तथा केहि बावुआमाले पढ्दापढ्दै बिचैमा विवाह गरिदिएका र विवाह पछि पारिवारिक जिम्मेवारीबाट माथि उठ्न नसकी पढाईलाई निरन्तरता दिन नसकेका र शिप क्षमताको विकास गर्न नसकेका कारण पनि अधिकांश महिलाहरुले बाहिरी पेशा अपनाउन सकेका छैनन् । अर्को तिर पितृसतात्मक सोचमा आधारित उक्त दराई समुदायमा परिवारमा महिलाले घरपरिवार समाल्नु पर्दछ र पुरुषहरु वाहिरी आयआर्जन गरी परिवार पाल्नु पर्दछ भन्ने मान्यताले जरो गाडेको हुँदा पनि महिलाहरु घरायसी कार्य प्रति नै बढी उत्तरदायी रहनु परेको हुँदा आय आर्जन पछाडि छन् र जसका कारण आर्थिक रुपमा पुरुष निर्भर छन ।

महिलाको नाममा चलअचल सम्पति केही भयो भने जीवनमा सुरक्षित अनुभुति मिल्नुका साथै परिवारमा उनीहरुको स्थान दह्रो हुने तथा निर्णय अधिकार रहने विचार महिलाहरुमा रहेको भएता पनि पितृसतात्मक पारिवारिक संरचना रहेको उक्त समुदायमा पैत्रिक सम्पति माथि महिला पुरुषको अधिकार बराबरी रहने व्यवस्था भए पनि अहिले सम्म उक्त क्षेत्रका महिलाहरुको पैत्रिक सम्पति माथि पहुँच व्यवहारिक रुपमा पुगेको छैन् । त्यस्तै उत्पादनका साधन श्रोतमा पुरुषको स्वामित्व रहेको हुँदा महिलाहरु आयआर्जनमा पछाडी परेका छन् । तर केही परिवारमा नगन्य मात्रामा भएपनि महिलाहरु विभिन्न पेशा अपनाएर केहि आर्जन गर्न सफल भएका छन् । महिलाले गरेका यस्ता स्वआर्जनका सम्पतीमा

उनीहरुको नै स्वामित्व रहेको छ । साथै ती महिलाहरु अन्य महिलाको तुलनामा निर्णयमा पनि अगाडि रहेका छन् ।

समग्रमा व्यक्तिगत अध्ययनबाट प्राप्त विभिन्न तथ्यहरुको आधारमा यस दराई समुदायमा रहेको पैत्रिक सम्पति लगायतका अन्य सबै चलअचल सम्पति माथिपुरुषहरुको नै स्वामित्व रहेको छ । तर महिलाले माईतीबाट प्राप्त गरेका दाईजो पेवापात तथा स्वआर्जनका सम्पतिमा भने महिलाहरुको नै स्वामित्व रहेको छ । त्यस्तै परिवारमा रहेको सम्पतिमा महिलाको स्वामित्व स्थापितहुन नसकेको कारण उनीहरुको बढि योगदान रहेको कृषि घरपालुवा पशुपंक्षि लगायतका अन्य आर्थिक निर्णयहरुमा महिलाहरु पछाडि रहेका छन् । तर अन्य कार्यहरु सन्तान उत्पादन , शिक्षा , विवाह , घरायसी समान खरिद , घर भित्रका खाना भान्सा , मेलापात , सामाजिक तथा राजनैतिक कार्यका निर्णयहरुमा महिलाहरु अगाडि रहेको छन् ।

## ७.४ सुझावहरु

परिवारमा महिलाहरुको सम्पतिमाथि स्वामित्व स्थापित हुन नसकेको साथै आर्थिक निर्णयहरुमा पछाडि परेको निष्कर्षको आधारमा निम्न लिखित सुझाव दिन सकिन्छ ।

क) महिला र पुरुषबिचको लैंगिक विभेद हटाउने खालको जनचेतनामुलक खालको कार्यक्रम सञ्चालन गर्ने ।

ख) महिलाहरुको अवस्था दयनिय रहेका कारण शिक्षा र अवसर लगायत सुविधाहरु उपलब्ध गराउनुपर्ने ।

ग) समाजिक रुपान्तरण गरेर महिला र पुरुषबिचको खाडललाई क्रमश: कम गर्दै पुरुष सरह सक्षम बनाउनु पर्ने ।

# सन्दर्भग्रन्थ सूचि


चौलागाई, र साथीहरु (२०६०), *लैङ्गिक अध्ययन,* न्यू हिरा बुक्स इन्टरप्राइजेज, काठमाडौँ ।

पौडेल, तुलसी राम (२०६४), *लैङ्गिक अध्ययन,* निमा पुस्तक प्रकाशन, काठमाडौं ।

घिमिरे , विष्णुप्रसाद (२०६४) , *चितवनका आदिवासी जनजातिको सामाजिक जीवन र सांस्कृतिक अध्ययन* , जि.वि.स. को कार्यालय सूचना तथा अभिलेख केन्द्र , भरतपुर , चितवन ।

केन्द्रिय तथ्यांकं विभाग, (२०६८), *राष्ट्रिय जनगणना,* केन्द्रिय तथ्याङ्क विभाग काठमाडौँ ।

वाग्ले , केशवराज (२०६८), *दरैजातिको आर्थिक अवस्थाले शैक्षिक उपलब्धिमा पारेको प्रभाव* (अप्रकाशित शोधपत्र) ।

भासिन, कमला (२००४), *पितृसत्ता के हो* ?, स्त्रि शक्ति, काठमाडौं ।

भाासिन, कमला (१९९३), *आखिर जेण्डर के हो त* ? स्त्री शक्ति, काठमाण्डौ ।

आचार्य, बलराम (२०६०), *लैङ्गिक अध्ययन* , काठमाण्डौः नेशनल बुक सेन्टर ।

पोखरापत्र राष्टिय दैनिक २०७० मंसिर २८ , जग्गामा नाम मात्रको महिला स्वामित्व

श्रेष्ठ, सन्ध्या (२००७), *मियाँ पाटन पोखराका विवाहित महिलाहरूको गर्भपतन र परिवार नियोजनबारेको दृष्टिकोण* (अप्रकाशित शोधपत्र) ।

विष्ट,डोरवहादुर (२०६४), *सवैजातको फूलवारी,* काठमाण्डौ :साफा प्रकाशन ।

अधिकारी, विनिता (२०६५), *विधवा महिलाको सामाजिक-आर्थिक स्थिति र पारिवारिक सम्बन्ध* ( अप्रकाशित शोधपत्र) ।

Darai, Rajendra (2003), *Landlessness and socio economic status of Darai community* .

Abbott, Pamela and Claire Wallace (1997), *'An Introduction to Sociology feminist perspective'*. 2nd edition, New yourk, Palgrave publisher Ltd

Review Vol. I Part I Status of women in Nepal CEDA, Kathmandu.

Acharya,Meena(1997), *Gender Equality and Employment of Woman*,(CEDA).

Bennett Lynn (1983), *Dangerous Wives and Scared Sisters Social and Symbolic*

*Role of High Caste Women in Nepal*. New York: Columbia, V. Press.

Shtrii Shakti (1995), *Women Development Democracy a Study of the Socio Economic Changes in the Profile of Women in Nepal*.

Ritzer George(1992), *Socaiological Theory*, 3rd edition , MC Graw-hill INC.

# परिशिष्ट-एक

## अध्ययनको नमुना प्रश्नावली

### दराई परिवारमा सम्पति माथि महिलाको स्वामित्व एवं निर्णय भूमिका सम्बन्धी एक अध्ययन

### समाजशास्त्र मानवशास्त्र विभाग पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा

### व्यक्तिगत अध्ययन अनुसुचि नमुना

म शान्ति पौडेलले यी प्रश्नपत्रहरु केवल मेरो स्नाकोत्तर उपाधीको प्रयोजनको लागि प्रयोग गर्नका तपाईहरु समक्ष प्रस्तुत गरकी छु । तसर्थ तपाईसँग यो अनुसूचिको आधारमा **दराई परिवारमा सम्पति माथि महिलाको स्वामित्व एवं निर्णय भूमिका** सम्बन्धि केही तथ्य संकलन गर्ने योजना अनुसार सम्पर्कमा आएकी छु । आफ्नो अनुभव र भोगाईका बारेमा आवश्यक उत्तर उपलब्ध गराईदिनु हुन विनम्रता पूर्वक आग्रह गर्दछु । तपाईले दिनु भएको तथ्याङ्कहरु केवल अनुसन्धानका लागि मात्र प्रयोग हुने साथै पूर्णता गोप्य रहने प्रतिबद्धता गर्दछु ।

शान्ति पौडेल

उत्तरदाताको नाम :.......................................................................

जन्म स्थान ........................................ जन्म मितिः..........................

हालको स्थान :.........................................हालको उमेर :.....................

विवाह गर्दाको उमेर : ..............................पतिको नाम : ....................

धर्म : ....................................................लिङ्ग : ...........................

पेशा : ..................................................जाति : ...........................

बुबाको नाम.............................................आमाको नाम ....................

क. सम्पति

१. तपाईको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

..............................................................

२. तपाईको परिवारको आम्दानीको मुख्य स्रोत कुन हो ?

क) व्यापार ख) नोकरी ग) दैनिक ज्यालादारी घ) अन्य ।

३. व्यवसाय वा नोकरीबाट प्राप्त आम्दानी कसले राख्दछ ?

क) आफू स्वयमले ख) श्रीमान् ग) घरका जेष्ठ सदस्यले ।

४. तपाईको परिवारमा घर जग्गा कसको नाममा छ ?

क) आफू स्वयमको ख) श्रीमान् ग) घरका जेष्ठ सदस्यको ।

५. तपाईको आफ्नो नाममा चल अचल सम्पति छ कि छैन ?

क) छ ख) छैन

६. तपाईको नांउमा कस्तो सम्पति छ । छ भने कति छ ?

...................................................................

७. तपाईको नाउमा भएको सम्पतिको भोग चलन गर्न सक्नु हुन्छ कि हुदैन् ?

क) सक्छु ख) सक्दिन

८. तपाईको आफ्नी निजी सम्पत्ति (दाइजो वा पेवा) केही छ ?

क) छ ख) छैन

१०. त्यो सम्पत्ति के मा खर्च गर्नुहुन्छ ?

.................................................................

११. सो सम्पति आफुखुसी प्रयोग गर्नु हुन्छ की अरुलाई सोध्नुपर्दछ

क) माइती ख) घरका सदस्यले ग) आफ्नै कमाई

७. सो सम्पत्ति तपाई आफूसुखी प्रयोग गर्नुहुन्छ कि अरुलाई सोध्नुपर्दछ ?

क) आफूखुशी ख) अरुलाई सोध्नुपर्ने

८. आर्थिक लेनदेन जस्ता कार्यमा घरायसी सरसल्लाह हुन्छ कि हुँदैन ?

क) हुन्छ ख) हुँदैन

९. तपाईलाई घरमा केही नयाँ सामान किन्न मन लाग्यो भने आफै निर्णय गर्नुहुन्छ कि कसैलाई सोध्नुपर्दछ ?

..........................................................................................

१० सोध्नुपर्दा विशेष गरेर कसलाई सोध्नुपर्दछ ?

क) श्रीमान ख) सासु/ससुरा

११ घरका पशुपंक्षि किनबेच गर्दा कसले गर्ने गर्दछ र बेचेको आम्दानी कसले राख्दछ ?

क) श्रीमान ख) सासु/ससुराले ग) आफैले

१२ घरको

**ख) पारिवारिक तथा सामाजिक**

१. घरायसी निर्णय गर्ने बेलामा तपाईलाई संलग्न गराइन्छ कि गराइँदैन ?

क) गराइन्छ ख) गराइँदैन ।

२. गराइन्छ भने कस्ता-कस्ता घरायसी निर्णय गर्ने बेलामा गराइन्छ ?

..........................................................................................

३. गराइँदैन भने किन गराइँदैन ?

....................................................................................

४. नगराउँदा तपाईलाई कस्तो लाग्छ ?

....................................................................................

५. घरको काम को-को मिलेर गर्नुहुन्छ ?

...................................................................................

६. तपाई कुनै सामाजिक संघसंसथामा आवद्ध हुनुहुन्छ ?

क) छु ख) छैन

७) छ भने कस्तो प्रकारको संघ संस्था हो ?

....................................................................................

८) कुनै सामाजिक भेला, सङ्गठनमा जानु भएको छ ?

क) छ ख) छैन

९. घरसललाह अनुसार जाने गर्नुभएको छ कि आफू खुशी ?

..................................................................................

ग.अन्य

१. तपफईले कुनै राजनैतिक पार्टीको सदस्यता लिनु भएको छ ?

क) छ ख) छैन

२. छ भने के फाइदा हुन्छ भनेर लिनु भएको हो ?

...............................................................

३. तपाईले भोट हाल्नु भयो ?

............................................................

४. कसले भनेर हाल्नु भयो ?

क) आफैले जानेर ख) अरुले भनेर

५. महिला विकास कार्यक्रमहरुमा भाग लिनु भएको छ ?

क) छ ख) छैन

६. छोरीलाई पैतृक सम्पत्तिमा छोरा सरह अधिकार दिनुपर्छ ?

क) पर्छ ख) पर्दैन

७. पर्छ भने किन /पर्दैन भने किन ?

......................................................................

८. तपाईहरुले कुन कुन चाडपर्व मान्नुहुन्छ ?

..............................................................

९. चाडपर्वमा कसको भूमिका बढी हुन्छ ?

क) महिला ख) पुरुष ग) दुबै जनाको

**सहयोगको लागि धन्यावद !**

## परिशिष्ट -दुई

## अन्तर्वाताका क्रममा खिचिएका फोटोहरु









## परिशिष्ट -तीन

**दराई परिवारमा सम्पति माथि महिलाको स्वामित्व एवं निर्णय भूमिका**

**मुख्य सूचनादाताको नामावली**

१) राजेन्द्र दराई

२) लक्ष्मी अधिकारी

३) नारायण गौतम

४) शोभा दराई

५) सोमलाल दराई

६) हर्क बहादुर गुरुङ्ग

७) सरस्वती थापा

८) राम आले